# साप्ताहिक

• वर्ष १४ • अंक १४ • काठमाडौं, शुक्रबार, साउन ३१, २०६५ • SAPTAHIK • Nepali National Weekly • Friday, Aug 15, 2008 • पृष्ठ २४ • मूल्य रु. ८/-

# जीवनशैलीमा हाइटेक प्रभाव



रोजिन शाक्य

कुनै बेला कुखुराको भाले बासेपछि प्रारम्भ हुने बिहानी आजभोलि घडीको घन्टीसँगै ब्युँझन्छ। भजन मण्डलमा बित्ने बिहानी आजभोलि कानमा आइपोडको हेड फोन राखेर मर्निङ वाकको नाममा बित्छ। चिठीको माध्यमबाट सम्पर्कमा रहने टाढा रहेका आफन्त हिजोआज मोबाइल फोन र इन्टरनेटको माध्यमबाट नजिकिन्छन्। गर्मीमा शीतलताको अनुभूति गर्न रुखको छहारीमुनि बस्नेहरूभन्दा वातानुकूलित कोठामा आराम गर्न रुचाउनेहरूको समूह बढ्दो छ। यस्ता उदाहरण बग्रेल्ती छन्, जसले हाम्रो जीवनशैली दिनहुँ हाइटेक बन्दै गएको कुरालाई संकेत गर्छ। रेडियोबाट टेलिभिजन हुँदै कम्प्युटरको युगसम्म आइपुग्दा फ्ल्याट्रोन, एलसिडी प्लाज्मा स्क्रिन र ल्यापटपले चर्चा पाएको छ।

हटमेल, याहु मेल प्रयोग गर्नेहरूभन्दा जिमेल, हाइफाइभ र फेसबुकप्रति आकर्षित हुनेहरूको भीड बढ्दो छ। घरमै बसेर भिसीआरमा चलचित्र हेर्नेहरूले भिसिडी हुँदै डिभिडी र होम थिएटरमा डल्बी डिजिटल साउन्डको आनन्द लिन थालेको पाइन्छ। थर्ड जेनरेसन मोबाइल फोनमा रमाउनेहरू फोर्थ जेनरेसनको मोबाइल फोनको प्रतीक्षामा देखिन्छन्। वाकमेन तथा डिस्कमेनमा झुम्मिनेहरूका लागि अब एमपिथ्री पनि पुरानो भएको छ। अहिले जमाना एमपीफोर र आइपोडको छ। आज युग गेगावाइट, मेगापिक्सेल, ब्रोड ब्यान्डबाट निस्केर अझ सम्पन्न, गतिशील र सुलभ बन्ने प्रयासमा छ।

बिहान उठेदेखि बेलुकी ओछ्यानमा जाँदासम्म एक क्षण पनि त्यस्तो छैन, जसमा प्रविधिको प्रयोग नभएको होस्। किचन होस् वा अफिस, बाटो होस् वा खेल मैदान, बजार होस् वा अस्पताल, यस्तो कुनै ठाउँ र क्षेत्र बचेको छैन जसमा प्रविधिको प्रभाव नपरेको होस्। मानव जीवनसित प्रत्यक्ष-अप्रत्यक्ष सम्बन्ध राख्ने हरेक कुरामा प्रविधि हावी हुँदै गएको देखिन्छ।

प्रतिस्पर्धात्मक जीवनको व्यस्ततासँगै व्यक्तिले आफ्ना सम्पूर्ण जिम्मेबारी पनि विस्तारै प्रविधिलाई नै सुम्पन थालेको अनुभव हुन्छ। स्वयं आफ्ना लागि समय निकाल्न कठिन भएको आजको व्यस्त जीवनमा प्रविधिको विकासले धेरै समस्या समाधान गरेको पनि देखिन्छ। प्रविधि व्यक्तिको व्यस्ततालाई सुनियोजित गर्ने मात्र नभएर एक्लोपनको साथी हुँदै, उसलाई आवश्यक पर्ने कुराको स्मरण गराउने साधनदेखि लिएर आराम, सहजता र भरोसाको माध्यम पनि बन्न पुगेको छ।

ग्लोबलाइजेसनको प्रभावबाट हाम्रो जीवनमा आएको परिवर्तन आफैंमा आश्चर्यजनक पनि छ। दुई दशकअघिसम्म पनि जुन कुराका बारेमा हामी अनभिज्ञ थियौं, आज ती सबै हाम्रा जीवनका अनिवार्य अंग बन्न पुगेका छन्। एक दशकअघि पनि जुन कुरालाई मात्र उच्चवर्गको पहुँचको मानिन्थ्यो आज तीमध्ये कतिपय कुरा आम जनजीवनको दैनिक उपयोगमै आइसकेको देखिन्छ। एक दशकअघि पनि जुन सुविधाहरू ग्रामीण इलाकामा पुग्न सम्भव थिएनन्, आज तिनले दुर्गम स्थानको जीवन शैलीलाई प्रभावित गरेको देखिन्छ।

सामाजिक परिवर्तनको जुन कार्यलाई समय-समयमा भएका आन्दोलनले पूर्णता दिन सकेका थिएनन्, आज प्रविधिको विकासले त्यसलाई धेरै हदसम्म सम्भव तुल्याएको छ। उमेर, वर्ग, लिङ्ग, जाति तथा

बाँकी पृष्ठ ३ मा




# भोलिदेखि गाईजात्रे कार्यक्रम

साप्ताहिक समाचार

काठमाडौं– अहिले नेपाली हास्यकलाकारलाई भ्याई-नभ्याई छ। एकातिर टेलिभिजनबाट प्रसारण भैरहेका आफ्नै टेलिश्रृंखला निर्माणको चटारो अनि अर्कातिर यसै साता प्रारम्भ हुने गाईजात्रे हास्य-व्यंग्यात्मक कार्यक्रमको तयारी। हास्यकलाकारहरू अहिलेको समयलाई आफ्नो 'दसैं' भन्न पनि छुटाउँदैनन्। वर्षभरिमा सबैभन्दा व्यस्त हुने यो साता हास्यकलाकारहरूका लागि आफ्नो कला प्रदर्शन गर्ने उत्कृष्ट समय त हो नै, साथै राम्रो आम्दानी गर्ने अवसर पनि !

गाईजात्राको अवसर पारेर हास्यकलाकार दमन रूपाखेतीको नेतृत्वमा एउटा रमाइलो कार्यक्रम प्रदर्शनीमार्गस्थित राष्ट्रिय सभागृहमा आयोजित हुँदैछ। रूपाखेतीले गत शुक्रबार राजधानीमा पत्रकार सम्मेलनको आयोजना गरेर कार्यक्रममा समावेश हुने विषयवस्तुका बारेमा जानकारी दिए। उनले गाईजात्रे कार्यक्रमको शीर्षक 'झ्याइँकुटी गाईजात्रा महोत्सव' राखेका छन्। उनको कार्यक्रममा खेम शर्मा, सुरेन्द्र केसी, पल्पसा डंगोल, चेतन सापकोटा, सूरवीर पण्डित, श्रीप्रसाद थापा, लय संग्रौला, नारद खतिवडा, खरी समूहका शेखर खनाल-शिवशंकर रिजाल तथा विष्णु सापकोटाले दर्शकलाई हँसाउने जिम्मा लिएका छन्। कार्यक्रममा पवनकली माम्पी घोषले उद्घोषण गर्ने तय भएको छ। कार्यक्रममा रूपाखेतीले तीनवटा प्रहसन प्रस्तुत गर्नेछन्। काठमाडौं मिडियाले आयोजना गर्न लागेको यो कार्यक्रममा संगीतकार चेतन सापकोटाले प्यारोडी गीत गाउनेछन्। यो कार्यक्रम एक सातासम्म चल्नेछ।



'जीरे-खुर्सानी', 'तीतो-सत्य' तथा 'मेरी बास्सै' का लोकप्रिय हास्यकलाकारको सहभागितामा प्रज्ञा-प्रतिष्ठानमा 'तीते-जिरे गाईजात्रा साथमा मेरिबास्सै' शीर्षकको रमाइलो कार्यक्रम हुँदैछ। दीपकराज गिरी, दीपाश्री निरौला, गोपाल नेपाल फिस्टे, जितु नेपाल, शिवहरि पौडेल, सीताराम कट्टेल, केदार घिमिरे, कुञ्जना घिमिरे, सविता गुरुङ, किरण केसी लगायत दुई दर्जनभन्दा बढी कलाकारको सहभागिता रहने यो कार्यक्रम भोलि शनिबारदेखि भदौ ८ गतेसम्म सञ्चालन हुनेछ।

'हामी अहिले गाईजात्रा कार्यक्रममा प्रस्तुत गर्ने सामग्रीको रिहर्सलमा व्यस्त छौं,' हास्यकलाकार जितु नेपालले *साप्ताहिक*सँग भने– 'दर्शकहरूले सकेसम्म बढी मनोरञ्जन प्राप्त गरून् भन्ने हाम्रो उद्देश्य हो।' कार्यक्रममा 'जीरे खुर्सानी' का तर्फबाट जितु नेपाल, शिवहरि वैरागी, देवीप्रसाद तथा नीरज नेपालले 'गणतान्त्रिक महायज्ञ' शीर्षकको प्रहसन देखाउने छन् भने किरण केसी, शिवहरि पौडेल, मनोज आचार्य, सविता गुरुङ तथा उत्तम कोदेको समूहले 'नयाँ नेपाल' शीर्षकको प्रहसन देखाउनेछ।

'तीतो-सत्य' समूहले पनि गाईजात्राका लागि दुईवटा प्रहसन तयार पारेको छ। दीपकराज गिरी, दीपाश्री निरौला, निर्मल शर्मा, गोपाल नेपाल फिस्टे, रमेश अधिकारी, राजन थापा तथा कमल गाउँलेले अभिनय गर्ने प्रहसनमा विदेश जानका लागि नभइनहुने भिसाका विषयमा व्यंग्य प्रहार गरिएको छ। यही समूहका रवि डंगोल, पूर्ण थापा, गोपाल अधिकारी आदिले भने संविधानसभामा आधारित प्रहसन तयार पारेका छन्। यसैगरी यो गाईजात्रामा मेरी बास्सै समूहका कलाकारहरूले पनि दुईवटा प्रहसन प्रदर्शन गर्नेछन्।

## क्यासेट

### चुनौती



गायक रामभक्त जोजिजूद्वारा स्वरबद्ध आधुनिक गीतहरूको संग्रह 'चुनौती' बजारमा आएको छ। म्युजिक नेपालले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत सुन्न सकिन्छ। गायक जोजिजूको पाँचौं एकल गीतिसंग्रहका रूपमा तयार पारिएको यो संग्रहका गीतहरूमा आलोकश्री, शिलाबहादुर मोक्तान, राम थापा, रत्नबहादुर, दमन दीपबिम, दीप श्रेष्ठ, चन्द्रराज शर्मा तथा शुभबहादुरको संगीत छ। क्षेत्रप्रताप अधिकारी, रत्नशमशेर थापा, माधव घिमिरे, यादव खरेल, कालीप्रसाद रिजाल तथा ईश्वर वल्लभले संग्रहका गीतहरू रचना गरेका हुन्।

### डिस्कभरी

गायिका शोभा बर्माको एकल स्वरमा सजिएको गीतिसंग्रह 'डिस्कभरी' श्रोतामाझ आएको छ। म्युजिक डटकमले बजारमा ल्याएको यो संग्रहमा आठवटा गीत सुन्न सकिन्छ। सोहन मानन्धर, बुद्ध सायमी, विक्रम थापा, लक्ष्मण शेष, हरिशरण सायमीको संगीतमा तयार पारिएका संग्रहका गीतका रचनाकार सोहन मानन्धर, विश्वमणि सुवेदी, प्रभा आचार्य, अरुण तिवारी, घनश्याम खतिवडा, युवराज गौतम आदि हुन्।

## ग्यालरी

• जापानको ताकिकावास्थित ग्यालरी चौताराको निमन्त्रणामा नेपाली कलाकारहरू गजेन्द्रमान श्रेष्ठ, रत्नकाजी शाक्य तथा सुषमा राजभण्डारी आफ्ना कलाकृतिसहित गत सोमबार त्यसतर्फ प्रस्थान गरेका छन्। 'युनिक स्ट्रोक्स' शीर्षकको सामूहिक चित्रकला प्रदर्शनीमा सहभागी हुन उनीहरू त्यसतर्फ प्रस्थान गरेका हुन्। प्रदर्शनीमा नेपालका जात्रा, संस्कृति, हिमाल तथा सांस्कृतिक सम्पदा झल्कने ४५ मूर्त तथा अमूर्त चित्रकलाहरू समावेश गरिनेछ। कार्यक्रमअनुसार आगामी बुधबारसम्म ती चित्रकलाको प्रदर्शनी गरिनेछ भने भदौ ६ देखि ८ गतेसम्म स्थानीय पब्लिक ग्यालरीमा स्थानीय चित्रकारहरूसूग कार्यशाला हुनेछ।

• काठमाडौंको हेरिटेज प्लाजास्थित ग्यालरी ३२ मा दुई जना नेपाली कलाकारका चित्रकला प्रदर्शनी सञ्चालन भैरहेको छ। प्रदर्शनीमा प्रोमिना श्रेष्ठ तथा रनेन्द्र बी. मालीले तयार पारेका चित्रहरू प्रदर्शन भैरहेका छन्। प्रदर्शित चित्रमा कलाकारले डिजिटल प्रविधिको समेत सहयोग लिएका छन्। 'अ डोएट अफ फेन्टासिज' शीर्षक राखिएको उक्त प्रदर्शनी आगामी भदौ २२ गतेसम्म चल्नेछ।

## रंगमञ्च

• आगामी भदौ ९ गते देखि १८ गतेसम्म राजधानीको रसियन कल्चर सेन्टरमा नाटक 'कथान्तर' मञ्चन हुने भएको छ। जगदीश घिमिरद्वारा लिखित उक्त नाटक नाट्य संस्था शिल्पीका कलाकारहरूले मञ्चन गर्न लागेका हुन्। राजन खतिवडाले निर्देशन गर्ने उक्त नाटकमा कविता आले, घिमिरे युवराज, विभूषण बस्नेत, दीप क्षेत्री आदि कलाकारले अभिनय गर्नेछन्। नाटकले राजनैतिक घटनाक्रमका साथै पारिवारिक विषयसमेत समेट्नेछ।

• नेपालका ग्रामीण भेकमा विद्यमान असुरक्षित गर्भपतन तथा त्यसले महिलाको स्वास्थ्यमा पार्ने प्रभावका बारेमा जनचेतना जगाउने उद्देश्यले तनहूको दमौलीमा एउटा सडकनाटक मञ्चन गरिएको छ। गाउँघरमा गर्भपतनसम्बन्धी चेतनाको कमी भएकाले असुरक्षित गर्भपतनको घट्ना बढ्न थालेपछि सुरक्षित मातृत्व सञ्जाल महासंघ, दमौलीले गर्भपतनसम्बन्धी सर्वसाधारणलाई जानकारी दिने उद्देश्यले 'बल्ल थाहा पायौं' शीर्षकको सडक नाटक मञ्चन गरेको हो। नाटकले नौलो विषयमा रोचक ढंगले जानकारी दिने भएपछि सडक नाटक हेर्न ठूलै जनसमुदाय भेला भएको थियो। नाटकमा स्थानीय कलाकारहरूले अभिनय गरेका थिए।

## पुस्तक

### शिशिरमा फुलेको गुराँस

नेपालको राष्ट्रिय फूल गुराँस वसन्त ऋतुमा फुल्छ। शिशिरमा गुराँस फुल्नु भनेको प्रकृतिको नियम विपरीत हो। यही कुरालाई प्रतीकात्मक रूपमा प्रयोग गरेर नेपालको राजनीतिमा देखिएका विसंगतिहरू केलाउँदै युवराज संग्रौलाले एउटा उपन्यास लेखेका छन्, 'शिशिरमा फुलेको गुराँस'। प्रस्तुत कृतिमा लेखकले राजनीति, जीवनदर्शन, महिला उत्पीडन, शोषण, दमन, वर्गीयता र सामाजिक विसंगति आदिका सम्बन्धमा आफ्नै किसिमको बहस चलाएका छन्। यस्तो बहसमा रुचिराख्ने पाठकहरूले यो उपन्यासमा आफ्ना लागि ठाउँ खोज्न सक्छन्। मिडएड नेपालले प्रकाशित गरेको ४ सय ७६ पृष्ठको यो कृतिको मुल्य ३ सय रुपैयाँ छ।



# तपाईंको यो साता

ज्यो. पं. ओजराज उपाध्याय लोहनी



### मेष

साता राम्रो छ। पराक्रम बढ्नेछ भने मान-सम्मान पनि पाउनुहोला। अरूको सहयोग हासिल हुनेछ। सहयोगीहरूको विश्वास जित्न सकिनेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। अध्ययनमा सफलता हात पर्नेछ। व्यवसाय सफल रहनेछ। बुधबार तथा बिहीबार स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने एवं चिन्ता बढ्ने योग छ।

### सिंह

शत्रु एवं रिस बढ्नुका साथै काममा अवरोध आउने देखिन्छ। कुरा काट्नेहरू सक्रिय रहनेछन्। समयमा निर्णय गर्न नसक्दा हात परेको काम पनि फुत्कन सक्छ। आइतबार तथा सोमबार प्रसन्नता बढ्ने, व्यवसायमा लाभ मिल्ने तथा यात्रा गर्ने अवसर जुट्नेछ। अध्ययनमा पाइने सफलता यथावत् रहनेछ। मान-सम्मान पनि पाउनुहोला।

### धनु

बोलीको प्रभाव एवं पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आफन्तहरूको सहयोगमा सम्मान प्राप्त हुनेछ भने भाग्यले साथ दिनेछ। व्यवसायमा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ। सोच्ने शक्ति प्रबल हुनेछ। ठूला व्यक्ति समेत आफ्नो पक्षमा रहनेछन्। घर-जग्गाको बन्दोबस्त हुन सक्छ।

### वृष

धार्मिक कार्यमा रुचि एवं पराक्रम बढ्नेछ भने भाग्यले साथ दिनेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। मान-सम्मान पनि पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ। व्यवसायमा सफलता हात पर्नेछ। यात्रा हुनसक्छ। नयाँ घर-जग्गाको बन्दोबस्त हुन सक्छ। स्वास्थ्यको ख्याल गर्नुहोला।

### कन्या

सोच्ने शक्ति तथा पराक्रम बढ्नेछ। अधुरा काम पूरा हुनेछन्। व्यवसायमा लाभ हुनुका साथै यात्रा गर्ने अवसर जुट्नेछ। शत्रु सक्रिय रहने हुँदा सजग रहनुहोला। विवाद बढ्नेछ, बोल्दा होस गर्नुपर्ने बेला छ। झूटा आरोप लाग्ने हुँदा कसैप्रति विश्वास गरिहाल्नु उचित हुँदैन। आफन्तहरूको सहयोग निरन्तर रहनेछ।

### मकर

साता राम्रो छ। काममा सफलता मिल्नुका साथै भाग्यले साथ दिनेछ। भोजभेतर एवं सभा-सम्मेलनमा सहभागिता जनाउन पाइनेछ। बौद्धिकता एवं पराक्रम बढ्नेछ भने भेटघाटमा रमाउने अवसर जुट्नेछ। काममा सफलता हासिल हुनेछ। स्वास्थ्यको ख्याल गर्नुपर्ने बेला छ।

### मिथुन

काम गर्ने उत्साह देखिंदैन। दुविधा बढ्नेछ। अरूबाट हुने आलोचनाबाट चिन्तित हुनुपर्ला। समयमा निर्णय नहुँदा काम बिग्रन सक्छ। आइतबारदेखि धार्मिक कार्यमा रुचि बढ्ने, काममा सुधार आउने तथा मान-सम्मान मिल्ने देखिन्छ। व्यवसायमा सफलता हासिल हुनेछ। रमाइलो यात्रा हुनसक्छ। घरेलु समस्याप्रति सजग रहनुहोला।

### तुला

आफन्तहरूको सहयोग मिल्नेछ। धन आर्जन गर्ने अवसर जुट्नेछ। पराक्रमको तीव्रता कायमै रहनेछ। अध्ययनमा लाभ हासिल हुनेछ। व्यवसायमा सफलता पाइनेछ भने यात्रा हुनसक्छ। शत्रुबाट सजग रहनुहोला। मान-सम्मान पाइने योग कायमै रहनुका साथै कीर्तिमान कायम गर्ने अवसर प्राप्त हुनेछ।

### कुम्भ

खर्च तथा विवादका साथै चिन्ता एवं आलस्यता बढ्ने योग छ। आफ्नै कमजोरीले काम बिग्रन सक्छ। आइतबारदेखि मान-सम्मान मिल्नेछ भने भोज-भतेरमा सामेल हुने अवसर जुट्नेछ। बोलीको प्रभाव बढ्नेछ। व्यवसायमा सफलता हात पर्नेछ। धन आर्जन पनि हुन सक्छ। आफन्तहरूले सहयोग गर्नेछन्। अध्ययनमा सफलता प्राप्त होला।

### कर्कट

मन प्रसन्न रहनुका साथै व्यवसायमा सफलता मिल्नेछ। यात्रा गर्ने अवसर जुट्नेछ भने पराक्रम बढ्नेछ। अधुरा काम बन्ने तथा नयाँ काम पाइने योग छ। आइतबारदेखि स्वास्थ्य गडबड रहने, काममा अवरोध आउने तथा चिन्ता बढ्ने योग छ। विवाद तथा चिन्ताले सताउन सक्छ भने धनमाल हराउन सक्छ। सफलताका लागि गोपनियता अपनाउनुहोला।

### वृश्चिक

पराक्रम बढ्नेछ भने अधुरा काम पूरा हुँदै जानेछन्। नयाँ काम पनि पाउनुहोला। भाग्य बलियो छ। व्यवसायबाट लाभ हासिल हुनेछ। भेटघाटमा प्रसन्नता बढ्नुका साथै आफन्तहरूको सहयोग जुट्नेछ। अध्ययनमा सफलता मिल्नेछ। धन आर्जन पनि हुनसक्छ। कुरा काट्नेहरू प्रशंसा गर्न थाल्नेछन्। भरोसा गर्नेहरू प्रशस्तै होलान्।

### मीन

मान सम्मान पाउनुहोला। धन आर्जन गर्ने अवसर जुट्नेछ भने पराक्रम बढ्नेछ। शत्रु पराजित हुनेछन्। आफन्तहरूको सहयोग पाउन अझै प्रतिक्षा गर्नुपर्ला। अध्ययनमा रुचि बढ्नेछ। धर्ममा मन जानेछ भने यात्रा हुन सक्छ। आइतबार तथा सोमबार खर्च, विवाद एवं चिन्ता बढ्ने योग छ। स्वास्थ्यको ख्याल गर्नुहोला।

### यो साताको पञ्चाङ्ग

साउन ३२ गते : रक्षाबन्धन, ललितपुर कुम्भेश्वर मेला, चन्द्रग्रहण, भदौ १ गते : गाईजात्रा, मुलुकी ऐन दिवस, २ गते : रोपाइँजात्रा।



## साता संक्षेप

**साउन २४ गते शुक्रबार**

• बाजुराको ब्रमतोलाको बर्कानाभन्ने स्थानमा पहिरोले किचेर ९ जनाको मृत्यु, ६० चौपाया पनि मरे ।

• मन्त्रालय बाँडफाँडका विषयमा कुरा नमिलेपछि राष्ट्रपति डा. रामवरण यादवले माओवादीलाई दोस्रो पल्ट सरकारको नेतृत्व गर्न आह्वान गरेको समयसीमा समाप्त ।

**साउन २५ गते शनिबार**

• वाईसीएल कार्यकर्ताद्वारा सप्तरी भूमिसुधार कार्यालयका एक अधिकृतसहित २ कर्मचारीमाथि कुटपिट, कुटपिट गर्नेलाई प्रहरीले पक्राउ गरेको विरोधमा यातायात ठप्प ।

• अख्तियार अनुसन्धान आयोगको अधिकार बढाउन विज्ञहरूसँग परामर्श, राष्ट्रपति तथा उपराष्ट्रपतिबाहेक सबैलाई अख्तियारले अनुसन्धान गर्न पाउने गरी नयाँ संविधानमा व्यवस्था गर्न सुझाव ।

• पेट्रोलियम पदार्थको प्रतिब्यारेल ३० डलर मूल्य घट्यो, मूल्य घटेका कारण नेपालमा पेट्रोलियम पदार्थको आयात बढ्यो ।

**साउन २६ गते आइतबार**

• काठमाडौंको तापक्रम अस्वभाविक रूपमा उच्च, ३५ वर्षयता अगस्ट महिनामा तापक्रमले रेकर्ड तोड्यो, काठमाडौंको तापक्रम साढे ३२ डिग्री मापन ।

• बेइजिङमा भैरहेको ओलम्पिक खेलको समापन समारोहमा नेपालका राष्ट्रपतिलाई चीनका राष्ट्रपतिद्वारा नेपाली राजदूतावासमार्फत पुन: बोलावट ।

**साउन २७ गते सोमबार**

• कार्बन हटाउन सहयोग गरेबापत विश्व बैंकद्वारा नेपाली वनलाई वार्षिक ५ अर्बसम्म दिने निर्णय ।

• रोजगार अनुमति केन्द्र (इपीएस) कोटाअन्तर्गत ५५ नेपाली कामदार कोरिया प्रस्थान, एक महिनाभित्र ९ सय नेपाली कोरिया पुग्ने ।

**साउन २८ गते मंगलबार**

• महँगीको मार दूधमा पनि, सहरमा आधा लिटर दूधको १७ रुपैयाँ भयो, किसानले एक लिटर दूधको ३० रुपैयाँ पाउने ।

• काठमाडौंमा जन्डिस र टाइफाइडका बिरामी बढे, होटल तथा रेस्टुराँका खाना मुख्य बाधक, केही समययता फैलिएको हैजा नियन्त्रणमा ।

• भोकमरीका कारण रोल्पामा भाँडाकुँडा बेचेर चामल किन्नेको लहर, कर्णाली तथा भेरीमा फैलिरहेको भोकमरीबाट बचाउन सांसदहरूद्वारा राष्ट्रसंघलाई आग्रह ।

**साउन २९ गते बुधबार**

• संयुक्त राष्ट्रसंघद्वारा कृषिप्रधान देश नेपाललाई भोकमरीपीडित देशको सूचीमा राख्यो, नेपालसहित १६ भोकमरीपीडित मूलकलाई खाद्यान्न सहायता सुरु ।

• रुकुममा खोलाले बगाउँदा ४ महिलाको मृत्यु, मृत्यु हुने महिलाहरू खोलामा नुहाउन गएका थिए ।

• मधेसी जनअधिकार फोरमका वरिष्ठ नेता सीतानन्दन रायको ७१ वर्षको उमेरमा निधन, राय फोरमका अनुशासन विभागका प्रमुख थिए ।

• खाडी मुलकमा ५० नेपाली युवती बिचल्लीमा परेको सरकारको अनुमान, उद्धारका उपायको खोजी गर्न सरकारी टोली खाडी मुलुकतर्फ प्रस्थान ।

• काठमाडौंका विभिन्न पाँचतारे होटल परिसरमा रहेका क्यासिनो (जुवाघर) मा एमाले निटक युथ फोर्स तथा माओवादीनिकट वाइसीएलबीच भिडन्त, १२ घाइते ।

# बोलबममा रुद्राक्षको फेसन



धरान- महिलाहरूको हात हरियो चुरा र मेहेन्दीले भरिएको यो साउन गेरुवस्त्रको पनि महिना हो । भगवान् शिवको प्रिय महिना साउनमा गेरुवस्त्रधारी तीर्थयात्रुहरूको लस्कर शैवमन्दिरहरूमा देखिन्छ । केही वर्षयता पहेंलो गेरुवस्त्रमा रुद्राक्षको माला लगाउने फेसन नै चलेको छ ।

धरानस्थित प्राचीन रुद्राक्षरण्य पिण्डेश्वर बाबाधाममा जल चढाउन आएकी विराटचोक, मोरङकी युवती सुजन लुइँटेलको घाँटीमा लामो रुद्राक्षको माला झुन्डिएको थियो । चतराबाट सप्तकोसी नदीको जल पिण्डेश्वर बाबाधाम ल्याई चढाउने सबै तीर्थयात्रीको घाँटीमा देखेकाले आफूले पनि रुद्राक्ष माला लगाएको उनले बताइन् । अरूको नक्कल गर्नुभएको हो ? 'हो, चलेको फेसनको सिको त गर्नैपर्‍यो नि,' -उनले जवाफ दिइन् । उनको समूहमा विराटचोकबाट आएका सबै ५० जनाले चतरामा किनेर रुद्राक्ष माला लाएको उनले बताइन् ।

मनोकांक्षा पूरा हुने आशामा शिवजीलाई पिण्डेश्वरमा जल चढाउन लाइन बसिरहेका चन्द्रगढी, झापाका युवक माने राजवंशीको घाँटीमा तीनवटा रुद्राक्षको माला थियो । राजवंशी भन्छन्- 'सबै बोलबम (पिण्डेश्वर बाबाधाममा जल चढाउने तीर्थ यात्री) को घाँटीमा देखेर मैले पनि आजै किनेर लगाएको ।' मधुवन, सुनसरीकी ५० वर्षीय तुलसा धमला आफूलाई शिवजीको भक्त बताउँछिन् । उनको घाँटीमा दुईवटा रुद्राक्षको माला थियो । धमला भन्छिन्- 'शिवजीको भक्त भएकीले भगवान्कै भेष धारण गर्न खोजेकी हुँ ।'

सुजन र मानेले फेसनका रूपमा रुद्राक्षको माला घाँटीमा भिरेको बताए । चलेको फेसन पछ्याइएन भने हिजोआज त पाखे भन्छन्, सुजन प्रस्ट्याउँछिन्- 'पाखे नबन्न रुद्राक्ष माला लगाएकी हुँ ।' फेसन पछ्याउने सुजन, माने र शिवभक्त तुलसा तीनै जनाले रुद्राक्षको महत्त्वका सम्बन्धमा भने अनभिज्ञता प्रकट गरे । पिण्डेश्वर बाबाधाम व्यवस्थापन समितिका सदस्य सुयोग पाख्रिन बोलबम मेलाका तीर्थयात्रीहरूमा रुद्राक्षको माला लगाउने फेसन नै चलेको बताउँछन् । सुयोग भन्छन्- 'दुई-तीन वर्षअघिसम्म यस्तो चलन फाट्टफुट्ट मात्र देखिन्थ्यो ।'

सप्तकोसीको जल पिण्डेश्वरमा चढाउने अधिकांश बोलबम तीर्थयात्रीले यसपालि रुद्राक्षको माला लगाएका थिए । नेपाल, भारत र भुटानबाट बर्सेनि करिब ३ लाख तीर्थयात्री पिण्डेश्वर बाबाधाम आउँछन् । बालबालिका, युवादेखि वृद्धवृद्धासम्ममा लोकप्रिय बन्दै गएकाले साउन महिनाको प्रत्येक आइतबार-सोमबार चतरा र धरानस्थित विजयपुरका झन्डै १ हजार व्यवसायी रुद्राक्ष बिक्रीमा सक्रिय छन् । वास्तुशास्त्रअनुसार प्रयोग गरे रुद्राक्षले मानिसलाई धेरै फाइदा पुर्‍याउने बताइन्छ । भोजपुरस्थित दिङ्ला, धरानको पिण्डेश्वर, भारतको आसाम तथा इन्डोनेसियामा फलेका रुद्राक्षको माग उच्च छ । १ देखि ३२ मुखेसम्मका एउटै रुद्राक्षको मूल्य दसौं लाखसम्म पर्ने व्यवसायीहरू बताउँछन् ।

**-राजु घिसिङ**

# जीवनशैलीमा हाइटेक प्रभाव

**पृष्ठ १ बाट जारी**

वर्णका विविध सामाजिक विभेदको खाल्टोलाई प्रविधिको विकास र प्रभावले पुर्दै लगेको अनुभव गर्न सकिन्छ ।

कल्पना गर्नुहोस्, प्रविधि यति विकसित नभएको भए, ती कामकाजी दम्पती जसलाई आफ्ना छोराछोरीलाई स्कुल छोडेर १० बजे अफिस पुग्ने अनि बेलुकी घर फर्किएपछि खाना बनाउने, छोराछोरीलाई गृहकार्य गराउने कामदेखि लिएर अन्य घरेलु काम सक्नुपर्ने हुन्छ, तिनको जीवन कस्तो होला ? अपार्टमेन्टको जीवनमा रमाउनेहरूका लागि दाउरा जलाएर, चुल्हो फुक्दै खाना बनाउन सम्भव हुन्थ्यो ?

यति मात्र होइन, नयाँ युगको मोड्युलर किचनले महिलाहरूलाई साइटिका, मोतियाविन्दु आदि रोगबाट पनि जोगाएको छ । विकसित प्रविधिकै कारण आज सहरी इलाकाका थोरै स्पेसमा पनि राम्रो जीवन सम्भव भएको छ । यदि रेफ्रिजरेटर सर्वसुलभ नभएको भए के एक दिनमा किनेका तरकारीबाट एक साताका लागि निश्चित हुन सकिन्थ्यो ? यदि यातायातका साधनहरू विकसित नभएका भए अहिलेको जीवनको कल्पना पनि सम्भव थिएन ।

प्रविधिका कारण सम्भव भएको सुरुचिपूर्ण प्रबन्धले घरमा मात्र नभएर कारोबार र ज्ञानको संसारलाई पनि धेरै माथि उठाएको छ । विगतका दिनमा अध्ययनप्रेमी व्यक्तिले आफ्नो इच्छा पूरा गर्न दर्जनौं पुस्तक र तिनलाई राख्न बुकसेल्फको व्यवस्था गर्नुपर्थ्यो । पुस्तकको महत्व यद्यपि आज पनि कम भएको छैन तर इन्टरनेटको माध्यमबाट ती सबै पत्रपत्रिका वा पुस्तक ती सबैका लागि सम्भव भएको देखिन्छ, जोसित तिनलाई राख्ने ठाउँ छैन, पढ्ने समय छैन वा जो तिनको पहुँचबाट टाढा छन् । कुनै पनि क्षेत्रमा घटेका घटना, ज्ञान-विज्ञान, विकास, मनोरञ्जन, राजनीति आदि विभिन्न विषयका सम्बन्धमा पुस्तक, पत्रपत्रिका वा साहित्यमार्फत् सबैतिर एक समयमा वा यथाशीघ्र पुग्न सम्भव छैन तर इन्टरनेटको माध्यमबाट यो सुलभ बनेको छ ।

एक-डेढ दशकअघिसम्म पनि सामान्य विषयमा कुनै जानकारी जुटाउन वा लेख्नका लागि अनेकौं पाना पल्टाउनुपर्थ्यो र पुस्तकालय धाउनुपर्थ्यो, जर्नल्सका कटिङ निकालेर सुरक्षित राख्नुपर्थ्यो । यसका बाबजुद पनि चाहिएको जानकारी निश्चित रूपमा प्राप्त हुन्छ भन्ने थिएन, तर आज इन्टरनेटको माध्यमबाट सर्च इन्जिन हुँदै आफ्ना खोजीका विषयमा पूर्ण र विस्तृत शोधपत्र नै तयार गर्न सकिने भएको छ । यसलाई ज्ञानको संसारमा विज्ञानबाट भएको चमत्कार मान्न सकिन्छ । विज्ञानको यही चमत्कारले आज व्यक्तिको व्यस्त दिनचर्यामा सबैभन्दा ठूलो परिवर्तन ल्याएको छ ।

घर बसेरै इन्टरनेटको माध्यमबाट बैंकिङ, सपिङ, म्यारिज, बिजनेस, फ्रेन्डसीप, एजुकेसन आदि थुप्रै कुरा सुलभ भएका छन् । यस्तो अवस्थामा पनि अरू केही चाहिन्छ र ? भन्ने प्रश्न उठ्नसक्छ, तर अझै पनि केही अपेक्षा जीवितै छन्, चाहनाहरू रित्तिएका छैनन् । यति धेरै सुविधाका अतिरिक्त पनि चाहना पूरा नहुनु मानवीय स्वभाव हो । सायद मानव सभ्यता र समाज विकास क्रमको रहस्य पनि यही हो ।

सुविधाका दृष्टिबाट प्रविधि लाभदायक भए पनि यसका नकारात्मक पक्षलाई पनि नकार्न सकिँदैन । प्रविधिको सबैभन्दा ठूलो खतरा भनेको व्यक्तिको नैसर्गिक क्षमता खोसिनु हो । यसले व्यक्तिलाई सुविधा प्रदान गरिरहेको छ तर शारीरिक श्रम गर्ने बानीलाई भने लगभग समाप्त गरिरहेको छ । काम गर्ने हातहरू आज प्राय: मेसिन निर्भर बन्न पुगेका छन् । शारीरिक एवं बौद्धिक विकासमा पनि प्रत्यक्ष-अप्रत्यक्ष यसको असर देखिन थालेको अनुभव हुन्छ । प्रविधिको जति सदुपयोग हुन्छ उति नै दुरुपयोग पनि भएको विभिन्न घटनाले प्रस्टचाएको छ ।

सचेत ढंगबाट यसको प्रयोगले जीवनलाई सरल, सहज र सुविधा सम्पन्न बनाउँछ भने गलत प्रयोगले दुर्घटना र संहारलाई निम्त्याउँछ । हाइटेक मोबाइल फोनबाट एसएमएसमार्फत हुने दुरुपयोग तथा इन्टरनेटको माध्यमबाट फैलँदै गएको साइवर अपराध र अश्लीलता यसका केही उदाहरण मात्र हुन् । अत: व्यक्ति आफैंले आफ्ना लागि बनाइएका यन्त्रहरूबाट आफैं यन्त्रसरह बन्नुपूर्व सचेत हुनुपर्छ ।


महिलाको विशेष चाड तीजको उपलक्ष्यमा
हार्दिक मंगलमय शुभकामना सहित विशेष छुटमा मिठाई तथा अन्य परिकार बिक्रि वितरण भइरहेको छ ।
बाग्मति स्वीट्स
गणेश मन्दिर पछाडि, त्रिपुरेश्वर, काठमाडौं ।

होटेल तालिम मोडर्नमा
Switzerland & UK बाट अनुभव प्राप्त गरी आउनुभएका प्रशिक्षक द्वारा पनि प्रशिक्षण दिईन्छ
Cook, Waiter, Waitress, Bakery, Barman, Captain, Front Office, House keeping (Room Boy), Supervisor, Care Giver, (इजरायल) Domestic Helper तथा सम्पूर्ण Hotel Management सम्बन्धि तालिम दिइन्छ ।
www.modernhoteltraining.com.np
Modern Management Modern Technology
MODERN HOTEL Training Center
महाराजगञ्ज बसुन्धरा पुल- Ktm
Ph:- 4363215, 2315801

उद्घोषण
Opening offer 30% Discount
RJ, VJ, MC, पत्रकारिता, FM/TV News Reading
आफ्नै Studio मा Practical गराउने, FM Studio visit, screen test सबै प्रशिक्षार्थीलाई FM मा बोल्ने अवसर दिइने
Rejoice Media Pvt. Ltd.
Maitighar (Way to Thapathali)
Tel : 01-4241371

होटल तालिम त्यो पनि छुटमा
नेपाल सरकारबाट स्वीकृत प्राप्त, पाँचतारेको प्रशिक्षक
2003 मा स्थापित Worldwide valid Certificate
COOK (1, 2, 3, 6 month) Continental, Italian, Chinese, Indian
WAITER (1, 2, 3 month) Barman, Bakery, Tandoori, Salesman, Receptionst, House Keeping, Diploma in Hotel Mgmt., F & B Mgmt., Coffee, Juice maker, Roomboy, Bellboy, House Wiring, Plumber etc. EPS मा कोरियन भाषाको तालिम
UK, Australia, Canada मा student visa मा जानेलाई Job Replacement, Airport Pickup, parttime & fulltime Job को लागि यहाँ सिप सिकेर जाऔं
३ महिने कुकमा FREE WAITER/ ENGLISH LANG. होस्टलको पनि व्यवस्था छ
६ महिने कुकमा FREE BARMAN/६ जनाको ग्रुपमा आउँदा १ जना FREE
थप Industrial Training लाई Star Hotel मा पठाइने
आफ्नै FIVE STAR STANDARD RESTAURANT भएको
जागिरको व्यवस्था स्वदेश र विदेशमा सहयोग गरिने ।
Student Visa मा जानेलाई Special Discount
Student Visa, Work Permit, PR, DV lottery मा जानेलाई विशेष तालिम
र्‍याडीसन होटल ट्रेनिङ्ग सेन्टर
बागबजार, पि.के.क्याम्पसपश्चिमको दोस्रो घर रत्नपार्क तर्फ
2200889, 016913003, 9841-891131
साहारा होटल तालिम सेन्टर
(Sahara School of Hospitality Mangement and Tourism Nepal)
नयाँ बानेश्वर, शिवदर्शन हल अगाडि, अंकुरकोट मार्ग
2040782, 016200757, 98510-93629
र्‍याडीसन होटल तालिम सेन्टर
नयाँ बानेश्वर, BICC पानी ट्याङ्कीको ठीक अगाडि
4464720, 9841-891131, 98510-93629

## कान्तिपुर समाचार डायरी

# आर्थिक वृद्धिदर ३ दशमलव ६ प्रतिशत

सन् २००७ मा विश्वको आर्थिक वृद्धिदर ३ दशमलव ६ प्रतिशत भएको विश्व बैङ्कले जनाएको छ। आर्थिक परिदृश्य २००८ मा विश्वको आर्थिक वृद्धिदर ३ दशमलव ३ प्रतिशत रहने अनुमान गरिएको छ। अमेरिकाको अर्थतन्त्रमा आएको मन्दीका कारण सन् २००७ देखि २००६ मा विश्व आर्थिक वृद्धिदर ३दशमलव ९ प्रतिशत थियो। विकसित मुलुकको आर्थिक वृद्धिदरमा कमी आएका कारण गत वर्ष आर्थिक वृद्धिमा कमी आएको हो। विकासोन्मुख मुलुकहरूको वृद्धिदर भने अघिल्ला दुई वर्ष ७ दशमलव ४ प्रतिशतको थियो। सन् २००८ मा १५ मुलुक रहेको युरो क्षेत्रको आर्थिक वृद्धिदर शून्य दशमलव ५ प्रतिशतभन्दा बढीले घटेर २ दशमलव १ प्रतिशत कायम हुने तर सन् २००९ मा यो वृद्धिदर बढेर २ दशमलव ४ प्रतिशत हुने विश्वास बैंकको अनुमान छ। सन् २००८ मा विकासशील मुलुकको वास्तविक कुल गार्हस्थ उत्पादन ७ दशमलव १ प्रतिशत र विकसित मुलुकको २ दशमलव २ प्रतिशत कायम रहने विश्व बैंकको प्रारम्भिक अनुमान छ। सन् २००८ मा भने युरोप तथा मध्य एसियाको ६ दशमलव १ प्रतिशत, मध्य पूर्व र उत्तर अफ्रिकाको ५ दशमलव ४ प्रतिशत, उपसहारा अफ्रिकाको ६ दशमलव ४ प्रतिशत आर्थिक वृद्धिदर रहने अनुमान बैङ्कको छ।

# पचहत्तर प्रतिशत नेपाली मलेरियाको जोखिममा

नेपालका ७५ प्रतिशत जनता मलेरिया (औलो) को जोमिमा रहेको स्वास्थ्य मन्त्रालय इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले जनाएको छ। मुलुकका ६५ जिल्लामा मलेरियाको खतरा कायम रहेको र तीमध्ये एक दर्जन उच्च जोखिममा भएको बताइन्छ। महाशाखाका अनुसार मलेरियाका दृष्टिले उच्च जोखिममा रहेका जिल्ला झापा, इलाम, मोरङ, महोत्तरी, धनुषा, सिन्धुली, काभ्रे, नवलपरासी, डडेलधुरा, कञ्चनपुर, कैलाली तथा बर्दिया छन्। जंगल, स्थानीय बासिन्दाको कमजोर रोग प्रतिरोधी क्षमता, मलेरियाका वेवास्ता, भूमण्डलीय तापक्रममा भएको वृद्धि तथा औद्योगिकरण र सहरीकरणलाई लामखुट्टेको टोकाइबाट सर्ने मलेरिया पुनरुत्थानको कारण मानिएको छ।

## हाम्रो नेपालमा

# मन्दिर परिसरमा सपरिवार आमरण अनसन

आजको भौतिकवादी युगमा समेत देउतालाई साक्षी राखी आफ्नो माग पूरा गराउने चलन बाँचेको छ भन्ने कुराको उदाहरण बनेका छन् वीरगन्ज-१३ निवासी ज्योतिलाल कलवार र उनको परीवार। कलवारले गत शनिबार बिहानदेखि वीरगन्जकै माईस्थान मन्दिर परिसरमा सपरिवार आमरण अनसनमा बसेर सबैको ध्यान खिचेका थिए। शनिबार बिहान सवा नौ बजे उनी पत्नी लालमुनीदेवी, छोरीहरू संगीतादेवी र सिन्धुकुमारी तथा बुहारी रागिनी देवीसहित अनसनमा बसेका थिए। साझेदारीमा गरिएको जग्गाको कारोबारीमा वीरगन्ज रानीघाटका शिवजी कलवारले आफूलाई दिनुपर्ने १ करोड १८ लाख रुपैयाँ नदिएको भन्दै कलवारसहित उनका परिवारका पाँच जना सदस्य आमरण अनसनमा बसेका हुन्। प्रहरीले ज्योतिलाल र उनकी पत्नी लालमुनिलाई शनिबार बिहान करिब ११ बजे नियन्त्रणमा लिएको थियो। मन्दिर परिसरमा अनसन नबस्न अनुरोध गर्दा पनि नमानेकाले नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ।

दिउँसो करीब साँढे १२ बजे प्रहरी प्रहरीले ज्योतिलाल र उनकी पत्नीलाई छाडि दिएपछि उनीहरू फेरि अनशन स्थलमा आई अनसन सुरु गरेका थिए। ज्योतिलाल र उनका जग्गा कारोबारका साझेदार शिवजी कलवारबीचको आरोप-प्रत्यारोपको समाचार वीरगन्जका स्थानीय पत्रपत्रिकामा दुई सातादेखि छाएको छ। यसै प्रकरणमा ज्योतिलालले दुई पटक र शिवजी कलवारले एक पटक पत्रकार सम्मेलन गरी आ-आफ्नो भनाइ राखिसकेका छन्। शिवजी कलवारले भने ज्योतिलाललाई आफूले एक पैसा पनि दिनुपर्ने बाँकी रकम नरहेको बताउँदै उल्टै आफूले ज्योतीलालसँग ३ लाख ५५ हजार ५१ रुपैयाँ लिन बाँकी रहेको बताउँदै आएका छन्। आमरण अनसनमा बस्नुअघि ज्योतिलालले घरबाटै बाजागाजासहित मन्दिरमा आई गहवा माईको दर्शन गरेका थिए।

**–शंकर आचार्य**

# १४ वर्षपछि फेरि विद्यालयमा

संखुवासभा जिल्लाको मकालु गाविसमा माध्यमिक विद्यालय सञ्चालन भएपछि १४ वर्ष पहिले विद्यालय छाडेकाहरू पुनः पढ्न थालेका छन्। गत वर्ष मकालु गाविस वडा नं. ६ सेदुवाको हेमान्द्री नि.मा.वि. प्रस्तावित मा.वि. भएपछि १०-१५ वर्ष पहिले विद्यालय छाडेका एक दर्जनभन्दा बढी भर्ना भएर नियमित पढ्न थालेका हुन्। मकालु गाविस वडा नं. ७ मुलगाउँका लोकमणि जैरुले ०५० सालमा ८ कक्षा उत्तीर्ण गरेका थिए। गाउँमा त्यसभन्दा माथि पढ्न पाउने अवसर थिएन। टाढा गएर पढाउन सक्ने परिवारको आर्थिक हैसियत नभएपछि उनले विवाह गरेर गाउँमै खेतीपातीको काममा लागेका थिए। गाउँमा मा.वि. स्थापना भएपछि उनले आफ्नो पढ्ने धोकोलाई माया मार्न सकेनन् र भर्ना भए ९ कक्षामा। अहिले उनी १० कक्षाका विद्यार्थी हुन्। ३२ वर्षका जैरुकी जेठी छोरी मनीषा पनि सोही विद्यालयमा कक्षा ४ मा पढ्छिन्।

लोकमणि जस्तै सुकुमान राई पनि १० कक्षाका विद्यार्थी हुन्। उनले ०५२



सालमा आठ कक्षा उत्तीर्ण गरेका थिए। कम्तीमा एसएलसीसम्म पढ्ने लक्ष्य थियो, गाउँमा स्कुल थिएन, बाहिर गएर पढ्न सकिएन- राई भन्छन्। अब छोराछोरीसँगै भए पनि एसएलसी त पास गर्छु उनी आफ्ना धोको सुनाउँछन्। अर्का ९ कक्षाका विद्यार्थी राईमान राई बुढेस कालमै भए पनि एसएलसी त पास गर्न मन लागेकाले पुनः विद्यालय भर्ना भएको बताउँछन्। २४ वर्षका राई सिजनमा ट्रेकिङ जान्छन् र पढाइ खर्च जुटाउँछन्।

विद्यायलयले पनि पहिले नि.मा.वि. स्तरको शिक्षा पाएका तर त्योभन्दा माथि पढ्न नसकेकाहरूलाई पुनः विद्यालय भर्ना हुन प्रोत्साहित गरिरहेको छ। ७-८ पढेकाहरू सबैलाई भर्नाका लागि अनुरोध गरिएको विद्यालयका प्रधानाध्यापक नेत्रप्रसाद खनाल बताउँछन्।

विद्यालय छाडेको वर्षौंपछि पढ्न जाँदा केही असजिलो भने उनीहरूलाई महसुस भएको छ। धेरैको विवाह भैसकेको छ। बालबच्चा पढाउने बेला आफैं पढ्न गाह्रो भएको जैरु बताउँछन्। स्थानीय मकालु प्रा.वि.मा पियनसमेत रहेका जैरु मुस्किलले सातामा दुई दिन कक्षा लिने गरेको बताउँछन्। नियमित कक्षा नलिएको भनेरै दलित छात्रवृत्ति पनि आफूलाई नदिइएको उनी दुखेसो गर्छन्। अर्का विद्यार्थी राईमान पनि उमेर नमिल्ने साना भाइबहिनीसँग पढ्न अलि अप्ठ्यारो लाग्ने अनुभव सुनाउँछन्।

**–राजधन कुलुङ**

# सुमधुर सम्बन्धका लागि नमोबुद्ध यात्रा

साउन महिनाको बुधबार काठमाडौं उपत्यकाका चार डाँडामा रहेका तीर्थस्थलहरूको यात्रा गर्ने परम्परा छ। यो अवधिमा सहयात्रा गर्नाले सम्बन्ध मजबुत एवं सुमधुर रहने जनविश्वास छ। तिथिअनुसार साउन २२ गतेदेखि सुरु भएको भगवान् यात्राको पहिलो बुधबार नमोबुद्धमा भक्तजनहरूको ठूलो घुइँचो लाग्यो। भगवान् बुद्धले समेत दर्शन र प्रदक्षिणा गर्नुभएकाले नमोबुद्ध भनिएको यो ठाउँलाई विभिन्न सम्प्रदायले पवित्र मान्छन्। काभ्रे जिल्लाको श्यामपाटी गाविसअन्तर्गत हिरण्यगिरी शिखरमा नमोबुद्धको स्तूप छ। यो स्तूपमा भगवान् बुद्धको अवतार राजकुमार महासत्वको अस्तु धातु गाडिएको छ।



६ हजार वर्षपहिले राजकुमार महासत्व घुम्दै जाँदा एक सुत्केरी बघिनी र तिनका पाँच डमरुलाई खान नपाई मरणासन्न अवस्थामा देखे। दयालु राजकुमारले ती बघिनी र डमरुहरूले खान नपाए ज्यान गुमाउन सक्ने देखेर आफ्नै शरीरको मासु काटेर ख्वाएको कुरा स्वयम्भू पुराणमा उल्लेख छ। आफ्नो शरीरको मासु सकिएपछि राजकुमारले प्राणत्याग गरे। तिनै राजकुमारको अस्तु धातु राखिएको स्तूपलाई आजसम्म पनि नमोबुद्धका रूपमा पूजा गरिन्छ।

नमोबुद्धको दर्शन गर्नाले मोक्ष प्राप्त गर्ने विश्वास गरिन्छ। त्यो दिन त्यहाँ मृतकहरूको चिरशान्तिका लागि दीप प्रज्वलन गर्नेहरूको निकै घुइँचो लाग्छ। स्तूपसँगै रहेको घरमा मृतकका तस्बिरहरू झुन्ड्याइएको हेर्न सकिन्छ।

कथामा उल्लेख गरिएको बघिनीको गुफा, स्तूपबाट १० मिनेटको पैदल दूरीमा छ। हाल त्यहाँ बघिनी र डमरुलाई राजकुमार महासत्वले आफ्नो शरीर काटेर मासु खान दिइरहेको ढुङ्गाका मूर्तिहरू राखिएका छन्। यो क्षेत्रबाट काभ्रे जिल्लाका मनोरम स्थलहरू अवलोकन गर्न सकिन्छ।

अहिले नमोबुद्ध क्षेत्रलाई बौद्ध शिक्षा अध्ययन केन्द्रका रूपमा विकास गर्ने प्रयत्न भैरहेको छ। त्यहाँ रहेका एक दर्जन गुम्बामा ५ सय भिक्षु-भिक्षुणीहरू बौद्ध एवं पाली भाषासम्बन्धी शिक्षा हासिल गरिरहेका छन्। स्तूपभन्दा १ सय मिटर तल स्तूपमा मुहान रहेको सिद्धिजल धारा बग्छ। उक्त धाराको जलले स्नान गरे पञ्च इन्द्रीय आवरण शुद्ध हुने कुरा स्तूपका पुजारी बताउँछन्।

स्तूपको पश्चिम भित्तामा रहेको प्वालबाट भक्तिभावपूर्वक अवलोकन गरे सुख-शान्ति प्राप्त हुने विश्वास गरिन्छ। स्तूप चारैतिर नौवटा साना चैत्यले घेरिएको छ। त्यहाँ वनभोजका लागि काठमाडौंबाट पनि थुप्रै मानिस आउने गरेका छन्।

नमोबुद्ध क्षेत्र पुग्न धुलिखेलबाट आधा-आधा घन्टामा नियमित बस सेवा सञ्चालित छ। साउनको बुधबार नमोबुद्धपछि साँखुको बज्रयोगिनी, काठमाडौंको स्वयम्भू तथा बुङमतीको मत्स्येन्द्रनाथको दर्शन गर्ने चलन छ।

**–रविना राचलिका**

50 Models wanted
Marketing officer Female
Salary + Commission
For Detail log on
www.photogenicnepal.com
PO box 9757, UTL 2320422

+2/SLC १ वर्षमै
१ वर्षमै + २ पास गर्न चाहनुहुन्छ ?
७, ८, ९, १०, पास नगरी SLC दिन चाहनुहुन्छ ?
Maths/Science नपढी SLC पास गर्न चाहनुहुन्छ ?
SLC/+2 मा ५ वटा विषय पढे पुग्ने।
जागिरे गृहिणीहरूले घरमै बसी पढ्न सक्ने।
TU/HSEB/KU तथा विश्वभर मान्यताप्राप्त।
Nepali/English भाषामा परीक्षा दिन सकिने।
अन्तिम भर्ना विशेष छुटमा
पाथ-फाईन्डर पुतलीसडक चोक, काठमाडौं 2005077

इजरायल
(केयर गिभर)
हिब्रू भाषा, नसिङ्ग, हाउस किपिङ्ग आदि तालीम
निशुल्क अंग्रेजी भाषा
साथै निशुल्क परामर्श सेवा पनि दिइन्छ।
सम्पर्क
सक्सेस इन्ष्टिच्यूट
चावाहिल, काठमाण्डौ
फोन ४४६२०८१



# किन गर्ने पत्रकारिता तथा आमसञ्चारको अध्ययन ?

एसएलसी उत्तीर्ण भएर कक्षा ११ मा भर्ना हुने विद्यार्थीहरूका लागि पत्रकारिता तथा आमसञ्चारजस्तो प्राविधिक एवं व्यावसायिक विषयमा पनि भर्नाका लागि क्याम्पसहरूले विद्यार्थीहरूलाई आकर्षित गरिरहेका छन् । अहिले प्रत्रकारिता तथा आमसञ्चारको अध्ययनप्रति विद्यार्थीहरू पनि विशेष रूपले आकर्षित हुन थालेका छन् । धमाधम खुल्दै गएका एफएम, रेडियो तथा टेलिभिजन मात्र होइन, छापा माध्यमका साथै द्रुत फस्टाउँदै गएको अनलाइन पत्रकारितामा सञ्चारकर्मी बन्ने रहर पालेका विद्यार्थीहरू पत्रकारिता एवं आमसञ्चारको अध्ययनमा आकर्षित हुने गरेका छन् ।



सूचना प्रविधि तथा मल्टिमिडियाको प्रयोगले यस क्षेत्रमा सजिलै क्यारियर विकास गर्न सकिने र नामका साथै दाम पनि कमाइने भएकाले यो विषयको अध्ययनप्रति आकर्षण बढेको पत्रकारिताका शिक्षक कमल पौडेल बताउँछन् । अर्का शिक्षक सरोज ढकालको अनुभवमा पत्रकारिताको सम्भावना विभिन्न संघसंस्थाको स्थापना, वित्तीय कारोबार, औद्योगिक विकास तथा समयको परिवर्तनसँगै राष्ट्रिय तथा अन्तराष्ट्रिय रूपमा व्यापक हुँदै गएको छ । यस्ता क्षेत्रमा कम्युनिकेसन अफिसर, मिडिया एडभाइजर, पब्लिक रिलेसन अफिसर, फ्रन्ट डेस्क अफिसर, मिडिया इन्टरप्रेटरका रूपमा कार्य गर्ने जनशक्तिदेखि लिएर रेडियो, टेलिभिजन, अनलाइन जर्नालिज्म तथा भिडियो श्रव्यदृश्य छायांकन एवं सम्पादनको क्षेत्रमा समेत दक्ष प्राविधिक जनशक्तिको माग रहँदै आएको छ ।

२०४६ पछि नेपाली प्रेस उद्योगका रूपमा फस्टाउँदै गएपछि र ५० को दशकमा एकपछि अर्को सामुदायिक एवं व्यावसायिक एफएम रेडियो स्टेसन, स्वतन्त्र स्याटलाइट टेलिभिजन प्रसारण संस्थाहरू खुल्न थालेपछि आमसञ्चार तथा पत्रकारिताको अध्ययनलाई महत्त्वका साथ हेर्न थालियो । जनआन्दोलन-२ को सफलतापछि स्याटलाइट टेलिभिजन खुल्ने तथा जिल्ला-जिल्लामा एफएम रेडियो स्थापना हुने लहर नै चलेको छ । अहिले टेलिभिजन, एफएम रेडियो तथा नयाँ दैनिक तथा साप्ताहिक छापा माध्यमका अतिरिक्त अनलाइन जर्नालिज्म गर्ने इन्टरनेट वेबसाइटहरूको विकास हुँदै गएपछि पत्रकारिताले व्यावसायिक रूपमा फस्टाउने अवसरसमेत पाएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा रोजगारीको क्षेत्र, प्रतिस्पर्धा र सम्भावना बढ्दै गएकाले नयाँ पुस्तामा आमसञ्चार तथा पत्रकारिताको अध्ययनप्रति आकर्षण बढ्दो छ ।

सानोठिमीस्थित उच्चशिक्षा परिषद्का अनुसार हाल आमसञ्चार तथा मास कम्युनिकेसन अध्ययन-अध्ययापन हुने कलेजको संख्या १ सय ५० नाघिसकेको छ । काठमाडौं उपत्यकाभित्र मात्र करिब एक सयवटा कलेजले आमसञ्चार तथा कम्युनिसकेसन अध्ययन-अध्ययापन गर्ने स्वीकृति पाएका छन् । ०६१ सालअघिसम्म आमसञ्चार तथा मासकम्युनिकेसन अध्ययन-अध्ययापन हुने कलेजको संख्या ३६ मात्र थियो । यसको केही समयअघिसम्म आमसञ्चार तथा मास कम्युनिकेसनको अध्ययन-अध्ययापन त्रिभुवन विश्वविद्यालयको प्रर्दशनीमार्गस्थित रत्नराज्य लक्ष्मी क्याम्पसमा मात्र सीमित थियो । उक्त क्याम्पसमा ०३३ देखि पत्रकारिताको अध्यापन थालिएको हो । ०५५ सालदेखि उच्च माध्यमिक तहको प्लस टुमा समेत पत्रकारिता तथा आमसञ्चार विषयको अध्ययन-अध्यापन हुन थालेको हो ।

**पाठ्यक्रम कस्तो छ ?**

उच्च मा.वि. तथा त्रिभुवन विश्वविद्यालयले विभिन्न तहमा अध्ययन-अध्यापन हुने आमसञ्चार तथा पत्रकारिताको पाठ्यक्रम तहको आवश्यकताअनुरूप तोकेको छ, जसमा प्लस टु तथा प्रमाणपत्र तहमा पत्रकारिताको आधारभूत ज्ञान र जानकारी आर्जन गर्ने २० अङ्क भारको प्रयोगात्मकसमेत गरी २ सय पूर्णाङ्कको पाठ्यक्रम राखिएको छ भने तीनवर्षे स्नातक तहमा समाचार संकलन, सम्पादन, अखबारको लेआउट डिजाइन, भाषा सम्पादनसम्बन्धी ज्ञान, प्रेस कानुन र आचारहिताको अध्ययन, विज्ञापन र पब्लिक रिलेसनसम्बन्धी अध्ययन, संकलन तथा सम्पादन, फिचर लेखन, पत्रकारिताका प्रयोगात्मक, सैद्धान्तिक र व्यवस्थापकीय अध्ययन, एसेसमेन्ट लेखन आदि विषय पढाइन्छन् । यसैगरी स्नातकोत्तर तहमा कम्युनिकेसन पोलिसी, कम्युनिकेसन एनालाइसिस एन्ड रिसर्च, कल्चरल कम्युनिकेसन, ग्लोबल कम्युनिकेसन पोलिसी, शोधपत्रको तयारजस्ता विषय समावेश गरिएको छ ।

पत्रकारिता अध्यापन हुने प्लस टु, स्नातक र स्नातकोत्तर गरी तीनै तहमा सैद्धान्तिक पक्षका साथै व्यावहारिक एवं प्रयोगात्मक अभ्यास गराइन्छ । यो विषयको अध्ययन अपेक्षाकृत सजिलो पनि छ, -शिक्षक सरोज ढकाल बताउँछन् । ढकाल भन्छन्- पत्रकारिता अध्ययन गर्ने विद्यार्थीले परीक्षामा जुनसुकै प्रश्नको उत्तर लेख्न पनि सिक्छन् । यसरी तीनै तहको व्यावहारिक अध्ययनबाट पत्रकारिता तथा मासकम्युनिकेसन सम्बन्धी सैद्धान्तिक एवं व्यावसायिक-व्यावहारिक पक्षको जानकारी एवं अनुभव बटुल्नुका साथै शोधपत्र र एसेसमेन्ट लेखनले विद्यार्थीहरूलाई थप बढी सक्षम र अनुभवी बनाउन विभिन्न विषयमा प्रोपोजल राइटिङ्ग, रिसर्च पेपर राइटिङ, वर्कसप पेपर राइटिङ, रिपोर्ट राइटिङ एवं डकुमेन्ट्रीका साथै विभिन्न विषयको स्क्रिप्ट राइटिङ गर्ने अनुभव समेत प्राप्त हुन्छ । यसले गर्दा मुलुकका प्रमुख आमसञ्चार-माध्यमहरू, विज्ञापन एजेन्सी, अन्तर्राष्ट्रिय गैरसरकारी संघ-संस्थाका कम्युनिकेसन अफिसर, मिडिया एडभाइजर, पब्लिक रिलेसन अफिसर, फ्रन्ट डेस्क अफिसर, मिडिया इन्टरप्रेटरका रूपमा कार्य गर्ने जनशक्तिदेखि लिएर रेडियो, टेलिभिजन, अनलाइन जर्नालिज्म तथा भिडियो श्रव्यदृश्य छायांकन एवं सम्पादनको क्षेत्रमा समेत दक्ष प्राविधिक जनशक्तिका रूपमा पत्रकारिता तथा आमसञ्चार विषय अध्ययन गरेका जनशक्तिहरू नै कार्य गर्छन् ।

**गुणस्तरको प्रश्न**

पत्रकारिता प्रयोगात्मक एवं व्यावसायिक विषय भएकाले यसको अध्ययनमा जहिले पनि गुणस्तर र दक्षता अभावको कुरा उठ्दै आएको छ । मुलुकमा अहिले आमसञ्चार-माध्यमहरूले खोजेजस्तो गुणस्तरीय जनशक्ति उत्पादन हुन नसकेको कटु अनुभव सर्वत्र गरिएको छ ।

शिक्षण संस्थाहरूमा प्रयोगात्मक अभ्यास गराइने शिक्षण सामग्री एवं विशेषज्ञ शिक्षकको अभावका कारण सीपमूलक एवं व्यावहारिक जनशक्ति उत्पादनमा समस्या देखिएको छ । यसैकारण उच्च मा.वि. र विश्वविद्यालयका तीनवटै तह उत्तीर्ण गरिसक्दा पनि अधिकांश विद्यार्थीले अडियो-भिडियो कार्यक्रम उत्पादन, दृश्य छायांकन तथा सम्पादन, ध्वनि रेकर्डिङ, वाइट संकलन, रेडियो सामग्री उत्पादन, अनलाइन जर्नालिज्मका लागि वेब पेज डिजाइन, सामग्री पोस्टरिङ, प्रोपोजल पेपर र स्क्रिप्ट राइटिङ आदिका बारेमा केही पनि जानेका हुँदैनन् ।

**कहाँ पढ्न सकिन्छ, शुल्क कति लाग्छ ?**

राजधानीमा पत्रकारिता अध्ययन-अध्यापन हुने सबैभन्दा पुरानो कलेज प्रर्दशनीमार्गस्थित रत्नराज्यलक्ष्मी क्याम्पस हो । यहाँ त्रिभुवन विश्वविद्यालयअन्तर्गत प्रमाणपत्र तहदेखि स्नातकोतर तहसम्मको अध्यापन हुन्छ । त्यसपछि स्नात्तकोतर तहसम्मको अध्यापन हुने कलेजमा कान्तिपुर सिटी कलेज हो, जहाँ पूर्वाञ्चल विश्वविद्यालयअर्न्तगत चार सेमेस्टरको कोर्स अध्यापन गराइन्छ । रत्नराज्यलक्ष्मी क्याम्पसमा स्नात्तकोतर तहमा प्रथम वर्षमा एक वर्षको ८ हजार शुल्क लाग्छ भने कान्तिपुर सिटी कलेजमा चार सेमेस्टर (दुई वर्ष) १ लाख २० हजार रुपैयासम्म खर्च लाग्छ । रत्नराज्यलक्ष्मी क्याम्पसको प्रमाणपत्र तहमा भर्ना शुल्कका अतिरिक्त मासिक १ सय ५० रुपैयाँ शुल्क लाग्छ भने स्नातक तहमा ४ सय रुपैयाँ लाग्छ ।

**-भोला महतो**

# नेपालमा पत्रकारिताको अध्ययन

रत्नराज्य लक्ष्मी क्याम्पस पत्रकारिता विषयमा अध्ययन गराउने नेपालकै जेठो क्याम्पस हो । जनआन्दोलन-२ पछि मानविकी क्याम्पस नामाकरण गरिएको यो क्याम्पसमा वि.सं. २०३३ सालदेखि पत्रकारिता विषयमा अध्यापन प्रारम्भ भएको हो । त्रिभुवन विश्वविद्यालय अन्तर्गतको यो क्याम्पसमा प्रवीणता प्रमाणपत्र तहदेखि स्नाकोत्तरसम्म पत्रकारिता पढ्न सकिन्छ ।

न्यून शुल्कमा प्रयोगात्मक अध्ययन गर्न सकिने यो क्याम्पसमा ०५८ सालदेखि स्नाकोत्तरसम्मको अध्यापन हुन थालेपछि पत्रकारितातर्फ विद्यार्थीहरूको आकर्षण वृद्धि भएको छ ।

त्रिभुवन तथा पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धन लिएर अरू क्याम्पसले पनि आमसञ्चार तथा पत्रकारिता विषयमा अध्ययन गराउँदै आएका छन् । त्रिभुवन विश्व-विद्यालयको सम्बन्धनमा निजी क्षेत्रका पिपुल्स र पशुपति बहुमुखी क्याम्पसमा पनि पत्रकारिता विषयमा पढाइ हुन्छ । त्यस्तै पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धन प्राप्त गरी कलेज अफ जर्नलिज्म एन्ड मास कम्युनिकेसन र कान्तिपुर सिटी कलेजले पनि



पत्रकारिता विषयमा अध्ययन गराउँदै आएका छन् । त्रिभुवन विश्वविद्यालय अन्तर्गतका तीनवटा क्याम्पसबाट स्नातकोत्तरसम्मको अध्ययन पूरा गर्न सकिन्छ । हाल नेपालका १ सय ७० उच्च माविमा पनि पत्रकारिताको पढाइ हुने गरेको छ । वि.सं. २०५८ सालमा उच्च शिक्षा परिषद्ले उच्च माध्यमिक विद्यालयका लागि पाठ्यक्रमसमेत निर्माण गरेको छ । सरकारले माध्यमिक तहमा पनि पत्रकारिता विषयको औपचारिक अध्यापन आरम्भ गरेको छ तर दक्ष शिक्षकको अभावमा थोरै विद्यालयले मात्र ऐच्छिक विषयको रूपमा पत्रकारिताको अध्ययन गराउँदै आएका छन् । नेपालका धेरै क्याम्पसमा पत्रकारितालाई कार्यमूलक विषयका रूपमा समावेश गरिएको छ तर ती क्याम्पसमा पत्रकारिताको प्रभावकारी अध्यापन भने हुँदैन । त्यस्तै विद्यार्थीहरूले पनि सो विषयमा उच्च अंक ल्याउन मात्र कार्यमूलक विषयका रूपमा पत्रकारितालाई रोज्ने गरेका छन् ।

पत्रकारिता अध्ययनका लागि निजी स्तरबाट सञ्चालित क्याम्पसको पढाइ निकै प्रभावकारी रहेको पाइन्छ । पूर्वाञ्चल विश्वविद्यालय अन्तर्गतका कलेजमा सेमेस्टर प्रणाली अन्तर्गत अध्ययन हुन्छ । पूर्वाञ्चल विश्वविद्यालयले सन् २००२ देखि यो विषय पढाउन थालेको हो । पूर्वाञ्चल विश्वविद्यालयको सम्बन्धनमा सञ्चलित कलेज अफ जर्नालिज्म एन्ड मास क्म्युनिकेसन, कान्तिपुर सिटी कलेज, सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजीमा सेमेस्टर प्रणाली अनुरूप पढाइ हुने गरेका छन् । सेफर्ड कलेज अफ मिडिया टेक्नोलोजी तथा कान्तिपुर सिटी कलेजमा स्नाकोत्तरसम्मको अध्यापन हुने गरेको छ ।

पूर्वाञ्चल विश्वविद्यालयले सेमेस्टर प्रणाली अनुसार तीन वर्षे ब्याचलर इन मिडिया टेक्नोलाजी, ब्याचरल इन मास कम्युनिकेसन एन्ड जर्नालिज्म विषयमा अध्ययन गराउँदै आएको छ । त्यस्तै त्रिभुवन विश्वविद्यालयले वार्षिक प्रणाली अनुसार ब्याचलर इन मास कम्युनिकेसन एन्ड जर्नालिज्मको पाठ्यक्रम लागू गरेको छ । त्यस्तै काठमाडौं युनिर्भसिटीले पनि सेमेस्टरअनुसार चारवर्षे ब्याचलर इन मिडिया स्टडिजको अध्यापन गराउँदै आएको छ ।

पत्रकारिता विषय अन्तर्गत प्रमाणपत्र तहमा आधारभूत पत्रकारिता, पत्रकारिता आचार संहिताजस्ता विषयहरूमा जानकारी गराइन्छ । स्नातकमा जर्नालिज्म रिपोर्टिङ, एडिटिङ, मास कम्युनिकेसन, रिसर्च मेथोडोलोजी, ब्रोडकास्ट, टेलिभिजन, रेडियो जर्नालिज्म, मिडिया रुल्स एन्ड रेगुलेसन, कम्प्युटर वेभ डिजाइन, रिजनल कन्फ्लिक्ट, मिडिया एन्ड सेक्युरिटी र स्नाकोत्तरमा प्रोजेक्ट वर्क तथा थेसिस तयार गराइन्छ ।

पत्रकारितातर्फ युवावर्गको आकर्षण बढ्दै जाँदा विभिन्न तालिम केन्द्रहरूमार्फत् पनि पत्रकारिताको अध्यापन गराइन्छ । नेपाल प्रेस इन्स्टिच्युट, ग्लोबल मिडिया सेन्टर, मिडिया प्वाइन्ट आदि तालिम केन्द्रबाट दक्ष पत्रकारको उत्पादन हुँदै आएका छन् । पत्रकारिता अन्तर्गत प्रसार पत्रकारिताका साथै उद्घोषण र फोटोग्राफी एवं फोटो पत्रकारिताको अध्ययन हुने नेसनल स्कुल अफ फोटोग्राफी एवं ग्लोबल मिडिया सेन्टरबाट तालिम लिन सकिन्छ ।

पत्रकारिता प्रयोगात्मक विषय भएकाले यसको अध्ययनपछि अवसरका थुप्रै बाटा खुला हुने हुँदा पनि युवापुस्ता पत्रकारिताप्रति आकर्षिक हुने गरेको छ ।

अध्ययनपछि मूल प्रवाहका माध्यममात्र होइन अर्न्तराष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्था, कूटनीतिक नियोग, संयुक्त राष्ट्रसंघीय मिसन, व्यापारिक प्रतिष्ठानमा समेत रोजगारीको अवसर पाइने गरेका छन् । त्यसो त पत्रकारिता अध्ययन गरेकामध्ये करिब ६० प्रतिशतले सञ्चार विज्ञ, जनसम्पर्क अधिकृत, सूचना अधिकारी एवं सञ्चार परामर्शदाताका रूपमा रोजगारी पाइरहेका छन् । त्यस्तै अध्ययन, अनुसन्धान र मनोरञ्जन उद्योगमा पनि थुप्रै अवसर छन् । हाल अनलाइन मिडिया विज्ञापन र फोटोग्राफरका रूपमा पनि स्वरोजगार बन्न सकिन्छ । पत्रकारिता अध्ययनमा सैद्धान्तिक एवं व्यावहारिक पक्षबीच आपसी सामञ्जस्यता नहुनाले अध्ययन गरिसकेका सम्पूर्ण विद्यार्थी पत्रकारिताका लागि दक्ष नहुन सक्छन् । त्यस्तै आधुनिक प्रविधिका सम्बन्धमा पर्याप्त ज्ञानको अभावमा पनि पत्रकारिता गर्न बाधा पुग्छ ।

**-शिव मुखिया**

# अवसर कहिल्यै समाप्त हुँदैन



केही दिनअघि बिल गेट्सले एउटा विद्यालयमा प्रवचन दिएका थिए। उक्त प्रवचनमा उनले विद्यार्थीहरूलाई विभिन्न ११ कुरामा ध्यान दिन आग्रह गरेका थिए। गेट्सले कसरी जीवनलाई अगाडि बढाउन सकिन्छ र वास्तविकताको नजिक आफूलाई पुऱ्याउन सकिन्छ भन्ने विषयमा बताएका थिए। बिल गेट्स केही समयअघिसम्म विश्वकै सबैभन्दा धनी व्यक्तिमा गनिन्थे। उनी माइक्रोसफ्ट कम्पनीका अध्यक्ष थिए, तर अहिले उनले त्यसबाट राजीनामा दिइसकेका छन्। अहिले उनी समाजसेवाका क्षेत्रमा बढी ध्यान दिन थालेका छन्। उनी सबैका प्रेरणाका स्रोत भएका छन्। यहाँ गेट्सले उल्लेख गरेका ती ११ सूत्र प्रस्तुत गरिएको छ।

१. जीवन सधैं राम्रो हुँदैन, तर यसको प्रयोग गर्न जान्नुपर्छ।

२. संसारले तपाईंको सम्मान गर्न चाहँदैन। आफूले राम्रो अनुभव गर्नुभन्दा पहिले केही कुरा हासिल गरेको देख्न चाहन्छ।

३. पढाइ पूरा गर्नासाथ प्रशस्त पैसा कमाउने आशा गर्नु हुँदैन। कुनै पनि कम्पनीमा प्रवेश गरेपछि अथवा जागिर खान थालेपछि मात्र आफूसँग गाडी अथवा फोनको सुविधा हुनेछ भन्ने कुरा दिमागमा राख्नुपर्छ। त्योभन्दा अघि यस्ता सुविधा खोज्नु राम्रो होइन।

४. यदि आफ्नो शिक्षक अथवा अन्य कुनै पनि ठूला व्यक्तिले उपभोग गरेको सुविधा देखेर रहर लाग्छ भने आफू पनि त्यस्तै बने पछि मात्र यस्ता सुविधा उपभोग गर्न सक्छु भन्ने कुरा मनमा राख्नुपर्छ र त्यो समयसम्म प्रतीक्षा गर्नुपर्छ।

५.आफूले उपभोग गरिरहेका सामग्री आफ्नो अभिभावकले आफूजस्तै उमेरमा कति उपभोग गर्न सकेका थिए, थाहा पाउने प्रयास गर्नुपर्छ। सायद उहाँहरूले यस्ता सुविधा उपभोग गर्नुभएको थिएन होला।

६. यदि तपाईं मिलनसार हुनुहुन्न भने यसमा तपाईंको बुबाआमाको कुनै दोष छैन। सामाजिक भावना नभएका कारण नै यो समस्या आएको हो भन्ने कुरा थाहा पाउनुहोस् र मिलनसार बन्ने प्रयास गर्नुहोस्।

७. आफ्ना लागि बुबाआमाले कति दुख गर्नुभएको छ भन्ने कुरा सधैं ख्याल राख्नुहोस्। तपाईंको फिस तिर्दा, कपडा किन्दा र अन्य कार्यका लागि भएको खर्चका कारण उहाँहरूमा परेको भारको आँकलन गर्नुहोस्। यसो हुँदा आफ्नो पढाइ र अन्य क्यारियरलाई अघि बढाउन मद्दत पुग्छ।

८. हार र जित भन्ने कुरा जीवनका अभिन्न अंग हुन्, तर पनि सकेसम्म हार्न कोही चाहँदैन। कोही विद्यार्थी विद्यालयमा फेल भएपछि पढाइ नै समाप्त गर्न चाहन्छन्, तर जिन्दगीको लक्ष्य सधैं सफलतातिर हुनुपर्छ। यद्यपि सफल नभए पनि निराश हुनुहुँदैन।

९. जिन्दगी पढाइजस्तो वर्ष वा सेमेस्टरमा बाँडिएको हुँदैन। यहाँ गर्मीको बिदा पनि पाइँदैन। त्यसैले सधैं आफ्नो कार्य गर्नुपर्छ। यसका लागि आफूमा सधैं आत्मविश्वासको भावना जगाउनुपर्छ।

१०. टेलिभिजन वास्तविक जीवन होइन। टेलिभिजनमा प्रस्तुत कुरालाई मात्र आधार बनाएर अघि बढ्नु हुँदैन।

११. अवसर कहिल्यै समाप्त हुदैन। यदि तपाईंले एउटा अवसर गुमाउनुभयो भने पनि अर्को अवसर अगाडि हाजिर हुन्छ, त्यसैले अवसरको उपयोग गर्न छोड्नु हुदैन।

# विद्यार्थीको गन्तव्य आइटेक मेला



हस्पिटालिटी एवं पर्यटनसम्बन्धी अध्ययन गर्न चाहने युवायुवतीका लागि काठमाडौंको भृकुटीमण्डपमा आयोजित 'आइटेक मेला' उपयुक्त गन्तव्य बन्यो। 'हस्पिटालिटी एन्ड टुरिज्म एजुकेसन एन्ड क्यारियर' नाम दिइएको उक्त शैक्षिक मेला सम्बन्धित क्षेत्रमा अध्ययन गर्न चाहने हजारौं विद्यार्थीले अवलोकन गरेका थिए। होटल ट्रेनिङ सेन्टर, एयर होस्टेज इन्स्टिच्युट, होटल म्यानेजमेन्ट कलेज, शैक्षिक परामर्श केन्द्रलगायतका ६० स्टल रहेको उक्त मेला साउन २४ गतेदेखि तीन दिनसम्म चलेको थियो।

आफ्नो क्यारियरप्रति सचेत युवायुवतीहरू मेलाबाट लाभान्वित भएको फर्च्युन कन्सल्टेन्सीकी भावना बज्राचार्यले बताइन्। 'विदेशमा पढ्न चाहनेहरूको बढी सहभागिता रह्यो,' भावनाले भनिन्। मेलामा पर्यटन, होटल म्यानेजमेन्ट, एयर होस्टेजदेखि पाइलटसम्मको अध्ययनका लागि सम्बन्धित शैक्षिक संस्थाले परामर्श दिएका थिए। नेपालमा मात्र नभै एएस, युके, अस्ट्रेलिया, फिलिपिन्स, क्यानाडा, सिंगापुर, डेनमार्क आदि मुलुकमा अध्ययनका लागि जान चाहने एवं तयारीमा रहेका विद्यार्थीहरूले मेलाबाट लाभ लिए।

मूलतः प्लस टुसम्मको अध्ययन सिध्याएका विद्यार्थीहरूप्रति लक्षित उक्त मेलामा शिक्षासँग सम्बन्धित स्टलका साथमा भर्जिन मोबाइल, वाइन, किचन तथा म्युजिकका स्टलहरूसमेत राखिएका थिए। ककटेल बनाउने प्रतियोगिताको समेत आकर्षण रहेको मेलामा वाइन पारखीहरूलाई पनि यस विषयमा विशेष जानकारी दिइएको थियो। नेपालमा बढ्दो हस्पिटालिटी र पर्यटन क्षेत्रको सम्भावनालाई मध्यनजर गर्दै यसको शिक्षामा नयाँ आयाम थप्न मेलाको आयोजना गरिएको मेला संयोजक सुरेश केसीले बताए।

– शिव मुखिया

# शैक्षिक योग्यतासँगै अनुभव पनि



**साप्ताहिक समाचार**

काठमाडौं- सूचना प्रविधि विषयमा स्नातक उत्तीर्ण धेरै विद्यार्थीले अध्ययनपश्चात् रोजगारी नपाइरहेको अवस्थालाई मध्यनजर गरेर लर्डबुद्ध एजुकेसन फाउन्डेसन तथा वर्ल्ड लिङ्क टेक्नोलोजीको सहकार्यमा नेपालमै पहिलो पटक 'इन्डस्ट्री इन्टिग्रेटेड आइटी प्रोगाम' सञ्चालन गरिने भएको छ। 'एकातर्फ आइटी इन्डस्टीले दक्ष जनशक्तिको खोजी गरिरहनुपर्ने अवस्था छ भने अर्कातर्फ अध्ययनपश्चात् जागिर नपाउने कारण आइटीप्रति नै विद्यार्थीको आकर्षण कम भैरहेको अवस्थामा विद्यार्थीलाई शैक्षिक योग्यतासँगै अनुभव पनि दिलाउन यो कार्यक्रम अघि सारेका हौं,' -लर्डबुद्ध एजुकेसन फाउन्डेसनका निर्देशक पंकज जालानले बताए।

भारतस्थित एमसीआरपीएस विश्वविद्यालयको सम्बन्धनमा कलेजले सञ्चालन गरिरहेको बीसीए (ब्याचलर अफ कम्प्युटर एप्लिकेसन) मा यो कार्यक्रम लागू गरिने बताइएको छ। आधुनिकीकरण र औद्योगिकीकरणको यो युगमा विकासका निम्ति सूचना प्रविधिको महत्त्व धेरै नै भए पनि औद्योगिक क्षेत्रका लागि आवश्यक पर्ने जनशक्ति विकसित हुन नसकिरहेको परिप्रेक्ष्यमा इन्डस्ट्री इन्टिग्रेटेड कार्यक्रम ल्याइएको निर्देशक जालानले बताए।

एक तथ्याङ्कअनुसार नेपालमा सूचना प्रविधिमा स्नातक ५ हजारभन्दा बढी जनशक्ति बेरोजगार छन्। यो जनशक्ति बेरोजगार हुनुको मुख्य कारण विश्वविद्यालयको शैक्षिक पाठ्यक्रममा त्रुटि भएकाले हो, जलानले भने- यसकारण बजारले खोजेजस्तो जनशक्ति तयार पार्नुपर्छ भनेर हामीले यो कार्यक्रम ल्याएका हौं। नेपाली सूचना प्रविधि उद्योगहरू दक्ष जनशक्तिको अभावमा धराशायी बन्दै गएकाले पनि विद्यार्थीको बेरोजगारीको समस्या र धराशायी बन्ने अवस्थामा पुगेका आइटी कम्पनीहरूको अवस्थामा सुधार ल्याउन इन्डस्ट्री इन्टिग्रेटेड आइटी प्रोगाम पुल बन्न सक्ने कम्प्युटर एसोसिएसन अफ नेपालका अध्यक्ष विप्लपमान सिंहले बताए।

बीसीए कार्यक्रमअन्तर्गतका विद्यार्थीहरूले दुईवर्षे बीसीए कार्यक्रमको अध्ययन पूरा गरेपछि तेस्रो वर्षको पहिलो ६ महिना वर्ल्ड लिङ्क टेक्नोलोजीमा निःशुल्क इन्टर्नसिप गर्ने मौका पाउने छन्। त्यस्तै दोस्रो ६ महिनाका लागि प्रतिविद्यार्थीले २ हजार ५ सय रुपैया मासिक पाउनेछन्। शैक्षिक कोर्स पूरा गरिसकेपछि पनि विद्यार्थीले सोही संस्थामा पेड इन्टर्नसिप गर्न पाउने कार्यक्रम सञ्चालकहरूले बताएका छन्।

सरकारी तवरबाट पहल नभएकै कारण निजी क्षेत्रका सूचना प्रविधि सम्बद्ध शैक्षिक संस्था तथा उद्योगले यस प्रकारको सहकार्य आफ्नै पहलमा गर्नुपरेको वर्ल्ड लिंक टेक्नोलोजीका प्रमुख कार्यकारी अधिकृत दिलीप अग्रवालले बताए। अग्रवालका अनुसार यो कार्यक्रमले आइटी एजुकेसनप्रति विद्यार्थीको आकर्षण पुनः बढ्नेछ।

केश
झर्न तुरुन्तै रोकी
Before
उमार्ने तेल
Rs. 750/- Herbal44
After
बेदाग गोरो मुहारको लागि
रूपअमृत + दस फेसवास-1600/-
चाउरीपना हटाउने Cream -1050/-
स्तन बढाउने Cream (दस फ्रि)-1650/-
ग्याष्ट्रिक ▶ ब्लडप्रेशर ▶ दम समाधान
शरीरको तौल + उचाई बढाउने
▶ सफल आयूर्वेदिक/प्राकृतिक उपचार ◀
शरीरको weight घटाउने Easyway
No Side effect 100% Guaranteed
आस्था हेल्थ केयर
काठमाडौं, गौशाला (द्वारिका होटल अगाडि)
Tel.: 4498929, 2110057
9845062538 Cell, इटहरी 025-580944

ENGLISH LANGUAGE TRAINING
छिटो अनि राम्रोसँग American Method मा सिकाइने १ मात्र English, Japanese, Spanish, Chinese, German तथा French Language Training सञ्चालन गरिँदैछ।
३ महिना भित्र राम्रोसँग बोल्न सक्ने बनाउने विश्वास दिलाउछौं।
BUD LANGUAGE INSTITUTE
जमल रानी पोखरी, विश्वज्योति हलसँगै
Tel :- 4249576

Learn to Speak English
20% for all of you
* 2 & 3 Months Packages
Hebrew (इजरायली)
Japanese (जापानी)
Korean/Chinese/French/Spanish/German/IELTS/Job /Visa/Interview Pre.
* 1 Months Special/Speaking Class
* Audio/Visual in American & British Tone
* Situational Conversation and Practices
* विदेश जाने, जान्दै नजान्नेलाई विशेष कक्षा
OASIS Language Centre
Galkopakha Thamel & Kalimati Chock
4359170, 2024700

# सजीवनको दाना पेलेर निकालेको तेलबाट गाडी चल्यो



पाल्पा– कतिले उनलाई जंगलको सजिवनको बियाँ संकलन गर्दा पागल पनि भने। कतिले त यो बौलायो कि क्या हो पनि भन्न हिचकिचाएनन्। तर, उनले आफ्नो अभियानलाई छोडेनन्। दुई-तीन महिनाको मेहनतलाई सफल पारेरै छोडे र आफ्नो उद्देश्यमा सफलता प्राप्त गरे। उनले जंगलको सजीवनमा फल्ने फलको बियाँलाई तोरी पेल्ने सामान्य मिलमा पेलेर तेल निकालेर गाडी चलाएर देखाए।

मदनपोखरा गाविसको जरेपीपलका केशव कार्कीले गाउँ-ठाउँमा फालिएका सजीवनका बियाँलाई संकलन गरेर गाडी चलाएका हुन्। गाडी नचल्दासम्म त कसैले पनि विश्वास गरेका थिएनन्। जब गाडी चल्यो अनि त सबै जना दंग परे। गाडी चलाएको हेरेपछि सबैको मनले भन्यो 'केशव कार्की हाई हाई, सजीवनको बियाँ जिन्दावाद।'

यस अघि भने उनले हाइब्रिड सजीवन (जेट्रोपा) बाट मात्र गाडी चलेको देखेका थिए, तर गाउँघरमा फलेको सजीवनले यसरी गाडी चल्ला भन्ने विश्वास नलाग्दा-नलाग्दै पनि परीक्षण गरिएको थियो। देशभर पेट्रोलियम पदार्थको चरम संकट परेको बेला कार्कीको यो प्रयासले पाल्पालि मात्र होइन, यस क्षेत्रका गाडीधनीहरूलाई खुसी तुल्याएको छ।

प्लान्ट मेसिन ल्याउन रकम अभाव भएपछि उनले विचार गर्न तोरी पेल्ने मिलमा लगेर तेल निकाले जस्तै तेल निकालेर ट्याक्टर चलाएर परीक्षण गरेका हुन्। यसको प्रशोधन गर्न प्लान्ट नभएकाले तोरी पेल्ने मिलमा पेलेर तेल निकालिएको कार्कीले बताए। 'धेरै अनुरोध गरेपछि मात्र तोरी पेल्ने मिलमा पेल्न पाएको हुँ,' कार्कीले भने– 'कतैबाट आर्थिक सहयोग पाए प्लान्ट नै राखेर प्रशोधन गरिनेछ।'

कार्कीले आफ्नै ट्याक्टरमा तानसेनका मिस्त्री शिवनारायण शाहको सहयोगमा सजीवनको बियाँबाट तोरी पेल्ने मिलमा पेलेको तेलबाट निकालेको तेल ट्र्याक्टरमा राखेर परीक्षण गरेका थिए। 'ट्र्याक्टरमा रहेको सबै तेल बाहिर निकालियो,' मिस्त्री शाहले भने– 'पूरै फिल्टरसमेत खाली गरेर तेल राखियो र स्टार्ट गरेको त अचम्मै भयो।' सबै डिजेल बाहिर फालेर सफा गरेपछि मात्र ट्र्याक्टरमा सजीवनको तेल राखिएको थियो।

ट्र्याक्टरमा रहेको पुरानो डिजलसहित फिल्टर समेतबाट तेल निकालेर ६ लिटर सजीवनको तेल राखी १० किलोमिटरको यात्रा खुसीयाली मनाउँदै हिंडाइएको थियो। 'तानसेन नै जाने सोच थियो तर तेल अहिले परीक्षण मात्र भएकाले थोरै भएर जान सकिएन,' कार्कीले भने– 'फेरि संकलन गरेर पेलिसकेपछि भने तानसेन-बुटवलसम्म जाने सोच छ।'

यो तेलबाट डिजेलको जस्तो पीरो गन्धसमेत नआएको गाडी चालकहरूले बताए। 'यसबाट निकै राम्रो धूपबत्तीको जस्तो बास्ना पो आउँदो रहेछ,' यसै वर्ष सजीवनको खेती सुरु गरेका मदनपोखराका ध्रुव भण्डारीले भने– 'वातावरणीय प्रदूषणसमेत कम हुने रहेछ।' उनको उत्साहबाट मदनपोखरा गाविसको बडेआप, मदनपोखरा, छाप, जरेपीपल, तेल्घा गाविसको सुनडाँडा, अर्गली, गुल्मीको बलेटक्सारमा पनि बिरुवा लगेर रोप्न थालिएको छ। 'बिरुवा रोपेकाहरू पनि उत्साहित छन्,' अर्का बिरुवा रोप्न सुरु गरेका मदनपोखरा छापका कुलबहादुर थापाले 'यसलाई चिन्न नसकेर पूरै फालिएको भए पनि अहिले राम्रो लाग्न थाल्यो।'

डिजेल बन्यो र गाडी चल्यो भन्ने थाहा पाएपछि स-साना बालबालिका पनि यसलाई संकलन गरेर बिक्री गर्न लागेका छन्। 'मैले पनि चार किलो बनाएको छु,' स्थानीय जगबहादुर सिंहले भने- 'यो बिक्छ र यसलाई प्रयोगमा ल्याउन सकिन्छ भन्ने के थाहा र ?'

रूपन्देहीको मणिग्रामस्थित वायो नेटवर्क संघसंस्थाको उत्साहमा कार्कीले पाल्पामा डिजेल प्लान्ट मानिएको जेट्रोवा हाइब्रिड सजीवनको बिरुवा भित्र्याएका हुन्। एउटा बोटबाट एक वर्षमै चार किलो चार-पाँच वर्षमा २० केजीसम्म फल पाइन्छ भन्ने कुरा कृषकलाई बुझाउन सकेकै कारण अहिले बिरुवाको माग बढेको उनले बताए।

**–माधव अर्याल**

## नयाँ प्रविधि

# इन्धन बचत गर्ने कम्बुष्टो

मोटरसाइकलमा प्रयोग हुने इन्धनको खपत कम गर्न नेपाली बजारमा कम्बुष्टो आएको छ। कम्बुष्टोले इन्धन खपत कम गर्ने मात्र होइन इन्धनबाट निस्कने प्रदूषणलाई पनि कम गर्छ। इन्जिन स्टार्ट हुँदा र चालू अवस्थामा रहँदा सबै पेट्रोल बलेको हुँदैन। त्यसको केही भाग त्यत्तिकै खेर गैरहेको हुन्छ। त्यसरी खेर जाने इन्धनलाई सूक्ष्म प्रविधिबाट पूर्ण प्रज्वलन गराई बचत गराउने जैविक उत्प्रेरक इन्धन नै कम्बुष्टो हो। कम्बुष्टोको प्रयोगले इन्जिनको कार्य दक्षतामा सुधार, परिचालन खर्चमा कटौती एवं प्रदूषणसमेत कम हुन्छ। कम्बुष्टोले इन्धनको पूर्ण खर्चमा ३० प्रतिशतसम्म बचत गर्छ।

कम्बुष्टोले इन्धन प्रज्वलनका क्रममा अक्सिजनको मात्रा बढाउँछ। जसले गर्दा इन्धन पूर्ण रूपमा बल्छ। जति इन्धन पूर्ण रूपमा बल्यो त्यति नै मात्रामा कार्बन मोनो-अक्साइड कम निस्कन्छ र प्रदूषणबाट बचाउँछ। सिलिन्डरमा बाँकी रहने अर्ध प्रज्वलन इन्धनलाई बल्न मद्दत गर्ने काम कम्बुष्टोको हो। सिलिन्डरमा जति कम अर्धप्रज्वलन पदार्थ भयो त्यति नै मात्रामा कालो धूवाँ र अन्य वस्तुहरूको उत्पादन घट्छ। कम्बुष्टोले प्रज्वलन नभई एकत्रित भएर रहेको इन्धनको समूहलाई टुक्र्याउने काम गर्छ। यसका साथमा कम्बुष्टोले इन्जिनमा उत्पन्न हुने इलेक्ट्रोस्टाटिक फोर्सलाई समेत ब्यालेन्स गर्छ जसले गर्दा इन्धनका अणुहरू एक-आपसमा जोडिएर ढिक्का बन्न पाउँदैनन् र पूर्ण प्रज्वलन प्राप्त हुन्छ।

नेपालमा कम्बुष्टोले प्रवेश पाएको धेरै समय नभएकाले उपभोक्ताहरू यसप्रति विश्वस्त भैसकेका छैनन्। कम्बुष्टोको प्रयोगले इन्जिनलाई हानि गर्दैन, किनभने कम्बुष्टोमा कुनै गह्रौं धातु छैन भनेर विज्ञान तथा सेवा विभाग थाइल्यान्डले समेत प्रमाणित गरिसकेको छ। कम्बुष्टो बिरुवाबाट नयाँ जैविक प्रविधिद्वारा उत्पादन गरिएको हुन्छ। यसले इलेक्ट्रोस्टाटिक ब्रेकिङ अपार्टको सिद्धान्त प्रयोग गरेको हुन्छ। यसबाहेक कम्बुष्टोको प्रयोग निकै सानो मात्रामा हुने भएकाले यसले मोटरसाइकललाई कुनै असर गर्दैन। कम्बुष्टो एक लिटर पेट्रोलमा एक थोपा प्रयोग गर्नुपर्छ। डिजेलका लागि भने ४ सय लिटरका लागि २५ एमएल कम्बुष्टो प्रयोग गर्नुपर्छ। त्यस्तै पेट्रोल गाडीका लागि १ सय १० लिटरका लागि २५ मिलिलिटर प्रयोग गर्नुपर्छ।

नेपालमा कम्बुष्टोको बिक्री वितरण आधिकारिक रूपमा एमएम ट्रेडिङले गरिरहेको छ भने बजारीकरण मास्टर माइन्ड्स इन्टरनेसनलले गरिरहेको छ। मास्टर माइन्ड्सले पेट्रोलमा कम्बुष्टो प्रयोग गर्दा कति फाइदा हुन्छ भन्ने कुरा प्रमाणित गर्न विभिन्न स्थानमा परीक्षण गर्ने कार्य गरिरहेको छ। केही समयअघि मात्र थापाथली इन्जिनियरिङ क्याम्पस, काठमाडौं विश्वविद्यायल र बजाज सर्भिस सेन्टर डिल्लीबजारमा दक्ष प्राविधिक तथा इन्जिनियरको उपस्थितिमा प्रदूषण जाँच गरिएको थियो। प्रदूषण जाँचका क्रममा विभिन्न कम्पनीका मोटरसाइकलमा कार्बन मोनोअक्साइडको मात्रालाई उल्लेखनीय रूपमा घटाएको पाइएको थियो। नेपाल सरकारको प्रदूषण जाँचपास मापदण्डअनुसार कार्बन मोनोअक्साइडको मात्रा तीन प्रतिशतभन्दा कम हुनुपर्छ। उक्त प्रयोगमा कार्बन मोनोअक्साइडको मात्रा कम गर्न कम्बुष्टोको प्रयोग ३० देखि ३७ प्रतिशतसम्म प्रभावकारी देखिएको थियो।

# प्राकृतिक प्रकोपमा मानव



प्रकोप भन्नासाथ एकै समयमा समाजका धेरै घर-परिवार बस्ती गाउँ-सहर नै प्रभावित पार्ने गरी हुने मानवसंहारकारी दुःखद घटनालाई सम्झिन्छ। यस किसिमका प्रकोपको असर कुनै एक व्यक्ति, परिवारमाथि नभएर समाजका अधिकांश क्षेत्रमा पर्न सक्छ। प्रकोप पर्नुअगाडिको अवस्थामा रोकथाम, असर कम गर्ने उपायहरू, पूर्वतयारी वा प्रकोपपछिको चरणमा उद्धार तथा राहत, पुनर्स्थापन, पुनर्निर्माण आदि गतिविधि सञ्चालन गर्नुपर्ने स्थिति आउँछ। यस्ता गतिविधिहरू एक-दुई जनाले गर्न सकिने कुरा पनि होइन।

गाउँघरमा किसिमका प्रकोपका खतरा छन् ? ती खतराहरू कुन समय र मौसममा घटना वा दुर्घटनामा परिणत हुने सम्भावना छ ? घटना वा दुर्घटनाको परिणाम कोमाथि वा कुन समुदाय वा बस्तीमा केन्द्रित हुने सम्भावना छ ? को वा कुन बस्ती बढी प्रभावित हुन सक्ला ? कुन-कुन भौतिक संरचनाको क्षति हुने सम्भावना छ ? जस्ता कुरामा सबै नागरिक सचेत रहनु आवश्यक हुन्छ। समस्या आएपछि क्षणिक उद्दार र राहतजस्ता कुरा गर्नुभन्दा पनि बेलैमा होसियारी अपनाएर अब यसै समयमा अरू ठाउँमा हुन सक्ने बाढी-पहिरोको अनुमान गर्नुका साथै त्यसले पार्न सक्ने गम्भीर असरको अनुमान गर्दै आवश्यक पूर्वतयारी अपनाउन प्रकोपको अवस्थामा हुन सक्ने सम्भावित क्षतिलाई विचार गरी त्यस स्थानमा रहेका मानवीय, भौतिक, आर्थिक स्रोतको पहिचान गर्नु उत्तिकै आवश्यक हुन्छ।

मानवीय क्षमताका रूपमा समाजमा रहेका स्वयंसेवी, डाक्टर, बुद्धिजीवी, परम्परागत ज्ञान र सीप भएका भुक्तभोगी अनुभवी उद्धारकर्ताहरू, भूतपूर्व सैनिक, दान र सेवाभाव भएका व्यक्तिहरू तथा अन्य प्राविधिक सीप भएका र प्रकोप व्यवस्थापनमा सहयोग दिन सक्ने अन्य व्यक्तिहरूलाई पनि मानवीय क्षमताका रूपमा लिन सकिन्छ। यिनै स्रोतलाई दक्षताका साथ परिचालन गर्न सके प्रकोपको असरलाई धेरै हदसम्म न्यूनीकरण गर्न सकिन्छ।

एउटै व्यक्तिले प्रकोपको सामना गर्नु वा त्यसको रोकथाम गर्न खोज्नु भनेको 'हुटिट्याउँले आकाश थाम्न खोज्नु' जस्तै हो। त्यसैले प्रकोपजस्तो कुरालाई पूर्वतयारी गर्ने कार्य सरकार, समुदाय, सर्वसाधारण सबैको सक्रिय सहभागितामा मात्र सम्भव हुन्छ। समाजका भुक्तभोगी, परम्परागत ज्ञान र सीपका धनी व्यक्तिहरू, सिपालु कालीगढ, भूतपूर्व सैनिकजस्ता व्यक्तिहरूसँग प्रकोपविरुद्ध लड्ने महत्त्वपूर्ण क्षमता हुन्छ। यसै गरी समाजमा प्रकोप व्यवस्थापनसम्बन्धी काम गर्दै आएका परम्परागत समूह संस्थाहरूको पनि सहभागिता हुनु उपयुक्त हुन्छ।

प्रकोप हुनसक्ने सम्भावित समुदाय, गाविस, जिल्लाका सम्बद्ध व्यक्ति वा पदाधिकारीहरू आ-आफ्नो ठाउँमा बसी खतरा, संकटाभिमुखता, जोखिम र क्षमताको पहिचान गर्दै उक्त प्रकोपहरूको रोकथाम, न्यूनीकरण, पूर्वतयारी, उद्धार, राहत, पुनर्स्थापन, पुनर्निर्माणजस्ता कार्यमा कहिले, कहाँ, कसले, कसरी, कतिजस्ता प्रश्नको जवाफ आउने गरी निर्धारित समयमा कार्य गर्न तयार गरिएको आवधिक कार्यक्रमको दस्तावेज नै वास्तवमा दैवीप्रकोप पूर्वतयारी योजना हो। यसरी तयार गरिएको दैवीप्रकोप योजनालाई वडा, गाउँ, जिल्ला, क्षेत्रस्तरीय तथा राष्ट्रिय गरी मोटामोटी रूपमा विभक्त गर्न सकिन्छ। योजनामा सरकारी तथा गैरसरकारी निकायको भूमिका र जिम्मेवारी किटानी गरिएको हुनुपर्छ।

प्रकोपको लगत्तै पीडितलाई गरिने मानवीय सेवा र सुरक्षालाई उद्धार सेवा भनिन्छ। साथै उपचार, खाना, लुगाफाटो, आवासजस्ता अति आवश्यक कुरालाई राहतका रूपमा लिन सकिन्छ। प्रकोप व्यवस्थापनका कार्यहरू गरे पनि कुनै न कुनै रूपमा प्राकृतिक घटनाहरू भैहाल्छन्। यदि कुनै समुदायमा प्रकोपको पूर्वतयारी तथा व्यवस्थापन कार्य पहिलेदेखि नै सञ्चालन भएको भए सोही टोलीले प्रकोपको उद्धार एवं राहत सेवा प्रदान गर्न सक्छ।

बाढी-पहिरोका घटनाले कति घरबारविहीन हुन पुग्छन्। आवास, बाटो, बिजुली, खानेपानी यस्ता अति आवश्यक कुरा पहिलेकै अवस्थामा ल्याउन बढी समय लाग्छ। त्यसकारणले भविष्यमा सोही खालको घटना भए पनि मानवीय र भौतिक क्षति अति नै न्यून हुने उपाय अपनाई पुनर्स्थापन र पुनर्निमाणका कार्यहरू गर्नु बुद्धिमानी ठहर्छ। यस चरणमा 'प्रकोपले विकासका अवसर प्रदान गर्छ', 'विकासले प्रकोपको खतरा बढाउँछ' भन्ने दुवै उक्तिलाई ध्यानमा राखेर कार्य गर्नुपर्छ। पहिरोपीडितलाई पुनः बस्ती बसाउँदा फेरि पनि पहिरो आउन सक्ने ठाउँबाट धेरै टाढा अर्थात् हरेक प्रकोपबाट सुरक्षित तवरले घर-बस्ती आदि भौतिक संरचनाको निर्माण गर्न सम्बद्ध सबैको ध्यान जानुपर्छ। वर्षौंदेखि प्रकोपसँग लुकामारी गर्दै आएका भुक्तभोगीहरूकै संलग्नता र सहभागितामा बाढीपहिरोको पूर्वतयारी गर्न ढिला नगरौं। यसबाट प्राकृतिक घटनाको रोकथाम गर्न नसकिए पनि यसबाट मानवमाथि हुन सक्ने प्रकोपको असर धेरै हदसम्म कम गर्न सकिन्छ।

**–सागर शर्मा**

## विज्ञान समाचार

# सावधान गराउने जुत्ता



ब्रिटेनका वैज्ञानिकहरूले लड्नुभन्दा अघि नै सावधान गराउने जुत्ता निर्माण गरेका छन्। यो जुत्ताको नाम आई शु राखिएको छ। जुत्ताको सोललाई हाइटेक बनाइएको छ, जहाँ धेरै प्रकारका कम्प्युटराइज्ड सेन्सर जडान गरिएको छ। यी सेन्सरले पैतालाको सन्तुलनलाई ख्याल गर्छन्। पैतालाको कुन भागमा बढी असर पर्छ भन्ने कुरा पत्ता लगाएर यसले खुट्टामा असर पुऱ्याउनुभन्दा पहिले नै मालिकलाई सावधान गराउँछ।

म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजीका वैज्ञानिकहरूले निर्माण गरेको यो जुत्ता खासगरी वृद्धहरूका लागि लाभदायक हुन्छ, तर पनि यो जुत्ता अझै प्रयोगकै क्रममा छ। प्रयोग पूर्ण रूपमा सफल भएमा चिकित्सकहरूले कमजोर खुट्टा भएका व्यक्तिहरूलाई यो जुत्ता लगाउन सिफारिस गर्ने र लगाउनका लागि तालिमसमेत दिनेछन्। एरेज लिवरम्यानको नेतृत्वमा यो जुत्ताको निर्माण गरिएको हो। उनीहरू अहिले ६० व्यक्तिमा यो जुत्ता परीक्षण गरिरहेका छन्। उनीहरूले मालिकलाई सावधान गराउन जुत्तामा एउटा अलार्म सिस्टमसमेत जोडिने बताएका छन्। वृद्ध व्यक्तिहरूको संगठन हेल्प द एजेडले यो कार्यको प्रशंसा गरेको छ। संसारमा हरेक ५ घण्टामा एक जनाको मृत्यु अचानक लड्नाले हुन्छ। यो जुत्ता बजारमा आए यस्ता दुर्घटनामा कमी आउने आशा वैज्ञानिकहरूको छ।

# यौनक्रियाले नै यौन असक्षमता घटाउने

जति धेरै यौनसम्पर्क गरिन्छ, मानिसमा नपुंशकताको दर पनि कम हुने तथ्य एउटा अध्ययनले देखाएको छ। फिनिस अनुसन्धनकर्ताहरूले गरेको यो अध्ययन-प्रतिवेदन अमेरिकन जर्नल अफ मेडिसिनमा प्रकाशित भएको छ। वैज्ञानिकहरूले ५५ देखि ७५ वर्षसम्मका ९ सय ८९ फिनिस पुरुषमा यो अध्ययन गरेका थिए। अनुसन्धानकर्ताहरूले सातामा एक पटकभन्दा कम यौनसम्पर्क गर्ने पुरुषहरूमा यौन असक्षमताको दर कमसेकम एक पटक यौनसम्पर्क गर्नेहरूभन्दा दोब्बर भएको पाए। एकपटकभन्दा कम यौनसम्पर्क गर्नेहरूमा प्रति १ हजारमा ७९ केस पाइए भने कमसेकम एकपटक गर्नेहरूमध्ये १६ जनामा मात्र यो केस पाइयो। यसबाट जति धेरै यौनसम्पर्क गऱ्यो, त्यसले यौनजीवनलाई उति नै फाइदा पुऱ्याएको देखियो। खासगरी उमेर ढल्कँदै गएका व्यक्तिहरूका लागि यो तथ्य अझ महत्त्वपूर्ण हुने कुरा पनि उनीहरूले बताएका छन्।

# कल्चरल सोमा पनि हस्तक्षेप

पोखरा- परम्परागत पहिरनमा सहभागी सुन्दरीहरू प्रतिस्पर्धाका लागि शनिबार बिहानैदेखि पोखरा उद्योग वाणिज्य संघको सभाहलमा भेला भएका थिए। कार्यक्रम दिउँसो दुई बजे भए पनि तयारीका लागि आयोजकहरूले उनीहरूलाई प्रशिक्षण दिइरहेका थिए। त्यति नै बेला अखिल नेपाल महिला संघ क्रान्तिकारीका पदाधिकारीहरू ग्वारग्वार्ती सभाहलमा प्रवेश गरे। उनीहरू कार्यक्रम गर्न दिन्नौं भन्दै नाराजुलुस गर्न थाले।

प्रत्येक वर्ष द लुक्स फेसन होम्सले गर्दै आएको मिस पश्चिमाञ्चल सुन्दरी प्रतियोगिता नगर्न क्रान्तिकारी महिलाहरूले दबाब दिएपछि आयोजकहरूले कार्यक्रमको शीर्षक नै परिवर्तन गरी हङकङ कल्चर सोका रूपमा कार्यक्रम प्रस्तुत गर्न लागिरहेका थिए।

यसअघि स्वय: क्रन्तिकारी महिलाहरूले नै उनीहरूलाई मिस पश्चिमाञ्चल नगरी कल्चर सो गर्न सुझाव दिएका हुन्। उनीहरूको सुझावलाई शिरोपर गर्दै द लुक्स फेसन होम्सले कल्चर सो गर्न लागेकै बेला अखिल नेपाल महिला संघ क्रान्तिकारीको एक हूलले प्रतियोगितास्थलमा आएर नाराबाजी गर्दै सभाहलमा तालाबन्दी गर्‍यो।

जनजातिकै पहिरनमा सजिएका प्रतिस्पर्धीहरूलाई समेत बेवास्ता गर्दै क्रान्तिकारी महिलाहरूले महिला नंग्याउने प्रतियोगिता गर्न पाइँदैन भन्दै जबरजस्ती गरेको आरोप एक आयोजकले लगाए। अपशब्द प्रयोग गर्दै उनीहरूले हामीमाथि नै हातपात गरे, सहभागी सुन्दरी सपना गुरुङले भनिन्- 'कल्चर सोलाई समेत रोक्न खोज्ने उनीहरूको शैली उदण्ड भयो।'

क्रन्तिकारी महिलाहरूको शैलीको विरोधमा प्रतिस्पर्धीहरूले पनि कार्यक्रमस्थलमा चर्को नाराबाजी गरे। कार्यक्रम गर्नैपर्छ, हामीले प्रतिभा देखाउन पाउनैपर्छ भन्दै नारा लगाएपछि केही बेर त्यहाँको वातावरण अन्यौलग्रस्त बनेको थियो। कार्यक्रममा सुरक्षा प्रदान गर्न सुरक्षाकर्मीसमेत आउन नचाहेको आयोजकहरूले गुनासो गरे। सहभागीहरूलाई क्रान्तिकारी महिलाहरूले हातपात नै गर्न थालेपछि कतिपय त त्रासले प्रतियोगितास्थल नै छाडेर भागेका थिए। म त ज्यान जोगाउन कार्यक्रमस्थलबाट भागी होटलमा आएर बसें, जमुना गुरुङले भनिन्- 'महिलाले महिलामाथि नै अन्याय गरे।' सहभागी सुन्दरीहरूले उनीहरूको कार्यशैलीको तीखो आलोचना गर्दै त्यसको विरुद्ध डटेर लाग्ने बताए।



सांस्कृतिक पहिरनमा आएका प्रतियोगीहरूको प्रतिरोध गर्दै पंजाबी कुर्था-सुरुवाल लगाएका क्रान्तिकारी महिलाहरू। तस्बिर गणेश खड्का

उता अखिल नेपाल महिला संघ क्रान्तिकारीकी सचिवालय सदस्य सुशीला सिम्खडाले भने कल्चर सोका नाममा युवतीहरूलाई नंग्याउन खोजेको आरोप लगाइन्। कुनै पनि हालतमा नारी अस्मिताको खिल्ली उडाउने कार्यक्रम गर्न नदिने सिंखडाले बताइन् तर आयोजक द लुक्स फेसन होम्सका राजेश जोशीले भने उनको उक्त भनाइको खण्डन गरे। पहिले मिस पश्चिमाञ्चल होइन, कल्चर सो गर्नुहोस् भने हामीले त्यसै गर्‍यौं उनले भने- अहिले कल्चरल सो गर्दासमेत उनीहरूले गर्न दिएनन्। क्रान्तिकारी महिलाहरूको व्यवहारका कारण सहभागीका अभिभावकहरू पनि आक्रोशित बनेका थिए। उनीहरूले नाङ्गो नाच हुने डान्स रेस्टुरेन्ट र अन्य विकृति बन्द गर्न तथा भारतमा बेचिएर वेश्यावृत्ति गर्न बाध्य तुल्याइएका लाखौंलाख चेलीहरूलाई फिर्ता ल्याउन नसक्नेले सस्तो लोकप्रियताका लागि कल्चर सो रोक्न खोजेका भन्दै त्यसको विरोध गरे।

एक महिनादेखि कार्यक्रमको तयारी गरेका आयोजकहरूले प्रतियोगिताको नाममा हजारौं खर्च गरेका थिए। कार्यक्रमस्थलमा तालाबन्दी र कार्यक्रम गर्न नदिएपछि उनीहरूले मानहानि र क्षतिपूर्तिको माग गर्दै जिल्ला प्रहरी कार्यालय कास्कीमा उजुरीसमेत हालेका छन्। महिलासम्बन्धी कुनै पनि कार्यक्रम अबदेखि गर्न नदिने भनेका छन्, कोरियोग्राफर रवीन्द्र बज्राचार्यले भने- हामी मारमा परेका छौं, हामीलाई उनीहरूले क्षतिपूर्ति दिनुपर्छ तर आयोजकहरूले जुनसुकै परिस्थितिको सामना गर्नुपरे पनि कार्यक्रम गरेरै छाड्ने बताएका छन्।

कुनै दिन हामी कार्यक्रम गरेरै छाड्छौं, द लुक्स फेसन होम्सका प्रबन्धक जोशीले भने- कल्चरल सोलाई कसरी रोक्छन् हामी पनि हेर्छौं। जम्मा ११ जना युवतीले सहभागिता जनाएको कार्यक्रममा जनजाति पहिरन लगाएर नृत्य गरिरहेका बेला क्रान्तिकारी महिलाहरूले हस्तक्षेप गरेका थिए। एक महिनाअघि मिस पश्चिमाञ्चलको घोषणा गर्दासमेत क्रान्तिकारी महिलाहरूले द लुक्स फेसन होम्सका पदाधिकारीहरूलाई कार्यक्रम गरे ठूलो दुर्घटना बेहोर्नुपर्ने धम्की दिएका थिए।

**–शिव शर्मा**

# प्रश्न मिस नेपाल प्रतियोगिताको

सन् १९७० मा स्थापना भएको काठमाडौं जेसिजले आफ्नो स्थापनाकालको रजत जयन्तीको अवसर पारेर सन् १९९४ मा पहिलो पटक नेपालमा सौन्दर्य प्रतियोगिताका रूपमा मिस नेपाल प्रतियोगिताको थालनी गरेको थियो। उक्त प्रतियोगितामा रुवी रणा प्रथम मिस नेपाल छनौट भएकी थिइन्। रुवीले फिलिपिन्समा सम्पन्न मिस एसिया



प्यासेफिकमा नेपालको प्रतिनिधित्व गरेकी थिइन्।

सन् १९९७ मा आएर द हिडेन ट्रेजरले सोही प्रकृतिको मिस वर्ल्ड नेपाल प्रतियोगिता आयोजित गर्‍यो। जसमा झरना बज्राचार्य विजयी भइन्। उता काठमाडौं जेसिजले आयोजना गरेको मिस नेपाल प्रतियोगितामा भने नीलिमा गुरुङले विजेताको मुकुट पहिरिन। सन् १९९८ देखि भने काठमाडौं जेसिजको सहभागितामा द हिडेन ट्रेजरले नै मिस नेपाल प्रतियोगिता सञ्चालन गर्दै आएको छ। सन् १९९४ देखि प्रारम्भ भएको मिस नेपाल प्रतियोगिताको यात्राले सन् २००७ सम्म आउँदा १३ वटा संस्करण पार गरिसकेको छ। २००१ र २००६ मा भने यो प्रतिस्पर्धा सञ्चालन भएको थिएन। २००८ को मिस नेपाल प्रतियोगिताका लागि आयोजनाको नियमअनुसार योग्यता एवं उमेर पुगेका अविवाहित नेपाली युवतीहरूबाट असारको पहिलो साता आवेदन माग गरिएको थियो।

असारकै अन्तिम साता देशभरबाट परेका १ सय ५० आवेदनमध्येबाट २५ जना सम्भावित प्रतिस्पर्धी छानिए। केही दिनको प्रारम्भिक प्रशिक्षणपछि मिस नेपाल-२००८ प्रतियोगिताका लागि अन्तिम २० जना प्रतिस्पर्धी छानिए। त्यसपछि कोरियोग्राफर रचना गुरुङ शर्मा, पूर्व मिस नेपाल श्वेता सिंह, प्रेरणा शाह, सञ्चारकर्मी प्रसन्न स्याङदेन, फोटोग्राफर राजभाइ सुवाल आदिबाट प्रशिक्षण कार्यहरू तीव्र गतिमा अघि बढे।

आयोजनाको प्रारम्भदेखि नै विरोध खेप्दै आएको मिस नेपाल प्रतियोगिताको यस पटकको संस्करण पनि त्यसबाट अछुतो रहेन। यसपटक त तयारी एवं प्रशिक्षण प्रारम्भ भएदेखि नै यसको चर्को विरोध हुन थाल्यो। माओवादी निकट अखिल नेपाल महिला संघ (क्रान्तिकारी) लगायत दुई दर्जनभन्दा बढी संघ-संस्था यो आयोजनाविरुद्ध ओर्लिए। माओवादी सभासद् अमृता थापाको संयोजनमा 'कथित सुन्दरी प्रतियोगिताविरोधी अभियान' नामबाट संगठित रूपमै मिस नेपाल विरोधी कार्यले गति पायो।

प्रतियोगिता बन्द गराउने उद्देश्यले विरोधमा उत्रिएकाहरूले अहिले कार्यक्रम स्थगित गर्नुपर्ने, आयोजनालाई सुधार र परिमार्जन गर्नुपर्ने, व्यवसायीकरण गर्न नहुने, पहिले र अब हुने आयोजनामा के-कस्ता सुधार भए सोको विवरण दिनुपर्ने, आयोजनाको उद्देश्य स्पष्ट पार्नुपर्ने लगायतका माग राखेर विरोधलाई तीव्र बनाए र आयोजक पक्षलाई आयोजना रोक्न दबाब पनि दिए। फलत: केही समय आयोजनाको कार्यतालिकाअनुसारको प्रशिक्षण कार्य पनि केही दिनका लागि रोकियो। विरोधी पक्षसित पटक-पटक वार्ता पनि भयो तर निष्कर्ष निस्किएन। अन्तत: साउन २३ गते तोकिएको यस पटकको प्रतिस्पर्धा भदौ ७ गतेका लागि सारेर आयोजक पक्षले पुन: प्रतियोगिताको प्रशिक्षण एवं तयारी कार्यलाई निरन्तरता दिए।

अर्कातिर विरोधी समूहमा रहेको नेकपा संयुक्त मार्क्सवादी सम्बद्ध नेपाल प्रगतिशील महिला फडेरेसनले विभिन्न अन्तर्क्रिया गर्दै मिस नेपाल प्रतियोगिताले महिलाहरूको हक, हित, इज्जत, प्रतिष्ठा र मान-मर्यादा बढाउने नभएर उनीहरूलाई उपभोक्तावादी संस्कृतिको सिकार बनाउने, नारीशोषणलाई बढावा दिने, सामाजिक एवं राष्ट्रिय मुद्दाबाट महिलालाई विमुख गराउने भएकाले यो प्रतियोगिताको औचित्य नरहेको निस्कर्ष निकाल्दै प्रतियोगिताविरुद्धको विरोधलाई अझ तीव्र बनाएको छ। राष्ट्रपति र संविधानसभा अध्यक्षसमक्ष ज्ञापनपत्र बुझाउने कार्ययोजनासमेत अघि सारियो। यता मिस नेपाल आयोजनाको कार्यतालिकाअनुसार प्रशिक्षणसँगै फोटोसेसन, पर्सनालिटी मूल्यांकन, बाल-मन्दिर, माइती नेपाल, विश्व वन्यजन्तु कोषलगायतका संघ-संस्थाको भ्रमण आदि कार्य सम्पन्न भैसकेका छन्।

साउन २३ गते प्रतियोगिता अन्तर्गत प्रतिस्पर्धीहरूको ट्यालेन्ट शोको मिति तोकिएको थियो, तर सोही दिन मिस नेपाल प्रतियोगिता रोक्न माग गर्दै आन्दोलनरत नेकपा एमालेसम्बद्ध अखिल नेपाल महिला संघ, माओवादी सम्बद्ध अनेमसंघ क्रान्तिकारी, जनमोर्चा सम्बद्ध अनेमसंघ, नेकपा एकीकृत मार्क्सवादी सम्बद्ध नेपाल प्रगतिशील महिला फेडेरेसन, राष्ट्रिय जनमोर्चा सम्बद्ध अनेमसंघले मिस नेपाल प्रतियोगिताको मुख्य प्रायोजक डावर वाटिकाको तीनकुनेस्थित कार्यालय र आयोजक संस्था द हिडेन ट्रेजरको कुपन्डोलस्थित कार्यालयमा तालाबन्दी गर्‍यो। ती संगठनले संयुक्त रूपमा बिहीबार नै संयुक्त प्रेस विज्ञप्ति जारी गरी नारी अस्मिताको अपमान गर्ने सुन्दरी प्रतियोगिता रोक्न माग गरेको छ।

जसका कारण आयोजक पक्ष, प्रतिस्पर्धीहरू एवं यससित प्रत्यक्ष-अप्रत्यक्ष सम्बद्ध सबै जना अन्यौलमा देखिन्छन्। आयोजना गराउने र नगराउने पक्षबीचको अन्तर्द्वन्द्वले मिस नेपाल प्रतियोगिताको निरन्तरतामा प्रश्नचिन्ह उठ्न सक्ने सम्भावना एकातिर छ भने अर्कातिर आयोजनासित प्रत्यक्ष, अप्रत्यक्ष सरोकार राख्नेहरूको स्वतन्त्रता, अधिकार तथा रोजगारमा उब्जिएको प्रश्नको जवाफ पनि खोजिनु आवश्यक देखिन्छ।

**–रोजिन शाक्य**

# नारद बने पृथ्वीनारायण



गाईजात्रालाई लक्षित गरेर हास्यकलाकार नारद खतिवडाले नारदजात्रा-२०६५ भिसिडी संग्रह बजारमा ल्याएका छन्। नारदजात्रा- २०६५ मा नारद पृथ्वीनारायण शाह, पूर्व राजा ज्ञानेन्द्र, माओवादी नेता पुष्पकमल दाहालको स्वरूपमा देखा परेका छन्। भिसिडी संग्रहमा सबैभन्दा आकर्षक पक्ष पृथ्वीनारायण शाहको रूपमा देखिएर उनले शाहवंशलाई विसर्जन गर्ने ज्ञानेन्द्रको अकर्मण्यताका विषयमा व्यङ्ग्य प्रहार गरेका छन्।

जंगे भट्टराईको श्रृंगारमा पृथ्वीनारायण शाह बनेका नारदले शाहवंशको विरासत थाम्न नसकेका ज्ञानेन्द्रका कमजोर पक्षलाई सबल प्रस्तुतिका साथ प्रस्तुत गरेका छन्। पछिल्लो अवधिमा नेपाली राजनीतिका बारेमा चासो देखाउने भारतीय राजदूत राकेश सुद तथा माओवादी अध्यक्ष दाहालबीचको संवाद पनि चोटिलो छ। ज्ञानेन्द्र शाहको दुरुस्तै आवाज निकाल्ने खुबी भएका नारदले ज्ञानेन्द्र शाहले आयोजना गरेको अन्तिम पत्रकार सम्मेलनको पनि नक्कल गरेका छन्। रिबेल क्रियसनले बजारमा ल्याएको यो संग्रहमा इतिहासले रचेको कटु सत्यलाई शिष्ट, सभ्य, शालिन र स्तरीय व्यङ्ग्यमार्फत दर्शकसामु प्रस्तुत गरेको कलाकार खतिवडाले साप्ताहिकलाई बताए।



# सोझी सञ्चिता

चलचित्र 'अप्सरा' मार्फत अभिनयक्षेत्रमा आएकी नायिका सञ्चिता लुइँटेल घोषित चलचित्र 'कालापानी' सम्म आइपुग्दा अभिनयमा प्रशस्त खारिएकी छिन्। यसक्रममा उनले दर्जनौं चलचित्रमा अभिनय गरेर दर्शकमाझ आफ्नो छुट्टै पहिचान बनाइसकेकी छिन्। सञ्चिताले अभिनय गरेका प्रायः चलचित्रमा उनी मुख्य भूमिका नै निर्वाह गर्छिन्, तर अधिकांश चलचित्रमा उनको व्यक्तिगत स्वभाव झल्कन्छ। सञ्चिता स्वभावतः भावुक छिन्। भावुक मात्र होइन, पछिल्लो समयमा उनले आफू सोझी भएको पनि उल्लेख गरेकी छिन्। आफू सोझी भएकैले ग्ल्यामरको पछाडि कहिले नदौडिएको उनको कथन छ। 'मलाई ग्ल्यामरस भूमिका सुहाउँदैन, सञ्चिता भन्छिन्– 'सामान्य जीवनमा पनि म ग्ल्यामरबाट टाढै बस्न रुचाउँछु।' तर चाहिनेभन्दा बढी सोझी भएकोमा भने उनलाई अहिले पछुतो लागेको छ। कतिपय चलचित्र निर्माताले समयमा पारिश्रमिक नदिएर उनलाई हैरान पार्छन्। 'चलचित्र बनाउँदा बनाउँदै पैसा सकियो, पछि दिउँला भन्छन्, सञ्चिताको गुनासो छ,' तर त्यो पछि कहिले आउने हो थाहा छैन !



# प्रगतितर्फ ध्रुव दत्त

हङकङमा मोडल एवं कलाकारका रूपमा राम्रो परिचय बनाएका छन ध्रुव दत्तले, कुनै म्युजिक भिडियो बनोस् वा स्टेज सो उनको नाम अग्रपंक्तिमा आउँछ। करिब पन्ध्र वर्षअघि नेपाली चलचित्र सारंगीको एउटा गीतमा पाएको नाच्ने अवसरले उनलाई अभिनयको नशा जगायो। आधा दर्जन म्युजिक भिडियो तथा केही टेलिचलचित्रको अनुभव सँगालेर नायकको भूमिका निर्वाह गरेको पहिलो चलचित्र 'द प्लान' बाट आफूले निकै आशा गरेको दत्त बताउँछन्। केही महिनाभित्रै नेपाल, हङकङ र अन्य केही मुलुकमा प्रदर्शन हुने तयारीमा रहेको यो चलचित्र डिजिटल प्रविधिबाट हङकङमै छायांकन गरिएको हो। सम्पूर्ण स्थानीय कलाकार तथा प्राविधिकहरूको सहभागितामा तयार पारिएको यो चलचित्र लोग्नेस्वास्नीबीच मेलमिलाप नभए तेस्रो व्यक्तिले कसरी फाइदा उठाउँछ भन्ने कथामा आधारित एक्सन चलचित्र हो। 'द प्लान' प्रर्दशनको पर्खाइमै रहेको अवस्थामा हालै नेपाली चलचित्र 'विष' मा राजेश हमाल, निखिल उप्रेती, सज्जा मैनाली र ऋचा घिमिरेजस्ता स्थापित कलाकारहरूसँग सह-कलाकारको भूमिका निर्वाह गर्न पाएकोमा दत्त दंग देखिन्छन्। चलचित्रमा उनको पदार्पण नै नेपालका एक्सन नायक निखिल उप्रेतीसँगको द्वन्द्व दृश्यबाट सुरु हुने हुँदा आफू दर्शकहरूको आँखामा पर्न सक्ने कुरामा पनि उनी ढुक्क छन्। यो चलचित्रको सुटिङपश्चात् केही निर्माता निर्देशकले आगामी चलचित्रका लागि उनको स्थान पक्का रहेको आश्वासन दिएको भए पनि राम्रो भूमिका पाए मात्र नेपाल फर्कने उनको मनसाय छ।


**–निर्मल श्रेष्ठ, हङकङ**



# कल्याणकारी काम

दस-एघार वर्षअघि हिट्स एफएमबाट 'डियर कल्याण' शीर्षकमा कार्यक्रम सञ्चालन गर्दा कल्याण गौतमले कल्पनासम्म पनि गरेका थिएनन् कि भविष्यमा उनको कार्यक्रम इमेजका साथै एकैसाथ देशभरिका १६ वटा एफएममा प्रसारण हुनेछ। अझ त्यो भन्दा पनि उनी र उनको कार्यक्रम 'डियर कल्याण'का विषयमा चलचित्र बन्नेछ, त्यो पनि विदेशी लगानीमा। भनिरहनुपर्दैन– त्यसका केन्द्रीय पात्र कल्याण नै हुनेछन्। अमेरिकी महिला लाउरा कुनरेथर 'डियर कल्याण'को लोकप्रियताबाट प्रभावित भइन् र त्यही विषयमा शोधपत्र तयार पार्न नेपाल आइन्। शोधपत्र तयार भैसकेपछि उनी कल्याणसँग मिलेर चलचित्र बनाउँदै छिन्। एफएम रेडियोको 'ट्रेन्ड'का बारेमा बन्ने यो चलचित्रको लेखनकार्य सकिएको र निकट भविष्यमा निर्माणकार्य थालिने कल्याणले बताएका छन्। लौ, कल्याणको कल्याण होस्।

# छाडियो विराजलाई



चलचित्र क्षेत्रमा विराज भट्टसँग चिनाजानी भएकाहरूले पुष्कर भट्टलाई पनि चिन्छन्, राजेश हमालसँग चिनाजानी भएकाले रोशन हमाललाई चिनेजस्तै। पुष्कर नायक भट्टका सहयोगी अर्थात् पर्सनल असिस्टेन्ट हुन्। हालै मात्र उनले विराजलाई आफ्नो मौखिक राजीनामा दिएका छन्। अहिले उनी विराजका सहयोगी होइनन्। विराजको सुटिङ सेड्युल मिलाउँदा-मिलाउँदै र उनको पारिश्रमिक उठाउँदा-उठाउँदै पुष्करलाई पनि चलचित्रमा अभिनय गर्ने चस्का लाग्यो। उनले दुई दर्जनभन्दा बढी चलचित्रमा अभिनय गरी भ्याए। पछिल्लो पटक विराज नायक भएका वा नभएका चलचित्रमा अभिनय गर्न उनी यति व्यस्त भए कि पुष्करले विराजको सेड्युल मिलाउनमा भन्दा आफ्नै सेड्युल मिलाउनमा समय व्यतीत गर्नुपर्‍यो। पुष्करले विराजसँग सल्लाह गरे। विराजले पनि उनलाई अभिनयमा रम्ने सल्लाह दिए। अहिले पुष्कर एकैपटक छ-सातवटा चलचित्रमा अभिनय गरिरहेका छन्। पुष्करलाई अधिकांशले खलपात्र बनाएका छन् भने केहीले चरित्र अभिनेता। पुष्कर भन्दै थिए- 'विराजजीलाई छाडेपछि मेरो गति बढेको छ।'

# भुवन दाइलाई भेट्नु छ ?

बाठा कलाकारका रूपमा चिनिन्छन् भुवन केसी। धेरैले भन्ने गरेका छन् उनलाई सहजै भेट्न सकिंदैन। उनलाई अभिनय गराउनेदेखि उनीसँग काम लिन



चाहने समेतले गरेको अनुभव हो यो। उनको मोबाइल प्रायः अफ रहन्छ, यदि अन भएको बेला पर्‍यो र घन्टी गैहाल्यो भने पनि उठाउन जाँगर लगाउँदैनन् तर अब चिन्ता नगर्नुस् अब केही महिनाका लागि भुवनलाई तपाईंले सजिलै भेट्नुहुनेछ र उनीसँग कुनै काम लिनु छ भने पनि पहिलेजस्तो दिनभरि कुर्नुपर्दैन। अहिले त तपाईंले भनेकै समय र स्थानमा उनी आइपुग्छन्।

यो सबैको कारण के होला ? उत्तर सजिलो छ भुवनले निर्माण गरेको चलचित्र 'तिमीबिना म त मरिहाल्छु नि' प्रदर्शनको तयारीमा छ। उनी अहिले कसैलाई पनि चिढ्याउन चाहँदैनन् र सहजै सम्पर्क कायम गर्छन्। भुवनले यस पटक मात्र यस्तो शैली अपनाएका होइनन्। चलचित्र निर्माणमा प्रवेश गरेदेखि नै उनले यही शैली अपनाउँदै आएका छन्। अरू बेला हिरो-हिरोइनलाई समेत वास्ता नगर्ने भुवन आफ्नो चलचित्र चल्ने बेलामा भने स्पटब्वाइसँग समेत सुमधुर सम्बन्ध स्थापित गर्न खप्पिस छन्, पत्रकारहरूको त कुरै भएन।



**नायिका मेलिना मानन्धर कलाकार मुकेश ढकालसँग : एकताका नायिका मानन्धर र ढकालको विवाह प्रकरण सञ्चारमाध्यमहरूमा चर्चाको विषय भएको थियो तर मानन्धरले त्यसको खण्डन गरेकी थिइन्।**

**तस्वीर : नवराज वाग्ले**

# दुबईबाट मातृभूमि



आज साउन ३१ गते शुक्रबार दुबईको इम्पेरियल स्वीट होटलमा नेपाली कथानक चलचित्र 'मातृभूमि' को प्रिमियर सो हुने भएको छ। बिदेसिएका युवाहरूलाई मातृभूमिको बढी माया लाग्छ, आमाको काखमा लुटपुटिएको छोरालाई भन्दा प्रवासिएको छोरालाई आमाको माया बढी हुन्छ, तर मातृभूमिलाई माया गर्ने युवाहरू विदेश पलायन हुने हो भने मातृभूमिमा एक दिन वृद्ध, बालक एवं महिलाहरू मात्र बाँकी रहनेछन्। देशनिर्माणमा जुट्ने हात पराई देशको भूमिमा खर्चिनुपर्ने हुन्छ। यस्तै सन्देश बोकेको छ चलचित्र 'मातृभूमि' ले।

चलचित्रले बिदेसिएका युवाहरूलाई आफ्नो निश्चित लक्ष्य पूरा भएपछि स्वदेश फर्कन सन्देश दिएको छ। विदेशमा आएर बस्दा मातृभूमिको याद बढी आउने रहेछ। मातृभूमिका बनेको प्रस्तुतकर्ता इन्द्र थापाले बताए। मातृभूमिको छायांकनका क्रममा नेपालको मनोरम दृश्यलाई तथा नेपाली कलाकारहरूलाई पनि समेटेर युएईका अरबी कलाकारहरूले म्युजिक भिडियोको पनि सुटिङ गरेको थापाले जानकारी दिए। भविष्यमा खाडी मुलुकबाट पनि म्युजिक भिडियो, चलचित्र छायांकनका लागि नेपाल जाने रहर बढ्नेछ र दुई देशको पर्यटनमा वृद्धि हुनेछ भन्ने आशा गर्न सकिन्छ। चलचित्रका कार्यकारी निर्माता इन्द्र काफ्ले हुन् भने नृत्य राजु शाह, गोविन्द राई र अनिल कोइराला तथा द्वन्द्व रोशन श्रेष्ठको छ। सुशील छेत्री, सौजन्य सुब्बा, बसुन्धरा भुसाल, किरण केसी, शिवहरि पौडेल, जितु नेपाल, अन्जु केसी, तुलसी खड्का र सुनील थापा प्रमुख भूमिकामा रहेको यो चलचित्रमा युएईका स्थानीय कलाकारहरूमा खिमलाल पाण्डे, राधा पाण्डे, नारायण लम्साल, राजु भुर्तेल, रामबहादुर थापा, शेषराज अधिकारी, गोपी भुषाल, धनपति न्यौपानेले पनि अभिनय गरेका छन्। चलचित्रका संगीतकार दीपक रमण हुन् भने प्रस्तुतकर्ता इन्द्र थापा। यो चलचित्रको निर्देशन नारायण पुरीले गरेका हुन्।

**–खेमनाथ पौडेल**

# लाल मधेसको तयारी




अशान्तिले एक सही भए पनि ९९ गलत हुने र शान्तिले सतप्रतिशत सही हुने सन्देशका साथ विराटनगरका युवाहरूले 'लाल मधेस' शीर्षकको हिन्दी चलचित्र निर्माण गर्ने भएका छन्। शोषण र दमनका कारण हतियार उठाएका युवाहरूले अन्ततः शान्तिको बाटोबाटै समस्या समाधान गरेको कथालाई लाल मधेसले समेट्ने बताइएको छ।

निर्माता सलिम अन्सारीको परिकल्पनामा सुरु भएको लाल मधेसका लागि हाल कलाकार खोज्ने काम भैरहेको छ। चलचित्रका सातमध्ये चारवटा गीत अघिल्लो शनिबार विराटनगरमा एक समारोहका बीच सार्वजनिक भएको थियो। लाल मधेसका सबै गीत अन्सारी स्वयंले लेखेका हुन्, जसमा संगीत र स्वर प्रवलदीप विश्वास तथा अन्सारी स्वयं एवं नितु गोस्वामीले दिएका छन्।

चलचित्रको नाम सुन्दै मधेस आन्दोलनमा आधारितजस्तो लागे पनि विशुद्ध व्यावसायिक दृष्टिकोणले तयार गरिएको हुनाले यसमा त्यस्तो कुनै पनि विषय समावेश नहुने अन्सारीले बताए। ३५ लाखको लागतमा निर्माण गरिने लाल मधेसको छायांकन भदौ १ गते प्रारम्भ हुँदैछ। आगामी तिहारको दीपावलीका दिन चलचित्र रिलिज गर्ने उद्देश्य लाल मधेस टिमको छ।

विराटनगर, राजविराज एवं वीरगन्जमा छायांकन गरिने लाल मधेसले साना-ठूला गरी ४ देखि ५ सयसम्म कलाकार समेट्ने निर्देशक श्याम कामत बताउँछन्। यो चलचित्रमा एक दर्जन पुरुष तथा दुई दर्जन महिला मुख्य कलाकार सहभागी हुनेछन्। चलचित्र निर्देशनका लागि नयाँ तरिकाको खोजी गरिरहेको बताउने निर्देशक कामतले यसअघि मैथली चलचित्र प्रेम सफलका साथै दुईवटा वृत्तचित्र निर्देशन गरिसकेका छन्। आफूसँगै र्‍याम्प मोडलिङ गरेका साथीहरूलाई चलचित्रमा प्राथमिकता दिने बताउदै अन्सारीले भने- 'चित्त बुझ्ने कलाकार पाइन भने मुख्य भूमिकामा आफैं पनि अभिनय गर्न सक्छु।'

चलचित्र प्रचारका लागि बनाइएको पोस्टरमा अन्सारीले नै मोडलिङ गरेका छन्। लाल मधेसमा नृत्य निर्देशक सागर साह तथा सहनिर्माता राजेश भगत, आजम परवेज एवं लक्ष्मी मण्डल छन्।

**–कमल रिमाल**

## लभगुरु

म कक्षा ११ मा अध्ययनरत छु। म धेरै जनासँग पत्रमित्रता गर्छु। तीमध्ये एउटी मित्रले मलाई प्रेमिकाजस्तो व्यवहार गर्छिन्। उनी फोन पनि गर्छिन्। उनले मविनाको जिन्दगीको कल्पना पनि नगरेको र मेरै आशामा बाँचिरहेको बताएकी छिन्। उनी म बसेको स्थानबाट धेरै टाढा छिन्। त्यसैले भेट हुने सम्भावना एकदमै कम छ। मैले उनलाई आफ्नो तस्बिर पठाएको थिएँ, तस्बिर हेरेर उनी आकर्षित भएको बताउँछिन्। उनले पत्रका रूपमा प्रेमपत्र पठाउँछिन्। म पनि उनलाई प्रेम गर्न थालेको हुँ कि भन्ने भ्रममा छु। यद्यपि उनले पत्र लेख्ने क्रममा अन्तिममा पत्रमित्रतालाई अनर्थ नसम्झिन र यसलाई प्रेममा नबदल्न सल्लाह दिने गरेकी छिन्। उनको यो दोधारे प्रवृत्तिलाई मैले बुझ्न सकेको छैन। अब म के गरूँ ?

देवेन्द्र

आफ्नो प्रश्नको उत्तर तपाईं आफैंले सजिलै खोज्न सक्नुहुन्छ। तपाईंको प्रश्नअनुसार उनी तपाईंकी असल साथी हुन्। जसले तपाईंको सुखदुःखमा हातेमालो गर्ने इच्छा देखाएकी छिन्, तर सुरुवातको जानकारी हेर्दा उनले तपाईंविनाको जिन्दगीको कल्पना नगरेको बताउनुले उनले तपाईंसँग प्रेम गरेको हो कि जस्तो देखिन्छ। त्यसैले उनले प्रेम गरेको हो-होइन बुझ्न तपाईंले पनि जवाफी पत्र पठाउनुपर्ने हुन्छ। पुरुषहरू कहिलेकाहीं भ्रमको सिकार बन्ने गरेको पनि पाइन्छ। उनले असल साथीका रूपमा मात्र त्यस प्रकारको पत्र लेखेको हो भने तपाईं भ्रममा हुनुहुन्छ। त्यसकारण पत्रमार्फत नै स्पष्ट जवाफ माग्नुहोस्। आमने-सामने भएर कुरा गर्न गाह्रो भए पनि पत्रमार्फत आफ्ना कुरा स्पष्ट ढंगले राख्न सकिन्छ। पत्र लेख्दा आफ्नो भावनालाई साँचो रूपमा प्रस्तुत गर्नुहोस्, साथसाथै त्यो पत्रले पत्रमित्रलाई नराम्रो लाग्ने भए क्षमा पनि माग्नुहोस्।

यसले तपाईंप्रति उनको माया अझ बढ्न सक्छ। उनले पत्रमित्रतालाई प्रेममा नबदल्न दिएको सल्लाहले पनि कतै उनी तपाईंलाई प्रेम नगरेर घनिष्ठ मित्र मात्र बनाउन चाहन्छिन् कि भन्ने देखिन्छ। त्यसैले तपाईंले यो अन्यौलको वातावरण समाप्त गर्न पनि उनीसँग स्पष्ट कुरा गर्नुपर्छ। प्रेम गरेपछि कोसौं टाढा भए पनि मिलन सम्भव हुन्छ भन्ने मान्यताअनुसार तपाईंहरू पनि एकसाथ जीवनयापन गर्न सक्नुहुन्छ। अर्को मुख्य कुरा, विपरीत लिङ्गीहरूमा असल मित्रताबाटै वैवाहिक सम्बन्ध गाँसिएका उदाहरणले तपाईंहरूको सम्बन्ध पनि जीवनसाथीमा परिणत हुनसक्छ। त्यसका लागि अग्रिम शुभकामना छ।

पाठकहरूको प्रेम जिज्ञासा एवं समस्या समाधान गर्ने उद्देश्यले हामीले यो स्तम्भ सुरु गरेका हौं। आफ्ना प्रेमसम्बन्धी विभिन्न समस्या हामीलाई लेखिपठाउनुहोस्। ती समस्याको समाधान विभिन्न विशेषज्ञको राय-सल्लाहअनुरूप नायिका रेखा थापाले खोज्ने प्रयास गर्नुहुनेछ। यो स्तम्भका लागि कुनै शुल्क लाग्नेछैन। आफ्नो समस्या साप्ताहिकको ठेगानामा पठाउनुहोला।



## फिल्मी खबर

• भिजुअल प्रोडक्सन सेन्टर प्रालिको प्रस्तुति नेपाली एड्भेन्चर चलचित्र 'यतिको खोजीमा' को अगस्ट २ मा दक्षिण कोरियाको आन्सान सहरमा विशेष प्रथम प्रदर्शन भयो। अत्याधुनिक प्रविधिका साथ विल्कुलै नौलो विषय र कथामा निर्माण भएको यो चलचित्र बेग्लै तथा फरक धारमा बनेकाले रोचक छ। नेपाली चलचित्रको इतिहासमै पहिलो पटक अच्युत गजुरेलले रहस्यमय हिममानव यतिलाई एनिमेसनबाट तयार गरेका छन्। ४३ हजार मिटरको उचाइमा द्वन्द्वका दृश्यहरू खिचिएको यो पहिलो नेपाली चलचित्र भएको द्वन्द्व निर्देशक रोशन श्रेष्ठ बताउँछन्। चलचित्र 'यतीको खोजीमा' को विषयमा विस्तृत जानकारी लिन चाहनेहरूका लागि http://www.insearchofyeti.com वेबसाइटमा उपलब्ध गराइएको छ। विदेशीको इसारामा पैसाको प्रलोभनमा परेर आफ्नो देशमा रहेका रहस्यमय जीव-जन्तुहरूलाई विनाश गर्न हुँदैन भन्ने सन्देश बोकेको यो चलचित्रलाई नेपालको हिमाली भेगमा रहेको भनिएको रहस्यमय यतिसँगको संघर्षका साथै एक्सन, फ्रिक्सन, सस्पेन्स, थ्रिलर, संस्कृति, मनोरञ्जन एवं आकर्षक मनमोहक दृश्यहरूले सजाइएको छ। यो चलचित्र सन्तोष ढकालले निर्देशन गरेका हुन्।

• चलचित्र 'गठामुंग' को गठ्यामंगलकै दिन पारेर शुभमुहूर्त गरिएको छ। ललितपुरस्थित अक्षस्वर महाविहारमा आयोजित मुहूर्त समारोहमा चलचित्रको प्रमुख कलाकार मेलिना मानन्धर, मदनदास श्रेष्ठ तथा सुलेमान शंकर (इकु) ले अभिनय गरेका थिए। मुहूर्त सटको निर्देशन भने नारायण पुरीले गरेका थिए। जितेन्द्र राजोपाध्यायले निर्देशन गर्ने यो चलचित्रको औपचारिक छायांकन आगामी भदौ १५ गतेदेखि प्रारम्भ हुनेछ। चलचित्रमा श्रीकृष्ण श्रेष्ठ, निरुता सिंह, विदुर ढकाल, मेलिना मानन्धर, मदनदास श्रेष्ठ, सुशील राजोपाध्याय, सञ्जय शर्मा, सुलेमान शंकर आदि कलाकारले प्रमुख भूमिका निर्वाह गर्नेछन्। काठमाडौं उपत्यकाका विभिन्न स्थानमा छायांकन गरिने यो चलचित्र सस्पेन्स-थ्रिलर हुने चलचित्रका निर्देशक राजोपाध्याय बताउँछन्।



• निर्देशक शिव रेग्मीले आफ्नो नयाँ चलचित्रमा मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यलाई नायकका रूपमा प्रस्तुत गर्ने भएका छन्। शीर्षक नराखिएको उक्त चलचित्रको छायांकन दसैंलगत्तै प्रारम्भ हुनेछ। हास्यकलाकारहरूले अभिनय गर्ने भए पनि चलचित्र हास्यप्रधान नहुने निर्देशक रेग्मी बताउँछन्।

• थारू भाषामा चलचित्र निर्माण हुने क्रम बढिरहेको बेला मेगा मिडिया, झुम्का सुनसरीले अर्को एउटा थारु चलचित्र निर्माण गर्न थालेको छ। 'प्रेमके जाल' शीर्षक राखिएको उक्त चलचित्रको निर्माण जयनारायण चौधरीले गरेका हुन्। चौधरीले यसअघि भाग्यके रेखा, दिलमे लागल चोटजस्ता चलचित्र निर्माण गरिसकेका छन्। वास्तविक मायाप्रीतिलाई कसैले छेक्न सक्दैन भन्ने सन्देश बोकेको 'प्रेमके जाल' का निर्देशक विशाल चौधरी हुन्। सुनसरीको सिंघियामा शुभमुहूर्तपछि छायांकन प्रारम्भ भएको यो चलचित्रमा बुटवल, भैरहवा, लुम्बिनी, पाल्पा तथा काठमाडौंका आकर्षक लोकेसन समेटिएका छन्।

# मिसकलको पीडा कत्तिको भोग्नुभएको छ ?

## केवल एक प्रश्न



मिस कल ? कति-कति ...स्वदेशबाट मात्र होइन, विदेशबाट पनि आउँछ। म त आजभोलि नचिनेको नम्बरबाट आएको फोन रिसिभ गर्दिनँ। विदेशबाट समेत मिसकल आउँदा त म छक्कै पर्छु, तर म कहिल्यै पनि मिसकल गर्नेलाई महत्त्व दिन्नँ। कहिलेकाहीं त रिस पनि उठ्छ।

**निरुता सिंह, नायिका**

मिसकल अलि बढी नै आउँछ, कहिलेकाहीं त मिसकलले इरिटेट पनि गराउँछ। कसैकसैले त कामै पाउँछन् र लगातार मिसकल गर्छन्। सुटिङका क्रममा काठमाडौं बाहिर जाँदा अझ बढी दुःख पाइन्छ। मिसकलकै कारण पनि म राति फोनको स्वीच अफ गर्छु।

**विराज भट्ट, नायक**

मिसकल प्रायः आउँछ, तर म कहिल्यै कल ब्याक गर्दिनँ। मेरो विचारमा प्रिपेडवालाहरूमा प्रायः मिस कल गर्ने बानी हुन्छ। उनीहरूसँग ब्यालेन्स कम हुन्छ, त्यसैले कलब्याक गरोस् भन्ने चाहनाले मिस कल गर्छन्। कत्तिको बानी पनि हुन्छ.....

**निमा रुम्बा, गायक**

छैन, मलाई त्यति मिसकल आउँदैन। फोन नै आउँछ, कहिलेकाहीं एनटीसीको समस्याका कारण फोन पनि मिसकलजस्तो हुने गरेको छ। जे होस्, मैले मिसकलको दुःख बेहोर्नुपरेको छैन।

**प्रीति कौर, गायिका**

मिस कल ? आउनचाहिँ बेलाबेलामा आउँछ, तर त्यति धेरै गाह्रो भैसकेको अवस्था छैन। मिसकलले वाक्क पारेको छैन। वाइक चलाइरहेका बेला आउने मिस कलचाहिँ पीडादायी हुन्छ।

**सरोज दत्त, गायक**

## जम्का भेट

*प्रेरणा शर्मालाई धेरैले रिमिक्स गीत 'चियाबारीमा'को मोडलका रूपमा चिन्छन्। उनी अचेल हराएकी छिन्। सौन्दर्य र नृत्य प्रतिभाले साथ दिए पनि प्रेरणाले सोचेजति सफलता पाउन सकेकी छैनन्। उनले अभिनय गरेका चलचित्र पनि डिजिटल चलचित्र नै बढी भए। केही म्युजिक भिडियोमा अभिनय गरे पनि उनले त्यसमा स्थायित्व पाउन सकिनन्। यद्यपि उनी कार्यक्रमका सिलसिलामा विदेश भ्रमण गरिरहन्छिन्।*



**कहाँ हराउनुभएको थियो ?**

हराइहालेकी होइन। केही समयका लागि विदेशतिर थिएँ।

**कुन-कुन देश जानुभयो ?**

केही महिना बेलायत बसेँ। फर्केर आएपछि केहीदिन दुबईमा रहेँ। कतार, बंगलादेश, थाइल्यान्ड पनि पुगेर आइसकेँ। अब पाकिस्तान जाँदैछु। कार्यक्रममा भाग लिन गएकी थिएँ, तर बंगलादेश र पाकिस्तान भने घुम्न जान लागेकी हुँ।

**कस्तो घुमघाम हो ?**

त्यहाँ मेरा साथीहरू छन्। उनीहरूले बोलाएकाले जान लागेकी हुँ। उनीहरूसँग केही व्यापारिक काम पनि छ। यसलाई मेरो 'बिजनेश ट्रिप' पनि भन्न सक्नुहुन्छ।

**नेपाली कलाक्षेत्रमा हराइसक्नुभयो त ?**

हराइसकेकी छैन। केही ग्याप मात्र भएको हो। हालसालै दुई-तीनवटा म्युजिक भिडियो खेलें अनि मेरो मुख्य भूमिका भएको चलचित्र 'तस्बिर' सार्वजनिक हुँदैछ। देशदेखि विदेश, फैसला, अहंकारमा पनि राम्रो भूमिका पाएकी थिएँ।

**तैपनि दर्शकमाझ परिचित हुन सकिरहनुभएको छैन ?**

मलाई दर्शकले 'चियाबारीमा', सरोज दत्तको 'मैले तिमीलाई माया गरेँ' जस्ता म्युजिक भिडियोका साथै 'पथभ्रष्ट', 'दुई थोपा आँसु', 'नाता' र 'पर्खाल' जस्ता टेलिश्रृंखलाहरूका कारण चिन्छन्। अब 'तस्बिर'मा मुख्य नायिका छु। पाकिस्तानबाट फर्किएपछि म आफूलाई पूर्ण परिवर्तित स्वरूपमा प्रस्तुत गर्नेछु।

**परिवर्तित स्वरूप भन्नाले ?**

हेर्दै जानुहोला, अब म ग्ल्यामरस रूपमा आउँदैछु।

# मोडलिङमा बालबालिकाको दौड




पोखरा- लेकसाइड पोखराकी नौ वर्षीया सोफिया बरालले आकर्षक पोजमा र्‍याम्पमा क्याटवाकपूर्व जो-कोही पनि दंग पर्छन्। पोखरामा भएका बालसौन्दर्य प्रतियोगितामा विजेता बनिसकेकी बरालले गीतमा पनि मोडलिङ गरेकी छिन्। मिस नेपालसम्म भाग लिएर विजेता बन्ने लक्ष्य बोकेकी बरालले भनिन्- 'मोडलिङमा लागेर नाम चम्काउने रहर छ।' उनको जस्तै रहर पाल्ने नानीहरू यहाँ धेरै छ।

बारम्बार भैरहने बालसौन्दर्य प्रतियोगिता तथा वेबसाइटहरूले बालकालिकाका लागि 'स्पेस' दिन थालेपछि बालबालिकाहरूको आकर्षण यसतर्फ बढेको हो। बालबालिकाकै चाहना बुझेर हामीले बालमोडलिङलाई पनि वेभसाईटमा ठाउँ दिएका छौं, साइबर लमजुङ डटकमकी सञ्चालिका मोहिनी गुरुङले भनिन्- 'साना बाबुनानीहरू पनि ग्ल्यामरको क्षेत्रमा तानिने क्रम बढेको छ।'

इन्टरनेट वेबसाइटदेखि विभिन्न विज्ञापनमा लिन थालेपछि हरेक अभिभावक आफ्ना बाबुनानीहरूलाई ग्ल्यामरको क्षेत्रमा ल्याउन लालायित हुने गरेका छन्। केही वर्षअघिसम्म बालबालिकाहरूलाई यो क्षेत्रमा ल्याउनु हुँदैन भन्ने मान्यता थियो, तर अहिले आएर त्यो धारणा फेरिएको छ। आत्मविश्वास बढाउन र उनीहरूमा अन्तर्निहित प्रतिभा बाहिर ल्याउने माध्यम मानेर आफ्ना सन्तानलाई ग्ल्यामरको क्षेत्रमा डोर्‍याउनेहरूको झुन्ड बाक्लो देखिन्छ।

थुप्रै पटक राजधानीसँगै पोखरामा बाल सौन्दर्यसम्बन्धी प्रतियोगिता गरिसकेका जित हाम्रो प्रा.लि.का प्रबन्ध निर्देशक राजेश जोशीले सुरुका दिनमा बालबालिकालाई सौन्दर्य प्रतियोगितामा सहभागी गराउन निकै झन्झट झेल्नुपरेको थियो। घरघरै पुगेर अभिभावकहरूलाई बुझाएर कार्यक्रममा सहभागी गराउनुपर्थ्यो, तर अहिले सौन्दर्य प्रतियोगिता गर्दा बालबालिका खोज्दै हिंड्नुपर्दैन।

महिना बिराएर यहाँ हुने बालसौन्दर्य प्रतियोगिताहरूले यस क्षेत्रमा आउन चाहनेहरूका लागि ढोका उघारिदिएको छ। सन् २००३ मा भएको किड क्विन पोखरा-२००३ मा सहभागी भएर फस्ट रनरअप बनेकी तृप्ति प्रधानले यही क्षेत्रलाई अँगालिन्। आफ्नो रुचि एवं निरन्तरताले गर्दा नै उनले मिस टिन पोखराको उपाधि जितिन्। त्यसपछि उनलाई एडहरूमा खेल्ने थुप्रै अफर आए। बालसौन्दर्य प्रतियोगिता हुँदै मिस टिन तथा मिस पश्चिमाञ्चलसम्ममा आफ्नो सहभागिता गराउनेहरूको लहर नै चलेको छ। यो त भयो सौन्दर्य प्रतियोयताको कुरा। र्‍याम्पहरूदेखि पेपर एडहरूमा पनि साना बालबालिकाहरू उत्तिकै छाइरहेका छन्।





बालबालिकाहरूलाई एड मोडलिङमा आकर्षित गर्ने माध्यम भने फोटोसेसन हो। बालबालिकालाई मोडलिङतर्फ आकर्षित गराउन विभिन्न पहल गरिरहेका छन्। हामीले फोटोसेसन गरेर वेबसाइटमा राखेका बालबालिकाहरूलाई एडदेखि म्युजिक भिडियोहरूमा अफर गर्न धेरै आउँछन्, साइबर संसार डटकमका फोटोग्राफर अभिनव कसजूले भने। मिस लिटिल सनसाइन-२००८ पोखरामा सेकेन्ड रनर अप आठ वर्षीया अपेक्षा उल्लकलाई फेसनको क्षेत्र मन पर्छ। भविष्यमा ग्ल्यामरको क्षेत्रलाई नै अँगाल्ने सोच बनाएकी अपेक्षालाई अहिले सुन्दरी प्रतियोगिताको विरोध उति निको लाग्दैन।

ट्यालेन्ट देखाउने यो क्षेत्रको विरोध गरेर केही फाइदा छैन, उनी भन्दै थिइन्- 'यो अहिले समयको माग मात्र होइन, रोजगारीको माध्यम पनि बनेको छ।' यही कुरालाई आत्मसात् गर्दै यस क्षेत्रमा पाइला चाल्ने बाबुनानीहरूको दौड ह्वात्तै बढेको छ। यस क्षेत्रमा अवसर पाउन थालेपछि बालबालिकाहरू मोडलिङ क्षेत्रमा आउन लालायित हुने गरेका छन्। ६ वर्षीया खुसी खान पनि स्थानीय स्तरमा हुने ब्युटिकन्टेस्टमा सहभागी भएर र्‍याम्पमा क्याटवाकसमेत गरिसकेकी छिन्। भविष्यमा उनी एक सफल मोडल बन्न चाहन्छिन्। खानले भनिन्- 'मोडलिङमा लागेपछि धेरैले चिन्छन्।'

**-शिव शर्मा**

## चलचित्र



### मारम

एलसीडी प्रविधिमा बनेको चलचित्र मारमले लिम्बू जातिको संस्कृतिलाई उजागर गरेको छ। आफ्नो संस्कृति जोगाउनुपर्छ भन्ने र आधुनिकताको सिको गर्दै संस्कृति लत्याउने पात्रहरूबीचको अन्तरद्वन्द्वलाई चलचित्रमा प्रस्तुत गरिएको छ। दुई बेग्लाबेग्लै समुदायमा हुर्किएका युवायुवती जब प्रेममा बाँधिन्छन्, कथा रोचक मोडमा प्रवेश गर्छ। मोफसलमै रहेर नाट्यक्षेत्रमा लामो अनुभव सँगालेका सूर्यप्रकाश चेम्जोङले चलचित्रमा आफ्नो निर्देशकीय क्षमता देखाएका छन्। रोहित थेबे, प्रेम सुब्बा जस्ता चर्चित अनुहारसँग नवोदित कलाकारहरूको अभिनय बेजोड जमेको छ। माया तुम्बापो, बविता नयोङहाङ, नरवीर नेम्वाङलगायत नयाँ कलाकारहरूको अभिनय निकै खारिएको छ। लिम्बू जातिको बाहुल्य रहेको पाँचथर तथा इलाममा छायांकन गरिएको यो चलचित्रमा कलाकारहरूको जीवन्त अभियनले दर्शकको मन जित्नेछ। राजेश र चन्द्रप्रकाश चेम्जोङको संयुक्त लगानीमा बनेको यो चलचित्रलाई लिम्बुनी फिल्म्स प्रा.लि., पाँचथरले प्रस्तुत गरेको छ। चलचित्रका प्रमुख सहायक निर्देशक रवि सेर्मा एवं छायांकन केशव रायमाझीले गरेका छन्। मारममा धनवीर साँवाको संगीत एवं विपीन मल्लको सम्पादन हेर्न पाइन्छ।




### मुस्ताङ

पोखराका तन्नेरी निर्देशक जसवन्तदेव श्रेष्ठले निर्माण गरेको मनाङ सम्बन्धी वृत्तचित्रले स्वदेशसँगै विदेशमा समेत लोकप्रियता पायो। उक्त वृत्तचित्र अन्तर्राष्ट्रिय चलचित्र महोत्सवमा समेत छनौटमा परेको थियो। यो वृत्तचित्रले निर्देशकलाई आर्थिक रूपमा समेत बलियो बनाउन काम गऱ्यो। यही सफलताबाट हौसिएर श्रेष्ठले फेरि अर्को वृत्तचित्र तयार पारेका छन् जसको शीर्षक हो–मुस्ताङ। टिम वर्क फिल्म प्रोडक्सनले निर्माण गरेको वृत्तचित्र मनाङकै दोस्रो भागका रूपमा आउन लागेको हो। दुई वर्षअघि निर्माण थालिएको यो वृत्तचित्र अहिले प्रदर्शनको तयारीमा छ। विशेष गरी हिमालपारिको जिल्लाका रूपमा परिचित मुस्ताङको विविध खालका संस्कृति, रहनसहन, वेशभूषा र यहाँको बाह्रमासे मौसमलाई समावेश गरेको मुस्ताङ वृत्तचित्रले जिल्लालाई पर्यटकीयसँगै सांस्कृतिक परिवेशका आधारमा चिनाउन खोजेको वृत्तचित्रका छायाँकार विश्वन्तदेव श्रेष्ठले बताए। यो वृत्तचित्रले मुस्ताङ जिल्लामा लुकेर रहेका प्राकृतिक सौन्दर्य तथा विविध गतिविधिको अनुसन्धानसमेत गर्न खोजेको छ। तत्कालै स्वदेशमा पहिलो प्रदर्शन गरी युरोप, अमेरिका आदि मुलुकमा यो वृत्तचित्र प्रदर्शन गर्ने योजना छ। वृत्तचित्रको छायांकन विश्वन्तदेव श्रेष्ठ तथा संगीत जीवन राई र चानसिंहले दिएका छन्। मुख्य सहायक निर्देशक सुधीर थापा हुन् भने वृत्तचित्रलाई जसवन्त देव श्रेष्ठले सम्पादन एवं निर्देशन गरेका छन्।

### बचना ए हसिनों



रणवीर कपुर तथा दीपिका पादुकोण आफ्नो पहिलो चलचित्रबाटै चर्चित भएका कलाकार हुन्। रणवीरले चलचित्र 'सावरिया' मार्फत अभिनययात्रा प्रारम्भ गरेका हुन् भने दीपिकाले चलचित्र 'ओम शान्ति ओम' मार्फत बलिउड प्रवेश गरेकी हुन्। यी दुवै नयाँ अनुहारले एकैसाथ अभिनय गरेको चलचित्र हो 'बचना ए हसिनों'। यो चलचित्रको सार्वजनिक प्रदर्शन आज शुक्रबारदेखि गरिँदैछ। यसराज फिल्म्सले निर्माण गरेको यो चलचित्रमा वास्तविक जीवनकै प्रेमी-प्रेमिका रणवीर तथा दीपिकाले नायक-नायिकाको भूमिका निर्वाह गरेका छन्। चलचित्र प्रेमकथामा आधारित छ। आदित्य चोपडाले निर्माण गरेको यो चलचित्रको निर्देशन सिद्धार्थ आनन्दले गरेका हुन्। चलचित्रमा बिपाशा बसु, मिनिषा लाम्बा तथा कुनाल कपुरले पनि प्रमुख भूमिका निर्वाह गरेका छन्। चलचित्रमा रणवीरले आकर्षक व्यक्तित्व भएको युवक राजको भूमिका निर्वाह गरेका छन्। तीन नायिका भने माही (मिनिषा), राधिका (बिपाशा) तथा गायत्री (दीपिका) को भूमिकामा छन्। चलचित्रमा राज-माही, राज-राधिका तथा राज-गायत्रीको प्रेम-प्रसंगलाई आकर्षक ढंगले चित्रण गरिएको छ। चलचित्रले युवापुस्ताको मन जित्ने कुरामा निर्देशक आनन्द ढुक्क छन्। कर्णप्रिय गीत-संगीत समावेश भएको यो चलचित्रमा विशाल-शेखरले संगीत दिएका छन्। आजै शुक्रबार बलिउडमा सलमान खान, प्रियंका चोपडा, सोहेल खान तथा अमिताभ बच्चन अभिनीत चलचित्र 'गड तुसी ग्रेट हो' पनि प्रदर्शन हुँदैछ।

### द रकर

केही समयअघिसम्म प्रत्येक शुक्रबार नयाँ चलचित्र प्रदर्शन हुने हलिउडमा अहिले बुधबार मात्र नयाँ चलचित्र प्रदर्शन गरिन्छ। सोही क्रममा आगामी बुधबार चलचित्र 'द रकर' सार्वजनिक हुने भएको छ। ट्वान्टिथ सेन्चुरी फक्सले वितरण गर्ने यो चलचित्र हास्यप्रधान छ। केही यौनजन्य भाषा तथा पहिरनका कारण चलचित्रलाई १३ वर्षभन्दा माथिका दर्शकले मात्र हेर्न सक्ने श्रेणीमा राखिएको छ। चलचित्रको प्रस्तुति हास्यप्रधान भए पनि यसमा सांगीतिक कथा समेटिएको छ। चलचित्रका नायक एउटा सांगीतिक समूहमा ड्रमरका रूपमा कार्यरत छन्, तर रक स्टार बन्ने अभिलाषाका कारण उनले ड्रमरको जागिर पनि गुमाउँछन्। ड्रमरको जागिरबाट निकालिएका नायकले करिब २० वर्षपछि आफ्नै भतिजाले सांगीतिक समूह स्थापना गरेको जानकारी पाउँछन्, तर के भतिजाले आफ्ना काकाको रक स्टार बन्ने सपनालाई पूरा गर्न सहयोग पुऱ्याउलान् ? चलचित्रको अन्त्यमा मात्र यो प्रश्नको जवाफ फेला पार्न सकिन्छ। रिन विल्सन, क्रिस्टिना एपलगेट, जेन लिन्च, जोस गाड, जेफ गार्लिन आदि कलाकारले प्रमुख भूमिका निर्वाह गरेको यो चलचित्रको निर्देशन पिटर काटानियोले गरेका छन्।

## पहिलो विश्व

### सफल भयो सेक्स थेरापी

शरीरको कुनै अंगले तुलनात्मक रूपमा काम गर्न नसकेको स्थितिमा फिजिओथेरापी लोकप्रिय चिकित्सापद्धतिका रूपमा स्थापित भैसकेको छ। यस्तै यौन दुर्बलता भएकाहरूलाई लक्षित गरेर अस्ट्रेलियाको मेलबर्नमा सञ्चालनमा आएको सेक्सथेरापी क्लिनिकले सोचेभन्दा बढी सफलता पाएको दावी वर्ल्ड सेक्स कांग्रेसमा गरिएको छ।

यौन दुर्बल पुरुषहरूलाई यौनसम्पर्कमा सबल पार्न लामो समयदेखि यौनकर्मीलाई भरपर्दो मानिँदै आएको छ। अझै पनि कतिपय स्थानमा यौनकर्मीकै सहयोगमा यौन दुर्बलता हटाउने परामर्श चिकित्सकहरू स्वयं पनि



दिन्छन्, तर मेलबर्नस्थित यो सेक्सथेरापी क्लिनिक सञ्चालनमा आउँदा वेश्यावृत्तिलाई वैज्ञानिक ढंगले प्रस्तुत गर्न लागेकोमा घेरैले यसको आलोचनासमेत गरेका थिए। आफूलाई यौनकर्मी भन्न रुचाउने छ जना महिलालाई प्रशिक्षण दिएर सञ्चालनमा आएको यो क्लिनिकको निर्देशन भने यौनचिकित्सक ब्रायन हिकम्यानले नै गरेका थिए। एक सेसनको ६ सय डलर तिर्नुपर्ने यो थेरापी कक्षामा यौन आवेग नियन्त्रण गर्न नसक्ने, यौनसम्पर्कको बेला हतास हुने, शीघ्र स्खलन हुनेजस्ता समस्या भएका पुरुषहरू बढी भर्ना भएका थिए। सहभागीहरूको समस्याअनुसार उनीहरूलाई यौनको अभ्यास एवं सल्लाह-सुझाव दिइन्थ्यो।

२० देखि ३५ वर्षसम्मका पुरुषले प्रशिक्षण लिएको पहिलो सेसनको सेक्स थेरापीमा १५ प्रतिशतभन्दा बढीमा यौनसम्पर्कको बेला हतास हुने समस्या थियो भने बाँकीमा यौनसम्पर्कअघि गरिने गतिविधिमा समस्या थियो। सेक्स कंग्रेसको सम्मेलनमा सेक्सथेरापीको सफलता प्रस्तुत गर्दै यसले ९५ प्रतिशत पुरुषमा सफलता पाएको दाबी डा. हिकम्यानले गरे। यो सफलताबाट प्रभावित भएका अन्य सहभागीले आगामी दिनमा यौनकर्मीलाई यो चिकित्सापद्धतिको शिक्षा दिएर लान सके यसले यौनकर्मीलाई मात्र नभएर यौनसमस्याबाट ग्रसित भएका पुरुषहरूलाई फाइदा हुने धारणा प्रस्तुत गरेका थिए।



**किसिङ कन्टेस्ट** : चीनको हेनान प्रान्तमा हालै चुम्बन प्रतियोगिता सम्पन्न भयो। सयौं प्रेमी-प्रेमिकाले सहभागिता गरेको उक्त प्रतियोगितामा एक जोडीले ३ घन्टा १५ मिनेट चुम्बन गरेर पहिलो स्थान हासिल गरे। विजेताले ८५ हजार रुपैयाँ पर्ने हीराको औंठी पुरस्कार पाएका थिए।

### गधा पनि यौनमा

गधा मानिसको जतिसुकै हितैषी जनावर भए पनि यो नामले कसैलाई बोलायो भने ऊ पक्कै रिसाउँछ। गधाको शालिन स्वभावकै कारण जिउँदोमा यसबाट सक्दो फाइदा उठाइरहेको मानिसले अब मरेपछि पनि फाइदा उठाउने भएका छन्। चीनको परम्परागत चिकित्सामा गधाको छालाले महिलाहरूको यौन गतिविधि बढाउने मान्यता छ। अहिले यो मान्यता हङकङमा पनि तीव्र रूपमा बढिरहेको छ। चीनमा गधाको छालाको माग स्थानीय गधाहरूबाटै पूरा हुँदै आएको थियो, तर हङकङमा गधाको छालाको माग बढेपछि दक्षिण अमेरिकाबाट झिकाउन थालिएको छ। गधाको छालाले महिलाको यौन गतिविधिमा सकारात्मक फाइदा गरेपछि अहिले अस्ट्रेलियाका महिलाहरूमा पनि यसप्रति चासो बढेको छ। सिड्नीका आपूर्तिकर्ताले अहिले विभिन्न मुलुकबाट गधाको छाला मगाइरहेका छन्। गधाको छाला प्रयोग गर्नका लागिभन्दा पनि उक्त छालाबाट बनाइने चिनियाँ परम्पराको नु वाओ औषधीले महिलाको यौनचाहना जागृत गर्ने, महिनावारी हुँदा तल्लो पेट नदुख्ने र तन्दुरुस्त राख्ने काम गर्छ। हाल अस्ट्रेलियाका महिलामा बढेको गधाको छालाको औषधीको आपूर्ति गर्न अस्ट्रेलियाको क्विन्सल्यान्डका छाडा गधाप्रति आकर्षण बढिरहेको छ। स्थानीय सरकारले सिकारका लागि खुला गरेको उक्त क्षेत्रमा गधा मार्ने होड नै चलिरहेको छ।





### अन्त्यमा...

पति वा प्रेमीबाट यौन सन्तुष्टि नपाएका महिलाहरूलाई सेक्स भाइब्रेटर भरपर्दो माध्यम हुँदै आएको छ। महिलाका लागि हस्तमैथुनको भरपर्दो साधनका रूपमा रहेका भाइब्रेटरमा उनीहरूको अवश्यकताअनुसार सुधार हुँदै आएको छ। हाल बजारमा उपलब्ध भाइब्रेटर सञ्चालनमा ल्याउन हातको प्रयोग गर्नुपर्ने हुन्छ। आवाजद्वारा सञ्चालनमा आउने भाइब्रेटर बजारमा आएको छ। बेलायतको बजारमा आएको यो भाइब्रेटरमा प्रयोगकर्ताले नौ किसिमको क्रियाकलापलाई उक्त भाइब्रेटरमा राखेका छन्, जसलाई प्रयोगकर्ताले आफ्नो आवाजद्वारा सञ्चालन गर्न सक्छ। जस्तो प्रयोगकर्ताले 'ओ एस' भन्दा भाइब्रेटर तीव्र गतिमा सञ्चालन हुन्छ भने 'स्टप' भन्दा रोकिन्छ। यौन विश्लेषकहरूका अनुसार १५ प्रतिशत महिला पुरुषसँगको यौनसम्पर्कमा सन्तुष्ट हुँदैनन्। यस्ता महिलाको संख्या बढी रहेका कारण भाइब्रेटरको बजार पनि तिनै महिलामा केन्द्रित छ। बजारमा आएको यो भाइब्रेटरको मूल्य ८० पाउन्ड छ।

## सानो पर्दा

• लामो समयपछि दिनेश डिसी पुनः टेलिभिजनको पर्दाका देखिन थालेका छन्। यसअघि 'एलजी क्विज' कार्यक्रममार्फत दर्शकमाझ आएका टेलिभिजनकर्मी डिसीलाई गएको मंगलबारदेखि नेपाल टेलिभिजनमा देख्न थालिएको हो। प्रत्येक मंगलबार राति ९:२० देखि ९:५५ बजेसम्म प्रत्यक्ष प्रसारण हुने कार्यक्रम क्लिक-क्लिकमा दर्शकहरूले एसएमएसमार्फत सहभागिता जनाउन सक्नेछन्। कार्यक्रममा दर्शकहरूले एसएमएसमार्फत कार्यक्रम सञ्चालक डिसीसँग विभिन्न खेल खेल्न सक्छन्। एसएमएसमार्फत कार्यक्रममा सहभागी हुने बढीमा २७ जना भाग्यमानी दर्शकलाई पुरस्कृत गरिनेछ।

• कान्तिपुर टेलिभिजनले दैनिक रूपमा एउटा नयाँ कार्यक्रमको प्रसारण प्रारम्भ गरेको छ। कान्तिपुरले साउन ११ गते शनिबारदेखि सनातन वैदिक धर्मको आध्यात्मिक जागरण प्रवचनको प्रसारण प्रारम्भ गरेको हो। टेलिभिजन तथा राधा-माधव समिति नेपालबीच भएको सम्झौताअनुसार उक्त कार्यक्रमको प्रसारण हुन थालेको हो। यो कार्यक्रम हरेक दिन बिहान छ बजेदेखि साढे छ बजेसम्म प्रसारण हुन्छ। कार्यक्रममा जगत्गुरु श्रीकृपालुजी महाराजले दिएका प्रवचनहरू प्रसारण हुन्छ।

• रंगपत्रकार राजन घिमिरेले चलचित्रसम्बन्धी नयाँ कार्यक्रम तयार पारेका छन्। कार्यक्रम 'क्ल्यापबोर्ड' मार्फत नेपाली चलचित्रसम्बन्धी गतिविधिहरू दर्शकमाझ पुऱ्याइरहेका घिमिरेले सोही कार्यक्रमलाई नयाँ शैली प्रदान गरेको बताएका छन्। नयाँ प्रस्तुतिसहितको यो कार्यक्रम भोलि शनिबार बिहान १० बजेदेखि प्रत्येक साता प्रसारण हुनेछ।

• नेपाल टेलिभिजनबाट प्रसारण भैरहेको कार्यक्रम 'संघर्ष' को प्रसारण समय परिवर्तन गरिएको छ। यो कार्यक्रम अबदेखि सोमबार साँझ ६ बजे ५ मिनेट जाँदा प्रारम्भ हुन्छ। आरती चटौत यो कार्यक्रमकी सञ्चालिका हुन्।

• चलचित्रसम्बन्धी कार्यक्रम 'कलिउड' दर्शकहरूले रुचाएपछि यसका प्रस्तोता तथा निर्देशक सन्तोष रिमाल दंग छन्। चलचित्र पत्रकार रिमालले यो कार्यक्रममा चलचित्रसम्बन्धी विविध विषयमा फिचर शैलीमा तयार पार्न थालेपछि यसलाई दर्शकको मात्र होइन, चलचित्रकर्मीहरूको समेत मन जितेको छ। यो कार्यक्रम नेपाल टेलिभिजन-२ मा सोमबार राति नौ बजे प्रसारण हुन्छ।

• हास्यश्रृंखला 'मेरी बास्सै' मा इकुको भूमिका निर्वाह गरेर दर्शकमाझ लोकप्रिय भएका कलाकार सुलेमान शंकर अब चलचित्रको पर्दामा देखिने भएका छन्। इकुको भूमिकाकै कारण एउटा टेलिभिजन विज्ञापनमा मोडल बन्ने मौका पाएका शंकर अब नेपाली चलचित्र 'गठामुग' मा हास्यकलाकारको रूपमा प्रस्तुत हुनेछन्।



## सााताको स्वर



### राधा राई

**'खोपिराखौंला...' गीत एवार्ड जित्नैका लागि तयार पार्नुभएको हो ?**
एवार्डकै लागि त होइन, तर उत्कृष्ट गायिकाको इमेज एवार्ड हासिल गरेपछि मेहनतको फल मिलेको अनुभव गरेकी छु ।

**स्थापित गायिकाहरूसँग प्रतिस्पर्धा गरेर विजेता बन्नुभएको रहेछ नि ?**
हजुर, मेरो यो गीतले कुन्ति मोक्तान, आनी छोइङ, अञ्जना गुरुङजस्ता स्थापित गायिकाहरूसँग प्रतिस्पधा गरेको थियो ।

**यो कस्तो प्रकारको गीत हो ?**
यो लोकआधुनिक शैलीको गीत हो, जसमा शास्त्रीय शैली पनि मिश्रण छ ।

**शास्त्रीय शैलीमा गाउन कत्तिको कठिन भयो ?**
डाक्टर किराँतको संगीतमा तयार भएको यो गीत गाउन मैले निकै परिश्रम गर्नुपर्‍यो । शास्त्रीय संगीतमा गाउन त्यति सजिलो हुँदो रहेछ ।

**गीतअनुसारको म्युजिक भिडियो बन्यो त ?**
आलोक नेम्वाङले मेरो मेहनतलाई म्युजिक भिडियोमा पनि झल्काइदिनुभएको छ । दर्शकले भिडियो पनि असाध्यै रुचाउनुभएको छ ।

**फ्रान्स** र स्पेनमा भर्खरै सम्पन्न अन्तर्राष्ट्रिय चिल्ड्रेन्स फेस्टिभलमा आफ्नो सांस्कृतिक प्रस्तुति प्रस्तुत गरी एभरेस्ट नेपाल कल्चरल ग्रुपले हालै स्वदेश फर्किएको छ । असार २८ गतेदेखि साउन १६ गतेसम्म चलेको उक्त महोत्सवमा दुई दर्जनभन्दा बढी देशका कलाकारले आफ्नो मौलिक लोकनृत्य प्रस्तुत गरेका थिए । अष्टमाया कोइरालाको नृत्य निर्देशनमा रामप्रसाद पाण्डे, रामबहादुर भुजेल, सुरेन्द्र महर्जन तथा मीना पाण्डे आदिले महोत्सवमा आफ्नो कला प्रदर्शन गरेका थिए । महोत्सवमा नेपालका तर्फबाट नेवारी, झयाउरे, सतार, ख्याली, झोडा, राउटे, चण्डी, मन्जुश्री, वज्रयागीन, लाखे, यति तथा झाँक्रीजस्ता नृत्य प्रस्तुत गरिएको थियो । राजधानीमा आयोजित एक भेटघाट कार्यक्रममा युरोपको सांगीतिक यात्रा अत्यन्त सफल रहेको जनाएको छ । यो समूहले युरोपका फ्रान्स, हल्यान्ड, जर्मनीलगायत बीस मुलुकमा सांगीतिक कार्यक्रम प्रस्तुत गरेको थियो । 'सकेसम्म नेपाली स्वादका धुन प्रस्तुत गर्‍यौं, भेटघाट कार्यक्रममा समूहका सगीतकर्मी सुरेन्द्र श्रेष्ठले भने– 'विदेशमा रहेका नेपाली तथा विदेशीहरूलाई हामीले संगीतमार्फत प्रशस्त मनोरञ्जन दिन सफल भयौं । यो समूहले सन् १९८६ मा स्थापना भएको हो ।

**लोकदोहोरीको** क्षेत्रका चर्चित गायक बद्री पंगेनी तथा अर्का चर्चित लोकदोहोरी गायक बिमलराज छेत्रीबीच मुम्बईमा पुनः सांगीतिक भिडन्त हुने भएको छ । आज १५ अगस्टमा बेग्लाबेग्लै आयोजकले गरेका दुई कार्यक्रममा सहभागी हुन बद्री पंगेनी र बिमलराज छेत्री मुम्बई आइपुगेका छन् । १५ अगस्तदेखि १७ अगस्तसम्म हुने सांस्कृतिक कार्यक्रम नयाँ नेपालमा सहभागी हुन विमलराज छेत्री मुम्बईमा छन् भने अगस्त १५ देखि १९ अगस्तसम्म हुने सांस्कृतिक कार्यक्रम गणतान्त्रिक साँझमा सहभागी हुन बद्री पंगेनी पनि मुम्बई पुगेका छन् । विमलराज छेत्री रहेको कार्यक्रममा अर्का चर्चित गायक रामचन्द्र काफ्ले, दोहोरी गायिका मञ्जु गुरुङ, देउडा गायक राजाराम भाट, हास्यकलाकार लोकनाथ ढकाल र सुन्तली ढकाल सहभागी हुनेछन् । बद्री पंगेनी सहभागी हुने कार्यक्रममा गायक तथा नायक प्रकाश ओझा, देउडा गायक यज्ञराज उपाध्याय, दोहोरी गायिका श्रीदेवि देवकोटा तथा हास्यकलाकार विरबहादुर गुरुङ आदि कलाकार सहभागी हुनेछन् । यी दुवै कार्यक्रमलाई मुम्बईलगायत पुना, कल्याण र वासीमा समेत प्रस्तुत गरिनेछ ।

**स्वदेशको** तुलनामा विदेशी भूमिमा सांगीतिक कार्यक्रम प्रस्तुत गरेर चर्चामा आएको सांगीतिक समूह सुरसुधा करिब डेढ महिना लामो सांगीतिक कार्यक्रमपछि स्वदेश फर्किएको छ । तबला, बाँसुरी र सितारको माध्यमबाट श्रोतालाई मनोरञ्जन दिने यो समूहले स्वदेश फर्किएपछि गत शुक्रबार

**गाईजात्राको** मौसम प्रारम्भ भएकाले होला, राजधानीमा सांस्कृतिक कार्यक्रमको संख्या बढ्न थालेको छ । वर्षायामको अन्त्य तथा चाडपर्वको मौसम नजिकिएकाले पनि रमाइला कार्यक्रमको संख्या बढेको हुनुपर्छ । यसबीच गत शनिबार प्रदर्शनीमार्गस्थित राष्ट्रिय सभागृहमा आयोजित सांस्कृतिक कार्यक्रममा भेला भएका दर्शकहरूले गीत-संगीतसँगै नृत्य तथा हास्यप्रस्तुतिबाट पनि मनोरञ्जन लिने अवसर पाए । राष्ट्रिय सांस्कृतिक मञ्चले आयोजना गरेको उक्त कार्यक्रममा विभिन्न गायक-गायिकाले गीत-संगीत त प्रस्तुत गरे नै, यसबाहेक केही चर्चित हास्यकलाकारहरूको प्रस्तुतिले कार्यक्रम मनोरञ्जक बनेको थियो । कार्यक्रममा अभिनाश घिसिङ, रोज मोक्तान आदि कलाकारले गीत-संगीत प्रस्तुत गरे भने जितु नेपाल, पूर्ण थापा, रवि डंगोल, मञ्जु श्रेष्ठ आदि कलाकारले विभिन्न प्रस्तुतिमार्फत दर्शकहरूलाई हँसाए । कार्यक्रममा एल्भिस फिल्म्सका कलाकारहरूले प्रस्तुत गरेको नृत्य पनि आकर्षक रह्यो । कार्यक्रममा विभिन्न व्यक्तित्वलाई सम्मानित गरिएको थियो ।

**काभ्रेको** नालामा गत शनिबार आयोजित सांगीतिक कार्यक्रममा गायक रामकृष्ण ढकालले चलचित्र सीमारेखाको एउटा लोकगीत गाउँदा दर्शकहरू दंग परे । उनलाई नवोदित गायिका मल्लिका कार्कीले साथ दिएकी थिइन् । कार्यक्रममा रामकृष्णले चारवटा गीत गाएका थिए भने गायिका कार्कीले पनि थप दुईवटा गीत गाएकी थिइन् । कार्यक्रमम लोकगायक विमलराज क्षेत्रीले सुपारी चाम्रो म त के राम्रो लगायत दुईवटा गीत गाएका थिए । सिंह प्रतिष्ठान, कुलेश्वरले आयोजना गरेको उक्त कार्यक्रममार्फत हास्य जोडी मदनकृष्ण श्रेष्ठ तथा हरिवंश आचार्यले नाला गाविसका २ सय ४० जना वृद्ध-वृद्धालाई अभिनन्दन गरेका थिए ।

**झन्डै** आठ वर्षअघि पहिलो गीतिसंग्रह 'तरेली' मार्फत श्रोतामाझ आएका गायक सूदन गैरेले दोस्रो गीतिसंग्रह 'डिफाइन' तयार पारेका छन् । चितवनका यी गायकले गायका पपगीतहरूको यो नयाँ संग्रहलाई म्युजिक डटकमले यसैसाता बजारमा ल्याउँदैछ ।

## लाइभ शो

• भृकुटीमण्डपस्थित काठमाडौं फन पार्कका भोलि शनिबारदेखि आगामी शनिबारसम्म 'समर फेस्टिबल-२००८' शीर्षकको रमाइलो कार्यक्रम हुँदैछ । पेज थ्री इन्टरटेन्मेन्टले आयोजना गर्न लागेको उक्त गर्मी उत्सवमा विभिन्न रमाइला खेल खेलाइनुका साथै फुड फेस्टिवल, सांगीतिक कार्यक्रम, नृत्य प्रस्तुति, फेस पेन्टिङ तथा बालबालिकाका लागिसमेत केही रमाइला कार्यक्रम तयार पारिएका छन् । साताभरि जारी रहने उक्त कार्यक्रम हरेक दिन दिउँसो १२ बजेदेखि प्रारम्भ हुनेछ ।

• सातदोबाटो, ललितपुरस्थित अन्तर्राष्ट्रिय स्वीमिङ कम्प्लेक्समा भोलि शनिबार एउटा डान्स पार्टी आयोजित हुँदैछ । 'स्प्लास ग्राइन्ड २००८' शीर्षक राखिएको उक्त कार्यक्रममा चार जना डिजेहरू शिशिर, रूपेश, उकेश तथा शंक्सले उपस्थित दर्शकहरूलाई विभिन्न संगीत बजाएर नृत्य गराउनेछन् । दिउँसो दुई बजे प्रारम्भ हुने उक्त कार्यक्रममा डान्स पार्टीसहित स्वीमिङको समेत मज्जा लिन सकिने आयोजक ल्हावाङ इभेन्ट म्यानेज्मेन्टले जनाएको छ ।

## अफबिट



**गुन्यू-चोली, पटुकी सुहाएको :** झ्याम्म चौतारी गीतको म्युजिक भिडियोमा अभिनय गर्दै मोडल प्रशंसा श्रेष्ठ र अन्य । तस्बिर : फुर्सद डटकम

**सांगीतिक** कार्यक्रमका क्रममा अमेरिका गएर त्यहीं बसोबास गर्न थालेका सांगीतिक समूह मंगोलियन हर्टका गायक राजु लामा अस्ट्रेलियामा आयोजित एक सांगीतिक कार्यक्रममा सहभागी भए ।

**विश्व** आदिवासी दिवसका अवसरमा कतारमा बसोबास गरिरहेका नेपालीहरूले एउटा सांस्कृतिक कार्यक्रम सम्पन्न गरेका छन् । नेपाल प्रवासी आदिवासी जनजाति महासंघले आयोजना गरेको सांस्कृतिक कार्यक्रममा किराँत, गुरुङ, मगर, थारु आदि जनजातिले आफ्नो जातिअनुरूपको सांस्कृतिक गीत तथा नृत्य प्रदर्शन गरेका थिए ।

**पूर्वाञ्चलमा** आयोजना हुने अधिकांश सांगीतिक कार्यक्रममा पूर्वकै तीन गायक सुमित खड्का, प्रवलदीप विश्वास तथा फुर्वा शेर्पा प्रायः छुट्दैनन् । त्यस्ता कार्यक्रममा सहभागी भएर छुट्टा-छुट्टै गीत गाइरहने क्रममा यी तीन गायकबीच एक प्रकारको मित्रता नै गाँसिएको छ । त्यही मित्रतालाई दीर्घायु बनाउने उद्देश्यले उनीहरूले गत वर्ष एउटा राष्ट्रिय गीत नै रेकर्ड गराए । 'हिमाल पहाड तराई' को उक्त गीत रेकर्ड भएपछि उनीहरूले सांगीतिक कार्यक्रममा समेत संयुक्त रूपमा यही गीत गाउन थाले । पूर्वाञ्चलमा लोकप्रिय भैसकेको यो गीत केही महिनाअघि वितरण गरिएको इमेज एवार्डका लागि मनोनीतसमेत भएको थियो । गीतले लोकप्रियता हासिल गरेकैले यी तीनै जना गायकले गत बुधबार यो गीतको म्युजिक भिडियो छायांकन गरेका छन् । काठमाडौंमा छायांकन गरिएको यो भिडियोको निर्देशन गायक फुर्वा शेर्पाले गरेका छन् ।

**गायक** प्रकाश पौडेलले आफ्नो नयाँ गीतिसंग्रह 'काले' को एउटा गीतको म्युजिक भिडियोको निर्देशन आफैंले गरेका छन् । यसै साता छायांकन भएको 'रक्सी-रक्सी' गीतमा प्रकाश स्वयंले अभिनय पनि गरेका छन् । गीति संग्रह पनि यसै सातादेखि बजारमा आएको उनले बताएका छन् ।

## नजिकबाट

### दमन रुपाखेती



तस्बिर : नवराज वाग्ले

| | |
|---|---|
| जन्ममिति | : २०३२।३।२७ |
| घरमा बोलाउने नाम | : दमने |
| नामको अर्थ | : पेल्ने/दबाउने |
| परिचय | : गायक/हास्यकलाकार |
| जन्मस्थान | : महादेवस्थान-५ थानकोट |
| रुचि | : गीत गाउनु र हँसाउनु |
| प्रकाशित एल्बम | : कुरकुरे बैस, खित्का, लास्टाँ त्यै |
| सांगीतिक गुरु | : मीरा राणा |
| नजिकका साथी | : दमन्ता |
| मनपर्ने परिकार | : दाल-भात, अचार |
| पकाउन जान्ने परिकार | : सबै |
| मनपर्ने रंग | : पहेंलो/नीलो |
| मनपर्ने पहिरन | : जिन्सपाइन्ट, टिसर्ट |
| मनपर्ने मौसम | : वसन्त ऋतु |
| मनपर्ने खेल | : फुटबल |
| फुर्सदमा | : पत्रिका पढ्ने, गीत सुन्ने |
| मनपर्ने गीत | : यति धेरै माया दिई (नारायण गोपाल) |
| रिस उठेको बेला | : हातले भित्तामा हान्ने |
| मनपर्ने आफ्नै बानी | : चाँडो विश्वास गर्ने |
| पहिलो गीत | : कुरकुरे बैस |
| पहिलो एल्बम | : कुरकुरे बैस |
| पहिलो चर्चित गीत | : लास्टाँ त्यै |
| सबैभन्दा बढी माया | : आमा-बाबा |
| पहिलो बाजा | : मादल |
| पहिलो प्रेम | : दर्शक |
| पहिलो चुम्बन | : सुटिङमा |
| पहिलो फोटोसेसन | : साप्ताहिकका लागि नवराज वाग्ले |
| राम्रो बानी | : हाँसिरहने |
| नराम्रो बानी | : तुरुन्तै रिसाउने |
| गोप्य कुरा | : नभनौं |
| अन्य प्रतिभा | : नाच्न पनि जान्दछु |

## ब्यान्ड बक्स

### द्रव्य ब्यान्ड



नेपालमा रक संगीतको लोकप्रियता बढाउने उद्देश्यले करिब पाँच वर्षअघि स्थापना भएको सांगीतिक समूह 'द्रव्य' मा चार जना संगीतकर्मी आबद्ध छन् । समूहमा क्षितिज पोखरेल गायनसँगै बास गिटारिस्टको भूमिका पनि निर्वाह गर्छन् । खासगरी कन्सर्टमा उनले गीत गाउने तथा गिटार बजाउने काम एकैसाथ गर्छन् । समूहका अर्का सदस्य अमित शर्मा लिड तथा क्लासिकल गिटारिस्टका रूपमा कार्यरत छन् । सन्दिप श्रेष्ठ भने ह्याबी रिफ्स तथा ब्याक भोकलका रूपमा रहेका छन् । बिपिन रिजाल ड्रमरका रूपमा सक्रिय छन् । समूहले पहिलो पटक रेकर्डिङ गरेको गीत पप शैलीमा आधारित थियो । 'म राम्रो छोरा बन्न सकिनँ...' गीत रेकर्डिङ गरेपछि यो समूहले थुप्रै कन्सर्टमा यही गीत गायो । समूहको अर्को गीत 'भन तिमी...' रिलिज भएपछि भने यसको चर्चा देशभरि नै हुन थालेको हो । समूहका सदस्यहरू आफ्नो पहिलो गीतको म्युजिक भिडियो निर्माण गर्न व्यस्त छन् । समूहले सांगीतिक कार्यक्रममा सहभागी हुँदै भविष्यमा संगीतमार्फत नै समाजसेवाको क्षेत्रमा सक्रिय हुने उद्देश्यसमेत राखेका छन् । भारतको नयाँदिल्लीमा सम्पन्न विश्व रक कन्फ्रेन्समा उत्कृष्ट दस रक समूहमा पर्न सफल यो समूहले गीत सिर्जना गर्दा शब्द तथा संगीतमा बढी ध्यान दिने गरेको छ ।

## ठट्यौली प्रकाशसँग



एउटा व्यक्ति नामी डाक्टरकहाँ गएर भन्यो- मेरो घाँटी खराब छ।

पल्लो कोठामा गएर सबै कपडा खोल्नुस्,' डाक्टर बोल्यो।

तर डाक्टर सा'ब मेरो त... ?

पल्लो कोठामा जानुस् भनिनू मैले...जानुस् म एक मिनेटमा आउँछु।

व्यक्ति के गरौं के नगरौं भावमा पल्लो कोठामा गयो र सबै कपडा खोल्यो अनि एउटा बेन्चमा बस्यो, अचानक छेउमा हेर्दा उसले देख्यो कि ऊजस्तै एउटा नांगो व्यक्ति पल्लो बेन्चमा बसिरहेको थियो। उसको काखमा चिठीपत्रहरूको बन्डल थियो।

अचम्मको रहेछ यो डाक्टर पनि, उसले छेउको मानिससँग भन्यो- 'मेरो घाँटी खराब छ र पनि सबै लुगा खोलेर बस भन्छ।'

तपाईंको त घाँटी खराब रहेछ हजुर, म त चिठी पुऱ्याउन आ'को थें छेउकोले जवाफ दियो।

०००

एउटी युवती जागिरका लागि इन्टरभ्यु दिन गई।

'तपाईंको उमेर कति हो ?' इन्टरभ्यु लिनेमध्येको एकले सोध्यो।

केटीले धेरै बेर लगाएर औंला भाँची र भनी- 'बीस वर्ष।' 'तपाईंको उचाइ ?' दोस्रोले प्रश्न गऱ्यो ?

युवतीले इन्च टेप लिकाली, एकछेउ बूढीऔंलाले टेकी, अर्को छेउ टाउकोसम्म पुऱ्याइ र नाप्दै भनी- '५ फुट ४ इन्च।'

इन्टरभ्यु लिने सबै छक्क परे अनि सबैले अब यस्तो प्रश्न गर्ने निर्णय गरे, जसमा नाप्ने जोख्ने काम गर्नु नपरोस्।

'तपाईंको नाम के हो ?' तेस्रोले प्रश्न गऱ्यो, उत्तर दिनुभन्दा अघि ३० सेकेन्डसम्म ओठ चलाई र भनी- विमला।'

'सानो उत्तर दिन किन यत्रो समय लगाएको ? अनि केही बेर ओठ किन चलाएको ?' पहिलाले सोध्यो।

'म त्यो गीत याद गरिरहेकी थिएँ,' युवतीले भनी- 'जुन गीत मेरा साथीहरूले मेरा लागि मेरो जन्मदिनमा गाएका थिए।'

कुन गीत ?

'हेप्पी बर्थ डे टु यु ! विमला, हेप्पी बर्थडे टु यु विमला !'

०००

एउटा बूढो मानिसको छाता हरायो। जुन जुन पसलमा ऊ पहिले गएको थियो प्रत्येक पसलमा गएर छाता मैले यहाँ छोडे कि ? भनेर सोध्यो। कसैले पनि छ भनेनन्। धेरै पसलमा सोधेपछि अन्तिममा एउटा पसलमा उसको छाता भेटियो अनि उसले पसलेलाई भन्यो- 'हजुर यो बजारभरि तपाईं मात्र इमानदार मानिस हुनुहुँदो रहेछ, अरू पसलेहरूसँग सोध्दा सबैले छोडेको छैन भने।'

### मेरो कुरा

पुर्खादेखि भनिँदै आएको कुरा 'हामी सदासर्वदा मुस्कुराइरहनुपर्छ' तर अहिले अवस्था के छ भने सदा-सर्वदा मुस्कुराइरहनुभयो भने कसैले 'यो गधा त पागल भएछ' भन्न बेर छैन।

## कविता

### आँखाबाट आँसु बह्यो



मैले फूल दिएकै थिएँ, कसरी तिमीलाई काँडा पऱ्यो,  
माया गर्छु जानेकै थियो, बीचमा कसले धोका गऱ्यो।  
कसम सारा निभेकै थिए, वाचा कसम कसले तोड्यो,  
सँगै जिउने वाचा थियो, बीच बाटोमै कस्ले छोड्यो।  
तिमीविना मर्छु भन्थ्यौ, को विना खै को नै मऱ्यो,  
माया मैले गरेकै थिएँ, घृणाको विष खै कसले भऱ्यो।  
धनले के नै पो गर्छ भन्थ्यौ, कस्ले बिर्स्यो कसले जान्यो,  
सानो मूलको पानी थियौ, खहरे खोलाले खै कस्लाई तान्यो।  
तिमै सिन्दूर लाउँछु भन्थ्यौ, पराई सिन्दूर माथमा हाल्यौ,  
सम्फनालाई दिएको चिनो, लुकाई लुकाई खै कता फाल्यौ।  
'घुम्टी तिम्ले उठाउनु है' भन्थ्यौ, सम्फना त आलै रह्यो,  
पराई डोली तिमी चढ्दा, आँखाबाट नदी बह्यो।

–अनु खनाल

### तिमीलाई

अन्धकार रात मलाई, जुन तिमीलाई  
अलिनो चैं मैखाउँला, नुन तिमीलाई  
दिन खोज्दा खोज्दै पाको, छैन केही दिन  
तामा, पित्तल मै लाखुँला, सुन तिम्रा लागि  
रगतको अभावमा मर्नु पर्नेछैन तिमी  
मेरो सास रहुन्जेल, खुन तिमीलाई  
गीतिगुञ्जन तिमीलाई, अति राम्रो लाग्ने रै'छ  
मीठो-मीठो संगीतको धुन तिमीलाई।

–बद्री शिवाकोटी

### रोक्किएँ म

साँघुरो रहेछ बाटो, अनायसै ठोक्किएँ म  
पुलुक्क हेऱ्यौ तिम्ले, सर्माउँदै रोक्किएँ म  
लापरबाह देखियौ तिमी, कसोकसो फोक्किएँ म  
याचना गऱ्यौ तुरुन्तै, त्यसैले पो रोक्किएँ म  
जादुगरी तिम्रा आँखा, नचाहेरै पोखिएँ म  
दुनियाँको नजरबाट जोगिन रोक्किएँ म  
धुलो छ्याप्ने धेरै हुन्छन्, सम्हालिँदै चोखिएँ म  
सम्मोहनले तान्न थाल्यो, पाइला चाल्दै रोक्किएँ म।

–विद्या सापकोटा

### म आफैं दोषी थिएँ

रसिला तिम्रा ती आँखाहरूले  
मायाको अभिव्यक्ति दिएजस्तो लाग्छ।  
निर्धक्क फुकाएर हाँसेका ओठहरूले  
चुम्बनको भाका हालेजस्तो लाग्छ।  
लामो समयपछिको त्यो भेटमा पनि कता-कता  
न्यानो अंकमालको अभाव खड्किएजस्तो लाग्छ।  
संकुचन र आडम्बरलाई तोडेर  
किन फर्कदैनन् अतीतका ती दिनहरू  
विद्रोहका लागि सहमति मागेको थिएँ,  
भन्न सकिनँ हिम्मतै भएन  
तिम्रो सुन्दर घर भत्काउने  
नलगाउने माया त लाइसकेको थिएँ,  
नखाने धोका पनि खाइसकेको थिएँ  
विश्वास दिलाउनु त तिम्रो के दोष,  
विश्वास गर्ने म आफैं दोषी थिएँ।

–पम्फा रिमाल

### मस्ती देखियो

हरियाली वनबीच बस्ती देखियो  
बस्तीभरि सुन्तलीको मस्ती देखियो  
कतिपल्ट ईर्ष्या साँची हिँडियो नै  
उनलाई भेट्ने बाटोभरि गस्ती देखियो  
जिन्दगीको किनारमा उछिट्टिएर बस्दा  
एकान्तमा दुनियाँको जबर्जस्ती देखियो  
सपनाको शिखरमा रेशमले चियाउँदा  
जिन्दगीमा हार्ने-जित्ने हस्ती देखियो।

–रेशमकुमार सुनुवार

## लघुकथा

### अहिंसाको मेला



बुद्धजयन्तीका बेला एउटा गुम्बामा मेला लाग्यो। मेलामा धार्मिक सम्मेलन हुने भएकाले टाढा-टाढाबाट बौद्ध भिक्षु पनि जम्मा भए। भिक्षुहरूले हिंसा गर्नुहुँदैन भन्ने कुरामा जोड दिए। उनीहरूले हिंसाका विभिन्न किसिमका बारेमा चर्चा गरे। भिक्षुहरूको भाषणपछि प्रसाद बाँड्न थालियो। प्रसाद खानेहरूको भीड जम्मा भयो। त्यही भीडमा एकजना १० वर्ष जतिको बालक निन्याउरो मुख लगाएर उभिरहेको थियो। उसका लुगा निकै मैला थिए। धेरै दिनदेखि नखाएकाले हुन सक्छ, ऊ भीडमा टिक्न सकिरहेको थिएन। ननुहाएका कारण शरीरमा कत्लैकत्ला देखिन्थे। ऊ नजिक पर्दा ठुस्स गन्हाउँथ्यो।

प्रसाद खाने स्थानमा यस्तो बालक पुगेपछि बौद्ध भिक्षुहरूले अघिका सबै कुरा बिर्सिए। बालकलाई उनीहरूले केही पर बस्न निर्देशन दिए। एउटा कागजमा परैबाट प्रसाद खान दिए। उनीहरूले आफ्नो समूहमा उसलाई राखेनन्। बरु प्रसाद खानेबित्तिकै उसलाई आफ्नो घर फर्कन भने। ऊ आमाबुवा नभएको टुहुरो थियो। ऊ गुम्बामा खान पाइने लोभले तानिएको थियो। आफूलाई कसैले संरक्षण गर्ला भन्ने उसको आशा थियो तर उसलाई आफ्नो कुरा भन्नै नपाई त्यहाँबाट खेदाइयो।

यो दृष्य देखेपछि मलाई लाग्यो, यो पनि हिंसाको एउटा रूप हो। अघि भर्खरसम्म अहिंसाका बारेमा भाषण दिने भिक्षुहरूले पनि हिंसा गर्छन् भने अरूको अवस्था के होला ?

–दीपेन लामा

## धरानमा लिटिल लेडी




साप्ताहिक समाचार

धरान- गर्मी मौसमको बिदामा प्रतिभा प्रदर्शनमा प्रोत्साहनका निम्ति भोलि शनिबार धरानमा २३ जना साना बालिकाबीच 'लिटिल लेडी धरान' प्रतियोगिता हुँदैछ। प्रतियोगिताको उपाधिका निम्ति साउन महिनाको प्रारम्भदेखि नै दैनिक दुई घण्टा बालिकाहरू अभ्यासमा जुटेका छन्।

क्याटवाक, नृत्य तथा भाषण कलाको प्रशिक्षण लिइरहेका प्रतिस्पर्धी बालिकाहरू ८ देखि १३ वर्षसम्मका छन्। उनीहरू धरानका विभिन्न आठवटा विद्यालयमा अध्ययनरत छन्। धरानको देवश्री नृत्य सेन्टर तथा हिमालयन काठमण्डप कल्चरल ग्रुप, काठमाडौंको संयुक्त आयोजनामा सञ्चालन हुन लागेको लिटिल लेडीका विजेता, उपविजेता र तेस्रो स्थान हात पार्ने बालिकाहरूलाई ताज, आकर्षक सुनको औंठीसँगै ट्रफी र अन्य गिफ्टहरू दिइने बताइएको छ। विभिन्न १२ वटा विधामा व्यक्तिगत पुरस्कार पनि प्रदान गरिनेछ।

सहभागी बालिकाहरूको व्यक्तित्व विकास एवं प्रतिभा प्रदर्शन गर्ने लक्ष्य लिइएको कार्यक्रममा परिचय, बेस्ट ड्रेस र ट्यालेन्ट राउण्डबाट उत्कृष्ट ठहरिएका दस जना बालिका फाइनल चरणमा उपाधिका निम्ति प्रतिस्पर्धा गर्न चुनिनेछन्। त्यसपछि निर्णायकहरूको प्रश्नोत्तरको आधारमा विजेता, उपविजेता र तृतीय स्थानमा विजयी बालिकाहरूको नाम घोषणा गरिने प्रतियोगिता संयोजक देवराज खड्काले बताए। प्रल्हाद केसीले कार्यक्रममा कोरियोग्राफी गरिरहेका छन्।

## लोप हुने अवस्थामा बहुपति प्रथा



संखुवासभा जिल्लाको दुर्गम भोटखोला क्षेत्रमा बसोबास गर्ने नावा जातिको परम्परागत चलन 'बहुपतिप्रथा' अहिले लोप हुने अवस्थामा पुगेको छ। संखुवासभा जिल्लाकोसीमावर्ती गाविसहरू किमाथांका, चेपुवा तथा हटिया गाविसमा बसोबास गर्ने नावा जातिको यो चलन परापूर्व कालदेखिको हो। अहिले युवा पुस्तामा बहुपति प्रथाप्रतिको नकारात्मक धारणाका कारण पछिल्लो २० वर्षयता कसैले पनि यस्तो विवाह गरेका छैनन्।

अहिले यसरी बहुपति प्रथा अपनाएर बस्ने परिवार चेपुवा- ७ र ८ मा क्रमश: १ र ३ तथा किमाथांका गाविसमा ५ परिवार छन्। तिब्बतीयन मूलका नावाहरूमा यो सामाजिक परम्परा भए पनि अहिले यसलाई आफ्नै जातिका युवावर्ग र अन्य समुदायबाट कुप्रथाको रूपमा हेरिने हुँदा क्रमश: लोप हुने अवस्थामा पुगेको चेपुवा- ८ रिदाकका तेम्बा नावा बताउँछन्। तेम्बा आफूसमेत बहुपति प्रथा अपनाउनेमध्येका एक हुन्। आफ्नो पुस्ता सकिएपछि यो परम्परा पनि समाप्त हुने तेम्बाको ठहर छ। तेम्बा तथा उनका दाइले २५ वर्ष पहिले एउटै महिलासँग विवाह गरेका थिए। ४८ वर्षका तेम्बा र उनका दाइको अहिले पनि एउटै साझा श्रीमती र छोराछोरी छन्। तेम्बासमेत आफ्नो जातीय परम्परा भए पनि यो प्रथा मन नपराउने बताउँछन्।

किमाथांकाका चार परिवारले यस्तै विवाह गरेका छन्। बाबु पुस्तासम्म निरन्तरता पाएको बहुपति प्रथा नयाँ पुस्ताले नदोहोऱ्याएपछि अन्त्य हुने अवस्थामा पुगेको किमाथांका स्वास्थ्यकर्मी तेञ्छेवी लामा बताउँछन्। युवा पुस्ता शिक्षित बनेपछि यसलाई निरन्तरता नदिने सामूहिक निर्णय नै भएको उनको भनाइ छ।

सबै दाजुभाइले एउटै श्रीमती ल्याउँदा पारिवारिक असमझदारी उत्पन्न हुन थालेकाले यसप्रति विकर्षण बढेको रिदाकका नोर्चे च्याबा बताउँछन्। उनले दाइसँग एउटै महिलासँग परम्पराअनुसार विवाह गरेका थिए तर दाइले श्रीमती पेवा बनाएपछि उनीहरूबीच झगडासमेत भएको थियो। अहिले श्रीमती दाइसँगै छिन् भने उनले विवाह गरेका छैनन्। उनले दाइले आफूलाई क्षतिपूर्ति दिनुपर्ने वा अर्को विवाह गरिदिनुपर्ने माग गर्दै आएका छन्। चेपुवा छुमसुरका शिक्षक छेवाङ लामा बहुपति प्रथा अपनाउँदा यौनजीवनमा अप्ठ्यारो हुने बताउँछन्। यौनमा असमझदारीका कारण पनि यस्तो विवाहप्रति विकर्षण बढेको उनको धारणा छ। सबै दाजुभाइले पालैपालै श्रीमतीसँग बस्ने तालिका मिलाएर विवाह गरिएको हुन्छ तर विवाहपछि कुनै एक जना बढी हावी हुन्छ, यसले धेरैको नाम मात्रको श्रीमती हुन्छ यो परम्परा- छेवाङ भन्छन्।

बहुपतिप्रथामा विवाहपछि जन्मिएका छोराछोरी श्रीमतीले भाग लगाइदिने चलन हुन्छ। यो प्रथाअनुसार श्रीमतीकै विश्वासमा आफ्नो छोरा वा छोरी भनेर दाजुभाइले भाग लगाउँछन् र सन्तान छुट्याउँछन्। तेम्बाको र उनका दाइले पनि सन्तान भाग लगाएका छन्। तेम्बाले जेठा छोरा छिण्डुम र छोरी पाएका छन् भने दाइले कान्छा छोरा गेम्जो पाएका छन्। किमाथांकामा पनि पहिले बहुपतिप्रथा अपनाएका कतिपय दाजुभाइ पत्नी एक जनालाई जिम्मा दिएर आफ्नो भागमा परेको शिशु तथा अंश लिएर छुट्टै पारिवारिक जीवन बिताउन थालेका छन्।

जति जना दाजुभाइ भए पनि एउटै महिला साझा श्रीमतीका रूपमा विवाह गर्ने चलन नै बहुपतिप्रथा हो। नावा जातिका कतिपय मानिसहरूले परापूर्वकालदेखि यो परम्परा अपनाउँदै आएका थिए। यो प्रथा अपनाउँदा विवाहको खर्च कम हुने र जनसंख्या वृद्धिक्रम हुने समाजशास्त्रीहरूको भनाइ छ। तिब्बतको उच्चभूमिमा कम अन्न उत्पादन हुने र घुमन्ते जीवन पद्धतिका कारण पनि यो परम्परा सुरु भएको विश्वास गरिन्छ। नेपालका नावाहरू जस्तै भारतको केरलामा बस्ने नायर जातिमा बहुपतिप्रथा अद्यापि विद्यमान छ। नायरहरू शिक्षित भएर पनि यसलाई निरन्तरता दिइरहेका छन्।

परापूर्व कालमा चीनको तिब्बतबाट नेपाल आएका नावाहरू करिब २ सय घरधुरी जति छन्। उनीहरूले आफूलाई शेर्पा बताए पनि ०५८ सालको जनगणनामा नावालाई सिङसावा भोटेमा समावेश गरिएको छ। यसले आफूहरूको जातीय पहिचान विलोप गराउने काम भएका चेपुवाका सामाजिक कार्यकर्ता छिण्डुम नावा बताउँछन्।

–राजधन कुलुङ



# वैवाहिक जीवनमा रोमान्स

दाम्पत्य जीवनको मधुरता विवाहमा घोलिएको रोमान्समा निर्भर गर्छ। रोमान्स छैन भने दाम्पत्य जीवनमा पनि एक्लोपन महसुस हुन्छ। प्रेम र रोमान्सप्रति दूरी बढ्नेबित्तिकै व्यक्ति आफैमा हराउँछ र उसले आफू एक्लो नभई जोडी भएको कुरा भुल्छ जसले साथ रहेर अघि बढ्ने वाचा गरेको थियो। वैवाहिक जीवनमा रोमान्स एक सुखद् सुन्दर पक्ष हो, जसमा व्यक्तिले प्रेम दिएर र प्राप्त गरेर नै आपसी सम्बन्धलाई सुदृढ, सुमधुर र चिरस्थायी बनाउन सक्छ। कैयन् अवस्थामा व्यक्तिले प्रेम प्राप्त गर्न पनि जान्दैन, किनकि उसलाई भरोसा नै हुँदैन कि रोमान्सका लागि ऊ पनि चयन हुन सक्छ अथवा यति सुन्दर ढंगबाट प्रेम प्राप्त हुन्छ किनकि विवाह आफैमा एक रोमान्टिक प्रक्रिया हो।

विवाहसित जोडिएका हरेक कुरा रोमान्टिक हुन्छन् भने विवाहपश्चात् रोमान्समा कमी महसुस हुन्छ। धेरैजसो दम्पती सोच्छन्- विवाहपछि रोमान्स बच्दैन। तिनलाई लाग्छ- विवाहपछि रोमान्स किचनको झ्याल वा बेडरुमको ढोकाबाट बाहिर जान्छ। विवाहमा रोमान्स मात्र रातो गुलाब वा रंगबिरंगी गिफ्टमा टिकेको हुँदैन। त्यसका लागि आवश्यक हुन्छ भावनात्मक सहाराको जसमा व्यक्तिले आफ्नो साथीसित मनका कुरा सेयर गर्न सकोस्। केही दम्पतीका अनुसार विवाह सूत्रमा बाँधिनु आफैँमा रोमान्टिक हुनु हो, किनकि विवाह अरू केही नभएर सुन्दर सम्बन्धको रोमान्टिक अनुभूति हो।

पति-पत्नीबीच एक-अर्काका लागि प्रेम आवश्यक हुन्छ तर सम्बन्धमा रोमाञ्चता ल्याउन हरेक क्षण नयाँपनको आवश्यकता पर्छ। आपसी सम्बन्धमा अतिरिक्त ध्यान दिए मात्र यो नयाँपन सम्भव हुन्छ। रोमान्सको मधुरताले नै दाम्पत्य सम्बन्धमा स्पेसल इफेक्टको कार्य गर्छ। पति-पत्नीले आफ्ना साथीको सम्मान गर्दै आफ्नो सम्बन्धको गहिराइमा डुबेर नै यी भावनालाई जीवित राख्न सक्छन्।

एक अध्ययनअनुसार करिब ७० प्रतिशत सम्बन्धविच्छेद दम्पतीमध्ये कोही एकलाई अर्काको सामु आफूलाई हीन सम्झन थाल्ने कारणले हुन्छ। यदि प्रेममा विश्वास र वैवाहिक जीवनका मूल्यमा इमान्दारी एवं वचनबद्धतालाई नजरअन्दाज गरिएन भने रोमान्सको ताजापनलाई जहिले पनि महसुस गर्न सकिन्छ। पति-पत्नीबीच आपसी कुराकानी मात्र आफ्नो बालबच्चाको पढाइ, स्कुलको फिस, कामकाजको समस्या, हरेक महिनाको खर्च, मम्मी-पापा, भाइ, दिदीबहिनी आदिका सम्बन्धका बीचमा घुमिरहन्छ। आफ्नो परिवारका बारेमा सोच्नु आवश्यक छ तर पति-पत्नीले आफू र आपसी सम्बन्धका बारेमा पनि बुझ्नु र समय दिनु उत्तिकै आवश्यक हुन्छ अनि मात्र सम्बन्ध जीवन्त रहन्छ।

रोमान्सको अर्थ पतिको सर्टमा बटन राख्ने कार्य गर्नु पनि होइन। रोमान्सले दाम्पत्य सम्बन्धमा सिमेन्टको कार्य गर्छ र यसले दम्पतीलाई एक-अर्काप्रति स्पेसल महसुस गराउँछ। यसले नयाँ आशा र उमंगबाट जीवनलाई सिञ्चित गरिरहन्छ। पर्यावरणको गर्मी एक फरक विषय हो तर घरको वातावरण र मिजाज गरम नहोस् भन्ने कुरामा ध्यान पुर्‍याउनुपर्छ। किनकि वैवाहिक सम्बन्धमा भएका भावनात्मक तोडफोडले आपसी सम्बन्ध र त्यससित जोडिएका अन्य कुरालाई समेत नकारात्मक असर पार्छ।

पैसा, स्वतन्त्रता वा आत्मनिर्भरताले प्रेम सम्बन्धलाई काँडाको झाडीसरह बनाउँछ। जुन दम्पती आपसी वहस, एक-अर्काको आलोचना वा कुनै अरू किसिमका मतभेदमा पर्छन्, तिनलाई हृदयसित जोडिएको समस्या हुने प्रबल सम्भावना हुन्छ। अर्कातर्फ ख्यालठट्टा, हाँसोले ब्लड प्रेसर कम गर्नुका साथै क्यालोरी जलाउनमा पनि सहयोगी हुन्छ भने यसलेआपसी सम्बन्धलाई फलदायी बनाउँछ।

एक अध्ययनअनुसार जो दम्पती मिलेर रहन्छन्, ख्यालठट्टा गर्छन्, पुराना मधुर सम्झनालाई मिलेर स्मरण गर्छन् तिनीहरू आपसी सम्बन्धलाई लिएर तृप्त हुन्छन्। सुखद् सम्झनाले तिनलाई सुख प्रदान गर्छ भने यसले वैवाहिक रोमान्सलाई पनि ताजापन प्रदान गर्छ।

बाथरुमको ढोकाको आडमा बसेर पत्नीले टवेल माग्नु, पतिका लागि रोमान्टिक हुनसक्छ तर पत्नीलाई नहुन सक्छ। आधा रातमा उठेर हल्का उज्यालोमा कुराकानी गर्नु सायद रोमान्टिक होला। यदि रोमान्स चाहने हो भने रोमान्टिक वातावरण सिर्जना गर्नुपर्छ। खानाको प्लेट लिएर टेलिभिजनअघि बस्नुभन्दा डाइनिङ टेबलमा एक-अर्काका सामु बसेर क्यान्डल लाइटमा डिनर गर्नु बढी रोमान्टिक हुन्छ।

शरीरको उमेर हुन्छ तर प्रेम र रोमान्सका लागि उमेर हुँदैन। साथीको सुन्दर पक्षमा नजर हाल्नुहोस्, उसका खुबीलाई याद गर्नुहोस्। आँखा बूढो होला, दृष्टि कमजोर होला तर साथीलाई मनको नजरबाट हेर्न कहिल्यै नछोड्नुहोस् तब मात्र रोमान्स दीर्घकालीन बन्न पुग्छ। आपसी आकर्षण कायम रहनु नै वैवाहिक रोमान्स हो।

विवाहको दुई वर्षअघि पति भिजेको टवेल बेडमा छोड्नुहुन्थ्यो र २० वर्षपछि त्यस्तै गर्नुहुन्छ। त्यतिबेला पनि तपाईं पतिसित विवाद गर्नुहुन्थ्यो र आज पनि रिसाउनुहुन्छ। रिस र मतभेद चाहे जति नै भए पनि यदि स-साना कुरालाई लिएर विवाद गर्न छोडिएन भने रोमान्स समयपूर्व नै सकिन्छ। त्यसैले विवाह भएको धेरै वर्षपछि पनि हरेक कुरामा गुनासो मात्र गरिरहनु हुँदैन। त्यसको साटो हरेक बितेका पललाई नियालेर नयाँ उपाय अँगाल्नु आवश्यक छ। किनकि रोमान्समा एक्सन रिप्लेले धोका दिँदैन र यही नै हेप्पी म्यारिज लाइफको लाइफलाइन हो।

– रोजिन शाक्य

## पारिवारिक स्वास्थ्य

**हरि लम्साल**

उपचारका विविध विधामध्ये एक फिजियोथेरापी अर्थात् भौतिक चिकित्सा र शारीरिक पुनर्स्थापन आधुनिक चिकित्सा पद्धतिको भरपर्दो विधाका रूपमा स्थापित भएको छ। भौतिक साधनहरूको प्रयोग तथा व्यक्तिको आफैंभित्रबाट आफ्नै शारीरिक तथा मानसिक क्षमता विकसित गरेर अर्थात् प्रतिरोधात्मक क्षताको विकास गराएर गरिने यो उपचार पद्धतिले हाम्रो देशमा पनि उपचारका क्षेत्रमा महत्त्वपूर्ण स्थान ओगटेको छ।

नेपालमा यो उपचार विधि प्रारम्भ भएको धेरै भए पनि यसको विस्तार भएको चाहिं धेरै भएको छैन। नेपालका अस्पतालहरूले पनि यो सेवालाई आफ्ना सेवामध्येको एक सेवाका रूपमा अस्पताल परिसरभित्र व्यवस्था गर्ने चलन सुरु भएको छ, यद्यपि एउटा सानो कोठाबाट यो सेवा प्रदान गरिएको पाइन्छ जुन यो विधाबाट प्रदान गरिने सेवाका निमित्त अपर्याप्त मात्र होइन बेठीक पनि हो। हाल आएर हाम्रो देशमा पनि अन्य ठूला तथा विकसित देशहरूमा जस्तै फिजियोथेरापी तथा रिहाविलिटेशन अस्पतालको स्थापना भएर यो सेवाको विस्तार तथा सर्वसाधारणको पहुँचमा ठूलो फड्को मारेको अनुभूति भएकोछ। महाराजगन्ज, काठमाडौंस्थित सहारा केयर होमले गत वर्षदेखि निजी लगानीमा अस्पताल स्थापना गरेको छ, जुन नेपालमा यस प्रकारको एक मात्र अस्पताल हो।

फिजियोथेरापीको सुरुवात चीनबाट भएको बताइन्छ। करिब २५ सय इशापूर्व उपचारका निम्ति चीनमा मसाजको प्रयोग गर्ने गरिएको र यसैबाट यो विधाको सुरुवात भएको मानिन्छ। योगलाई यो विधालाई निरन्तरता दिने परिष्कृत प्रयोगका रूपमा लिइन्छ। उन्नाइसौं शताब्दीमा आएर संयुक्त अधिराज्य यो विधालाई विकास गर्न र यसलाई निरन्तरता दिन लागिपरेको पाइन्छ। हाल विश्वका प्रायः सबै देशले आधुनिक उपचारपद्धतिको अभिन्न अंगका रूपमा यो विधाको प्रयोगलाई अनिवार्य मान्न थालेका छन्।

फिजियोथेरापीको माध्यमबाट स्वास्थ्यसेवाका क्षेत्रमा गरिने तीनवटै सेवा (प्रिभेन्टिभ, क्युरेटिभ र रिहाविलिटेसन) प्रदान गरिन्छ। स्वस्थ मानिसहरूको शारीरिक स्वस्थता कायम राख्ने उपाय सिकाएर रोग लाग्नबाट बचाउने, विभिन्न भौतिक साधनको प्रयोगबाट रोगको उपचार गर्ने तथा शारीरिक रूपले अशक्त तथा अपांगहरूको शारीरिक पुनर्स्थापना गर्ने काम यो विधाको माध्यमबाट गरिन्छ। चोटपटक लागेर वा जन्मँदै बाङ्गोटिङ्गो भएका शरीरका अङ्गहरूलाई सिधा बनाउने वा काम गर्न सक्षम बनाउने, मांसपेशी कमजोर भएकाहरूमा शारीरिक बल बढाइदिने, विभिन्न प्रकारका प्यारालाइसिस तथा हाडजोर्नी तथा नशासम्बन्धी रोगहरू फिजियोथेरापीबाट भरपर्दो किसिमले निको हुन सक्छन्।

शरीरको पीडा कम गर्न यो उपचारविधिको सहयोग लिने चलन विश्वभर छ। गर्भवती महिलाको स्वस्थ र सुरक्षित डेलिभरीका लागि, विभिन्न प्रकारका छालाका रोगहरू निको पार्न तथा मुटु एवं फोक्सोको बिमारीमा पूर्ण नियन्त्रणका लागिसमेत फिजियोथेरापीको महत्त्वपूर्ण भूमिका छ।

यो विधाबाट उपचार गर्दा औषधीको सेवन गराइँदैन वा अत्यन्त कम औषधी प्रयोग गराइन्छ। फिजियोथेरापीबाट उपचार गर्दा विद्युतीय प्रवाह, विकिरण, ध्वनि, ताप, चुम्बक, पानी, वरफ, व्यायाम, मालिसजस्ता विधिबाट उपचार गरिन्छ। योगलाई समेत केही परिष्कृत गरी उपचारात्मक व्यायामका रूपमा प्रयोग गरिन्छ। विश्वविद्यालयहरूले फिजियोथेरापीअन्तर्गत अकुपंचरलाई समेत राखेर अध्यापन गराउन थालेका छन्। यो उपचार विधाको आकर्षक पक्ष भनेको अन्य औषधीहरूले जस्तो साइड इफेक्ट नहुनु पनि हो।

फिजियोथेरापी सेवाको यति धेरै आवश्यकता र महत्त्व हुँदाहुँदै पनि हाम्रो देशमा यो विषयको दक्ष जनशक्ति उत्पादन गर्ने एउटा पनि शिक्षण सस्था हालसम्म सञ्चालनमा आएको छैन। विदेशबाट शिक्षा प्राप्त ४४ जना (श्रोतः ने.स्वा.व्य.प.) दक्ष प्रविधिक यस क्षेत्रमा कार्यरत छन्। तीमध्ये ४० जना निजी अस्पताल तथा क्लिनिकहरूमा कार्यरत छन्। नेपाल सरकारले केन्द्रीय अस्पतालमा बाहेक यो विषयका दक्ष प्रविधिकहरूको दरबन्दीको व्यवस्थासमेत गरेको छैन। विभिन्न तहका अस्पतालमा गरेर १० वटा भन्दा कम दरबन्दी मात्र हाल सम्म सरकारले स्थापना गरेको देखिन्छ। त्यसमा पनि झन्डै ८० प्रतिशत संख्या अर्धदक्ष प्रविधिकहरूको छ।

धेरै अस्पतालमा फिजियोथेरापी सेवा प्रदान गर्ने नाममा अदक्ष व्यक्तिहरूबाट समेत यो सेवा प्रदान गराइरहेको पाइन्छ। राजधानीबाहिर मात्र होइन, राजधानीकै कतिपय सरकारी तथा शिक्षण अस्पतालहरूमा समेत अदक्ष व्यक्तिहरूबाट फिजियोथेरापी सेवा प्रदान गराइएको पाइन्छ। तालिम नै नलिएका वा २-३ महिनाको सामान्य तालिम लिएका व्यक्तिहरूले फिजियोथेरापी क्लिनिक सञ्चालन गरिरहेको पाइन्छ। यसरी अदक्ष व्यक्तिबाट यो सेवा प्रदान भैरहेको हुँदा नै हाम्रो देशमा यो उपचार विधि त्यति लोकप्रिय हुन नसकेको हो, तर हालैका वर्षहरूमा दक्ष प्रविधिकहरूको संख्या क्रमशः बढ्दै गएको र गुणस्तरीय सेवामा वृद्धि भैरहेका कारण संसारका अन्य मुलुकहरूमा जस्तै हाम्रो देशमा पनि यो उपचार विधा भरपर्दो उपचार विधाका रूपमा लोकप्रिय हुँदैछ। देशमै यस क्षेत्रका विज्ञहरूको पर्याप्त उत्पादन हुन सके र सरकारले देशका सबै अस्पतालमा यो सेवा अनिवार्य गराउन सके यो सेवा सर्वसाधारणको पहुँचसम्म विस्तार हुन सक्ने थियो।

*(लखेक फिजियोथेरापिस्ट हुनुहुन्छ।)*



# प्रेममा किन मर्ने-मार्ने कसम खाइन्छ ?

यो कुरा उल्टो भयो । उसलाई नपाए मर्ने होइन मार्छु, अनि म होइन तिमी त मर्छौ नि भनेको ।

**जीवराम**

मोरीलाई हन्ड्रेड पर्सेन्ट विश्वास दिलाउन त हो नि तर उसले विश्वासै मान्दिन ।

**सालिन**

सम्पादकज्यू, कसरी भनूँ, प्रेम गर्दा प्रेमी-प्रेमिका एकान्त स्थानमा गएर मीठा-मीठा कुरा खान्छन्, घुम्छन्, यसरी उनीहरू बलियो हुन्छन् र मार्छन्-मर्छन् पनि ।

**शमशेर राई, ओखलढुंगा**

जाँड-रक्सीको नशा भन्दा पनि प्रेमको नशा ज्यादै कडा हुन्छ । त्यसैले मर्ने-मार्ने कसम खान्छन् ।

**दुर्गाबहादुर माझी** (२६), **रामेछाप**

प्रेम त हृदयको कुरा हो । कुन बेला कोसँग हुन्छ थाहा हुँदैन र जसले जोसँग माया गर्छ उसलाई अरूले आँखा लगाउँदा मार्न पनि पछि पर्दैनन् ।

**सरू शर्मा**

त्यो त थाहा छैन, तर म भन्छु जसले यस्तो कसम खान्छ वास्तवमा उनीहरूले सच्चा माया गरेका छैनन् । आफ्नो मायामा आफूलाई नै विश्वास छैन भने यस्तो कसम खाइन्छ ।

**अनुप 'प्रेमी'**

प्रेम एउटा नशा हो। त्यसकारण प्रेममा मर्ने-मार्ने कसम खाइन्छ।

**गंगाराम**

आफूले मन पराउने युवतीलाई विश्वास दिलाउन ।

**देवराज** (२०, **सुनसरी**

प्रेम अन्धो हुन्छ भन्छन् र फेरि विश्वास नभकाले मात्र प्रेममा मर्ने-मार्ने कसम खान्छन् ।

**सुजन अधिकारी** (२४), **हाल कतार**

मर्नु-मार्नुभन्दा कसम खान सजिलो हुन्छ ।

**समर गणेश**

यो त खाली नाटक हो नि । अब तिमीबिना मर्छु नभनी केटीले चाहेको कुरा दिने होइन, त्यसैका लागि हो नि । नभए यो प्रेम र मृत्यु कतै मिल्ने कुरा हुन् र ?

**राई रमेश**

कसम खाएपछि प्रेम बलियो हुन्छ।

**प्रेमकान्छा मगर**

खासै अनुभव त गरेको छैन, तर तपाईंले पनि मर्ने-मार्ने जस्तो ठूलो कसम नखानुभएको भए हुन्थ्यो कि ?

**सन्तोष अधिकारी** (२२), **ओखलढुंगा**

हँ सम्पादकज्यू, के भन्नु मैले प्रेम गरेकै छैन तैपनि एकछिन सोंचेर भनेको छु । प्रेम खतरनाक खेल हो, त्यसैले ।

**प्रवीण ज्ञवाली, करादी**

एक-अर्काप्रति विश्वास दिलाउन यस्तो कसम खाइन्छ, तर प्रेमका खातिर मर्ने-मार्ने विरलै हुन्छन् ।

**kaleman_jesus@hotmail.com**

सम्पादकज्यू, तपाईंले मलाई यस्तो प्रश्न सोधेर ठूलो भूल गर्नुभयो। माफ गर्नुहोला, मैले प्रेम नै गरेको छैन ।

**जयराम कोइराला**

## अब हाम्रो पालो

यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ । प्रत्येक उत्तरका साथमा आफ्नो पूरा नाम, ठेगाना र उमेर लेख्न नबिर्सिनुहोला । प्रश्न नम्बर एक सधैं आगामी प्रश्नका रूपमा रहनेछ । एउटा पानामा एउटा उत्तर मात्र स्वीकार गरिनेछ ।

१. विवाहित पुरुषलाई कसरी चिन्न सकिन्छ ?
२. तपाईं टाइम पास गर्न के गर्नुहुन्छ ?
३. शारीरिक रूपमा बलिया सुगठित पुरुष आकर्षक हुन्छन् कि चकलेटी अनुहारका साधारण पुरुष ? किन ?
४. यो संसार कस्तो छ ?
५. तपाईंलाई नयाँ नेपाल कस्तो लागिरहेछ ?
६. कस्ता युवती राम्रा हुन्छन् ? किन ?
७. कस्ता युवक राम्रा मानिन्छन्, किन ?
८. महिलाहरू बुद्धिमान् हुन्छन् कि पुरुष ?
९. नेपालको राजनैतिक हिरो को हो ? किन ?
१०. प्रेमविवाह राम्रो हुन्छ कि परम्परागत विवाह ? किन ?



## राजधानीमा तीज महोत्सव



हिन्दू महिलाहरूको मुख्य चाड तीज नजिकिँदै जाँदा राजधानीका महिलाहरूले तीज महोत्सवको आयोजना गरे । तीजका लागि आवश्यक सामग्री एकै थलोमा किनमेल गर्न सकिने भएकाले महोत्सवमा महिलाहरूको बाक्लो भीड जमेको थियो । सेल-रोटी, अचार आदि मिष्ठान्न परिकारदेखि श्रृंगारका लागि आवश्यक सामग्री एवं पहिरन महोत्सवको आकर्षण बनेको थियो । महिलाहरूले तयार पारेका हस्तकलासमेत राखिएको महोत्सवमा सयभन्दा बढी स्टल थिए ।

त्रिपुरेश्वरस्थित युनाइटेड वर्ल्ड सेन्टरको एक्जिविसन हलमा आयोजित महोत्सव गत शुक्रबारदेखि तीन दिनसम्म चलेको थियो । महोत्सव विमेन्स क्रिएसन तथा डाइरेक्सन नेपालले संयुक्त आयोजित गरेका थिए । विगत सात वर्षदेखि नियमित आयोजना हुँदै आएको महोत्सवबाट आएको १५ प्रतिशत आम्दानी महिला उत्थानमा खर्च गरिने आयोजक संस्थाकी अध्यक्ष अनिता श्रेष्ठले बताइन् ।

**– शिव मुखिया**

## यौन जिज्ञासा र समाधान

**डा. राजेन्द्र भद्रा**



**प्रश्न : म १७ वर्षीय युवक हुँ । मलाई स्वप्नदोषले दुई वर्षदेखि निकै सताएको छ । सुरु-सुरुमा त यो कमै हुन्थ्यो, तर आजभोलि धेरै हुन्छ । स्वप्नदोष हुँदा मेरा हात-खुट्टा झमझमाएजस्तो हुन्छ । म अरूसँग सुत्न सक्दिनँ र आफू निकै पातलो एवं कमजोर भएको अनुभव हुन्छ । आजभोलि त अण्डकोषबाहिर सधैं रातो भै चिलाउँछ । यसले कुनै असर त गर्दैन ? स्वप्नदोषबाट बच्ने उपाय बताइदिए आभारी हुने थिएँ ।**

**–पी.एन.पी.**

**उत्तर : स्वप्नदोष के हो ?**

यौनसम्बन्धी कुरा हामी सचेत मनले मात्र गर्ने हो भन्ने मान्छौं, तर यौनसम्बन्धी कुरा हामी निदाएको बेलामा पनि निरन्तर रूपमा चलिरहन्छ । निदाएको बेलामा लिङ्ग उत्तेजित हुने वा यौन क्रियाकलापमा संलग्न भएको सपना देखिन्छ । प्रायःजसो पहिलो पटक यो किशोरावस्थामा हुन्छ र यसले यौनविकास राम्रैसँग भएको संकेत गर्छ । यही क्रममा कतिपय व्यक्तिले यौन चरमसुख पनि प्राप्त गर्छन् । यसरी निदाएको बेला सपनामा यौन क्रियाकलापमा संलग्न भएर वीर्य स्खलन हुनुलाई नै बोलीचालीको भाषामा स्वप्नदोष भनिन्छ । अंग्रेजीमा भने wet dreams, night fall वा nocturnal emissions जस्ता शब्दको प्रयोर्ग गरिन्छ ।

**किन स्वप्नदोष भएको होला ?**

सामान्यतया प्रजनन प्रणालीले राम्रोसँग कार्य गर्न थालेपछि वीर्यको पनि उत्पादन हुनथाल्छ र यसले स्वाभाविक रूपमा बाहिर निस्कने बाटो खोज्छ । अर्कातिर यौनचाहना प्रबल हुन थालेपछि एक किसिमको यौन तनाव बढ्छ, जसलाई शान्त पार्नु पनि स्वाभाविक नै हो । हस्तमैथुन वा यौनसम्पर्कबाट यस्तो अवसर मिल्न नसकेको स्थितिमा स्वप्नदोष भै वीर्य स्खलन हुन्छ । यौनतनावलाई शान्त पार्न तपाईंको प्रयास वा भनौं क्रियाकलाप पर्याप्त नभएको हुनसक्छ । तपाईंले हस्तमैथुन गर्नुहुन्छ कि हुन्न, थाहा भएन । यौन सम्पर्क वा हस्तमैथुन सामान्य रूपमा राखिँदा यो केही कम भए पनि निर्मूल नै भने नहुन सक्छ । केही व्यक्तिमा पर्याप्त हस्तमैथुन वा यौनसम्पर्क गरिएकै अवस्थामा पनि स्वप्नदोष निरन्तर रूपमा हुने गरेको देखिएको छ, तर यहाँ बुझ्नुपर्ने मुख्य कुरा के हो भने स्वप्नदोष यौनतनावलाई कम गर्न प्रकृतिले नै मिलाइदिएको एक स्वाभाविक प्रक्रिया हो ।

**के स्वप्नदोष समस्या हो ?**

नेपाली भाषामा यसलाई स्वप्नदोष भनिए पनि वास्तवमा यो कुनै दोषयुक्त कुरा नभै स्वाभाविक रूपमा हुने कुरा हो । १५ वर्षको भैसक्दा करिब ५० प्रतिशत जति किशोरले यसको अनुभव गरिसकेका हुन्छन् । तपाईंको अनुभवमा सुरुमा केही कम र पछि बढी हुनुमा कुनै असामान्य कुरा छैन ।

यस्ता यौनस्वप्नहरू एकदमै जीवन्त हुने र वास्तविकतासँग छुट्टयाउनै नसकिने अनुभव प्रशस्तै युवाको छ । यस्ता स्वप्नहरूमा कहिले आफूले वास्तविक जीवनमा यौनसम्बन्ध राख्न नमिल्ने नातेदार, सार्वजनिक स्थान वा जनावर पनि देखिन सक्छ । कतिपय यस्ता यौन उत्तेजक सपना देखिसकेर वीर्य स्खलन हुनासाथ ब्यूँझिन्छन् भने अर्काथरी वीर्य स्खलन हुनै लागेको बेलामा ब्यूँझिन्छन् । केहीको त निद्रा नै खुल्दैन र बिहान ब्यूँझिसकेपछि मात्र थाहा पाउँछन् ।

अचेलका केही अनुसन्धानले स्वप्नदोषलाई टेस्टेस्टेरोन हार्मोनको शरीरमा हुने मात्रासँग जोडेका छन् । स्वप्नदोष हुने व्यक्तिमा टेस्टेस्टेरोनको मात्रा बढी हुने देखिएको छ । हुन त यौनका दृष्टिले स्वस्थ व्यक्तिमा यो हार्मोन हुन्छ नै, तर पनि कुनै व्यक्तिलाई स्वप्नदोष नै नहुन पनि सक्छ र यो पनि एकदमै प्राकृतिक कुरा हो ।

**के स्वप्नदोष हुनु हानिकारक हुन्छ ?**

स्वप्नदोषका बारेमा उचित तथा सही जानकारी नपाउने हुनाले कतिपय किशोर तथा युवाहरू गहिरो चिन्तामा पर्छन् र पक्कै पनि आफूलाई कुनै गम्भीर रोग लागेको छ भन्ने मान्छन् । तपाईं पनि हातखुट्टाको झमझमाइ र कमजोर हुनुको अनुभवसँग यसलाई जोड्ने प्रयास गर्दै हुनुहुन्छ । स्वप्नदोष आफैंले कुनै हानिकारक असर गर्दैन ।

तन्ना वा लगाएको पहिरनमा वीर्यको दाग लाग्ने अनि कसैले थाहा पाउला भन्ने कुरामा पनि निकै चिन्ता हुन्छ । सपना र त्यसको अर्थ लगाउने चलन नेपाली समाजमा पनि प्रशस्तै छ । अझ यस्ता किसिमका सपनाको अर्थ के होला भन्ने चासो किशोरावस्थामा प्रबल हुन्छ ।

**बच्ने उपाय के होला ?**

यो एक प्राकृतिक तथा स्वाभाविक प्रक्रिया भएकाले यसको उपचारको आवश्यकता पर्दैन । तपाईंको प्रजनन तथा यौनप्रणालीले जबसम्म राम्रोसँग काम गरिरहन्छ यस प्रकारको घटना दोहरिन सक्छ अर्थात् यसलाई व्यक्तिले चाहँदैमा सजिलै रोक्न सकिने पनि होइन । यसलाई कम गर्न यौन चरमसुख पाउने वा वीर्य स्खलन हुने उपाय जस्तै कि- हस्तमैथुन वा यौनसम्पर्क सहयोगी हुन सक्छन् । अनावश्यक रूपमा यसलाई बन्द गर्ने उपायको खोजी गर्दै जानुभए यसको उपचार गरिदिने र यसलाई रोग मान्ने व्यक्ति प्रशस्तै भेट्नुहोला, तर त्यस्ता उपायको प्रयोगले तपाईंलाई होइन, त्यस्तो कथित उपचार गर्ने व्यक्तिलाई नै फाइदा हुन्छ । स्वाभाविक कुरामा अनावश्यक रूपले उपचार खोज्नु बुद्धिमानी होइन ।

अन्तमा, किशोरावस्थामा कसैसँग टाँसिँदा कतै यौन उत्तेजना निकै हुन्छ र निद्रामा यसमा आफ्नो नियन्त्रण नहोला र अरू थाहा पाउलान् भनेर अरूसँग सुत्न नसक्नुभएको हो कि अन्य कारण के छ, खुलाउनुभएको भए जवाफ दिन सजिलो हुने थियो । अण्डकोष यसरी रातो भै चिलाउनुमा संक्रमण, कुनै कीटाणुको टोकाइ वा एलर्जी कारक हुनसक्छ । थप जानकारीसहित पत्र लेख्नुभए उचित जवाफ दिन सकिन्थ्यो ।


**Golden Oppertunity**

रोजगार सहित तालिमहरू धमाधम भईरहेको ईुब सुवर्ण मौकाको फाइदा उठाउनुहोस् ।

| | | |
|---|---|---|
| Tally | one month | 1200/- |
| Fact | Fifteen days | 800/- |
| Tata-ex | one month | 1,500/- |
| Basic Computer | Three months | 1,000/- |
| Cook | Three months | 5,500/- |
| Waiter | one month | 1,500/- |
| Barman | one month | 4,000/- |
| Counsellor | one month | 1,500/- |
| Receptonist | one month | 1,500/- |
| Office secretary | one month | 2,500/- |

द क्यापिटल सोसीयल सर्भिसेज प्रा.ली.
पुरानो बानेश्वर (☎– 4492896,9841834745)
(विद्युत प्रा.बाट तेस्रो घर गौशालापट्टि)

**कष्मेटिक उपचार**

- शरिरमा भएका दाग, कोठी, मुसा, ट्याटु अप्रेसन पछिका दागहरु हटाउन
- शरिरमा पोलेर भएका समस्याको लागि
- नाक, कान सम्बन्धि कष्मेटिक उपचार
- मंगोलियन आँखाको उपचार
- टाउकोमा केश उमार्न
- कष्मेटिक सम्बन्धि अन्य उपचारको लागि

सम्पर्क:
०१६९१०५३२, ९८०३८८३५७७
मानभवन, जावलाखेल

**सुखी विवाहित जीवनको लागि**

**सेवाको १४ वर्ष**

विवाहको पहिलो वा विवाहपछि भएका यौन रोग, शीघ्रपतनं, स्वप्न दोष, पिसावसित धातु खस्ने, नपुंसकता, सन्तान नहुने र कमजोरी आदिको सफल उपचारको लागि आज नै भेट्नुहोस् ।

भेट्ने ठेगाना: फोन नं. : ४-४६०७८५

**पापुलर आयुर्वेद औषधालय**

ज्ञानेश्वर, रातोपुल पारीपट्टी, काठमाडौं

# ओलम्पिक : इतिहासदेखि बेइजिङसम्म



खेलकुदको महाकुम्भ मानिने ओलम्पिक आजको स्थितिसम्म आइपुग्नुका पछाडिको घटनाक्रम निकै रोचक र महत्त्वपूर्ण छ। १४ देशका २ सय प्रतिस्पर्धीले सहभागिता जनाएर सन् १८९६ मा ग्रीसको एथेन्सबाट सुरु भएको ओलम्पिक आन्दोलन २९ औं संस्करणसम्म आइपुग्दा ओलम्पिकले धेरै फड्को मारिसकेको छ। प्रत्येक ४ वर्षमा आयोजना हुने ओलम्पिकका लागि इतिहासदेखि नै शक्तिशाली र सम्पन्न राष्ट्रहरूबीच तँछाडमछाड हुँदै आएको छ, यसो हुनुको कारण ओलम्पिकले कुनै पनि देशको अर्थतन्त्रलाई नै सबल बनाउनु हो। ओलम्पिकको इतिहासलाई कोट्याउँदा एथेन्समा आयोजित पहिलो ओलम्पिकमा जति उत्साह देखिएको थियो त्यो उत्साह फ्रान्सको राजधानी पेरिसमा सन् १९०० मा आयोजित दोस्रो ओलम्पिकमा देखिएन।

त्यसपछि सन् १९०४ मा अमेरिकाको सेन्ट लुईमा आयोजित तेस्रो ओलम्पिकमा आउने-जाने खर्चका कारण खेलाडीको सहभागितामा व्यापक ह्रास आयो। सन् १९०८ मा बेलायतको लन्डनमा आयोजित चौथो ओलम्पिकमा सहभागी खेलाडीहरूले पहिलो पटक आफ्नो देशको झन्डाका साथ मार्चपास गरेर ओलम्पिकमा नयाँ परम्परा प्रारम्भ गरे। अमेरिकी खेलाडीले जजमाथि पक्षपात गरेको आरोप लगाएपछि यो ओलम्पिक विवादास्पद हुन पुगेको छ।

त्यसपछि स्वीडेनको राजधानी स्टकहोममा सन् १९१२ मा भएको पाँचौं ओलम्पिकमा समय थाहा पाउन पहिलो पटक इलेक्ट्रिक उपकरण प्रयोग गरियो। पहिलो विश्वयुद्धका कारण सन् १९१६ मा ओलम्पिक आयोजना हुन सकेन। विश्वयुद्धको समाप्तिपछि सन् २०२० मा ७ औं ओलम्पिक आयोजना गर्न बेल्जियमको राजधानी एन्टवर्पलाई ओलम्पिक तयारी गर्न हम्मे-हम्मे पर्‍यो। सन् १९२४ को ८ औं ओलम्पिक फ्रान्सको राजधानी पेरिसले दोस्रो पटक आयोजित गर्‍यो। उक्त ओलम्पिक अश्वेत नागरिकले पहिलो पटक स्वर्ण पदक जितेकाले केही विशेष बनेको थियो। सन् १९२८ मा नेदरल्यान्डको राजधानी एम्सटर्डमले ९ औं ओलम्पिक आयोजना गर्‍यो। पहिलो विश्वयुद्धपछि ओलम्पिकमा प्रतिबन्ध खेप्नुपरेको जर्मनीले १६ वर्षको प्रतिबन्धपछि यसै ओलम्पिकमा पुनरागमन गर्‍यो।

आर्थिक संकटका बाबजुद सन् १९३२ मा अमेरिकाको लसएन्जल्सले ११ औं ओलम्पिक आयोजना गर्‍यो। सन् १९३६ मा १२ औं ओलम्पिक जर्मनीको राजधानी बर्लिनमा आयोजना गरियो, उक्त ओलम्पिकमा जर्मनीले सर्वाधिक २४ स्वर्ण हत्यायो र यो ओलम्पिक हिटलरको नाजीवाद र रंगभेदका कारण चर्चामा आयो। त्यसपछि सन् १९४० र १९४४ मा दोस्रो विश्वयुद्धका कारण ओलम्पिक आयोजना हुन सकेन। सन् १९४८ मा बेलायतको राजधानी लन्डनले दोस्रो पटक १४ औं ओलम्पिक आयोजना गरेर ओलम्पिक आन्दोलनलाई पुनर्जीवित गर्‍यो, तर उक्त ओलम्पिकमा विश्वयुद्धमा पराजित मुलुकहरू जापान र जर्मनीलाई निमन्त्रणा दिइएन। सन् १९५२ मा १५ औं ओलम्पिक आयोजना गर्ने अवसर फिनल्यान्डको राजधानी हेलसिन्कीलाई दिइयो। त्यसको ४ वर्षपछि अस्ट्रेलियाको मेलबर्न सहरले १६ औं ओलम्पिक आयोजना गर्‍यो भने सन् १९६० को १७ औं ओलम्पिकको आयोजना इटालीको राजधानी रोममा भयो। उक्त ओलम्पिक टेलिभिजनमार्फत संसारभर प्रत्यक्ष प्रसारण गरिएकाले विशेष बन्यो। पहिलो पटक उद्घाटन समारोहमा लगभग १ लाख दर्शक सहभागी भए। त्यसपछि सन् १९६४ मा पहिलो पटक एसियाली राष्ट्र जापानको राजधानी टोकियोले १८ औं ओलम्पिक आयोजनाको अवसर प्राप्त गर्‍यो र सोही ओलम्पिकमा थप १४ राष्ट्रले सहभागिता जनाएपछि ओलम्पिकमा सहभागी हुने राष्ट्रको संख्या ९३ पुग्यो। त्यसपछि सन् १९६८ मा १९ औं ओलम्पिक निकै उचाइमा स्थित मेक्सिकोको राजधानी मेक्सिकोसिटीमा आयोजना भएकाले धावकहरूलाई केही गाह्रो अनुभव भयो। उक्त ओलम्पिकलाई कतिपय अश्वेत मुलुकले दक्षिण अफ्रिकालाई सहभागी गराए सहभागी नहुने चेतावनी दिए।

खेलकुदलाई भातृत्व, सद्भाव एवं भाइचाराको सम्बन्ध कायम गर्ने माध्यम मानिए पनि ओलम्पिकका प्रत्येक संस्करण राजनैतिक विवादबाट टाढा हुन सकेका छैनन्, सन् १९७२ मा जर्मनीको म्युनिखमा आयोजित २० औं ओलम्पिकमा इजरायली खेलाडीहरूमाथि अरब आतंकवादीहरूले हमला गरी ११ जनाको ज्यान लिएपछि ओलम्पिक आन्दोलन नै कलंकित हुन पुग्यो। त्यसपछि सन् १९७६ मा क्यानाडाको राजधानी मोन्ट्रियलले २१ औं ओलम्पिकको पर्याप्त तयारी गर्न नसक्दा कमजोर सावित हुन पुग्यो। उक्त ओलम्पिकमा १ सय ६ राष्ट्रमध्ये २४ राष्ट्रले सहभागिता जनाएनन्। उक्त ओलम्पिकमा सबैलाई चकित पार्दै रोमानियाकी नादिया कोमानेसीले जिम्न्यास्टिकमा पहिलो पटक १० मा १० अंक बटुलेर सबैको ध्यान आफूतर्फ आकर्षित गरिन्। सन् १९८० मा २२ औं ओलम्पिक पहिलो पटक कम्युनिस्ट राष्ट्र तत्कालीन सोभियत संघले आयोजित गर्‍यो। सोभियत संघले अफगानिस्तानमा हस्तक्षेप गरेको विरोधमा अमेरिकाको नेतृत्वमा ८० भन्दा बढी मुलुकले उक्त ओलम्पिक बहिष्कार गरे।

त्यसपछि सन् १९८४ मा अमेरिकाको लस एन्जल्सले दोस्रो पटक आयोजना गरेको २३ औं ओलम्पिकलाई तत्कालीन सोभियत संघ र उसका समर्थक मुलुकहरूले २२ औं ओलम्पिकलाई अमेरिकाले वहिष्कार गरेको बदला लिँदै वहिष्कार गरे। यो शीतयुद्धकालीन ओलम्पिकमा देखिएको वैमनस्यताको चरमोत्कर्ष थियो। त्यसपछि सन् १९८८ मा दक्षिण कोरियाको राजधानी सोलले आयोजना गरेको २४ औं ओलम्पिकमा राजनीतिले ओलम्पिकको पिछा गर्न छाड्यो तर पनि इथियोपिया र क्युबाजस्ता केही मुलुकले उक्त ओलम्पिकलाई वहिष्कार गरे। सन् १९९२ मा स्पेनको बार्सिलोना सहरले आयोजना गरेको २५ औं ओलम्पिक सम्झन लायक रह्यो र खेलकुदको परिभाषा वास्तविकतामा परिणत भयो। यस पटक कुनै पनि राष्ट्रले ओलम्पिक बहिष्कार गरेनन्, तर सन् १९९६ मा अमेरिकाको एटलान्टा सहरले आयोजना गरेको शताब्दी ओलम्पिकले आतंकवादी हमलाको सामना गर्नुपर्‍यो र दुई जनाले अनाहकमा ज्यान गुमाए भने १ सय जना घाइते भए।

सन् २००० मा अस्ट्रेलियाको सिड्नी सहरमा आयोजित २७ औं ओलम्पिकलाई अहिलेसम्मकै सफल ओलम्पिकका रूपमा हेरिएको छ। सन् २००४ मा १ सय ८ वर्षपछि पहिलो ओलम्पिक आयोजक ग्रीसको राजधानी एथेन्सले पुनः ओलम्पिक आयोजनाको अवसर पायो। उक्त ओलम्पिकमा पहिलो पटक २ सय १ राष्ट्रले सहभागिता जनाए। पहिलो पटक ३ अर्ब ९० करोड मानिसले प्रत्यक्ष टेलिभिजन प्रसारण हेरे भने इन्टरनेटबाट समेत ओलम्पिकको प्रत्यक्ष प्रसारण गरियो। सन् २००८ को २९ औं संस्करणको बेइजिङ ओलम्पिकसम्म आइपुग्दा ओलम्पिक आन्दोलनले खेलकुदको वास्तविक अर्थलाई प्रस्ट्याउने काम गरेको छ।

**–विश्वराज साम्याङखाम**


## रोजगार

शिक्षित/ अशिक्षित महिला/ पुरुष आवश्यकता, १५ जना, रु ८०००/- कौशलटार, ९८०३४२१५२६, ६६३५४०१

कम्प्युटर प्रविधीबाट मोवाइलफोन मर्मत टेलिभिजन, हाउसवाइरिङ्ग, तालिम साथै ५ जनालाई रोजगार दिइने, ०१-२४०५८३२।

महिला कर्मचारीहरु चाहियो, घरमै बसि पार्टटाइम, फुलटाइम कामगर्न सकिने ७०००। गौशाला ४४६६७००।

NGO बाट सञ्चालित संस्थालाई महिला विद्यार्थी कर्मचारीको आबश्यकता, तलब-६५००। २००४३८७, ९८०३४६४३३४, ९८४१०६९४११

## कम्प्यूटर/भाषा तालिम

अमेरिकनसँग अंग्रेजी सिकौ साथमा RJ, VJ Tuition तथा Computer Premium Academy कलंकीचोक २०२४००७, ९८४१७५७७६९

English, Japanese, Hebrew लगायत सम्पूर्ण भाषा सहित कम्प्यूटर को सम्पूर्ण कोर्षमा दक्षबनौ OLC चावहिल: ४४६१४५९

Computer, Graphic, Tally, Web, Hardware, Language, English, Japanese, German, French, Spenish, Korean, Hibrew, IELTS, Abroad Study Youth Institute Narayangopal Chowk: 4371530

नेपालमा नै पहिलो पटक अत्याधुनिक उपकरणहरु सहित मोवाइल फोन इन्जिनियरहरुबाट एडभान्स मोवाइल ट्रेनिङ्ग भैरहेछ, अब गुणस्तरिय तालिम लिन India जान नपर्ने , न्यूरोड २३५७२०५

बिभिन्न कोर्षमा भर्ना खुल्यो, Auto CAD, (2D & 3D), Accounting Package, Basic Course, Hardware, Soft-tech Computer, New Baneshwor, 4499967

## बिक्रीमा

नयाँ CHINA रिको मेसिन बिक्रीमा ४३५१४४१, ९८५१०४७७७६

## होटल तालिम

छुटमा कुक वेटर बारमेन क्याप्टेन तालिम४२२७३४६

## सम्पर्क

संगीतको स्तरिय शिक्षा तथा सस्कारको लागि हामीलाई सम्झनुहोस्, अनुराग संगित बिद्यालय, ४२३३६९०

विज्ञापन गर्नुपरेमा सम्पर्क ५६३९६४५, ५६३९५९९,

गाई, भैंसीको दही, मही, घ्यू, चिज, बटर, पनिर, क्रिम, आईसक्रिम, गुँदपाक, पुष्टकारी तथा मिठाईहरु पाईन्छ श्रीराम डेरी महाराजगञ्ज, चक्रपथ: ४३७३२५२

तयारी ताजा चिकेन विशेष सहुलियत मूल्यमा धमाधम बिक्री भैरहेको छ खरिद परिणाम अनुसार विशेष छुटको व्यवस्था छ सम्पर्क चिकेन हाउस नयाँबजार, फोन: ४३५८८४४, ४३५८२५७

ईटा, बालुवा, गिट्टी, ढुङ्गा, ग्राभेल, माटो आदि चाहिएमा दुप्चेश्वरी महादेव सप्लायर्स बसुन्धरालाई सम्झनुहोस्: ०१६९१५२४१।

चाहेजति शारिरिक तौल घटाउन, बढाउन तथा लिङ्गको लम्बाई, मोटाई बढाउन, २३२५३५२, ९८०३५०२२५९

२, ३, ४ बोरिङ्ग तथा फील्टर गरेर खानेपानी निकालिन्छ, ९८४११९८३४०

VJ क्यामरा इडिटिङ्ग Animation Direction, Production कक्षाहरु सञ्चालन भईरहेछ, ९८४१७९५५०४

नया रिकन्डीशन फोटोकपी मेसिन चाहिएमा Exchange मर्मत स्पेयर, H.P. Cartridge refilling ०१६२२७६१५

सस्तोमा फोटोकपी गरिन्छ, पुतलिसडक, ७/११ रेष्टुरेन्ट माथि ४२५७८१६

## क्यासेट बजारमा

प्रकाश पौडेलको "काले" VCD, CD, Cassette बजारमा उपलब्ध छ, सम्झना अडियो भिडियो

## मर्मत

Key House पुतलीसडक, न्यूप्लाजा: ४४३०८११, मोवाईल: ९८४१८८८२४२

## ब्यूटिपार्लर

ब्युटिसियन सम्बन्धि सम्पूर्ण कामका साथै तालिम दिइन्छ, रियाज कटिङ्गक्लिप ब्युटि शैलुन लेडिज एण्ड जेन्ट्स मध्यबानेश्वर, ९८४१५११७६०

ऐश्वर्य ब्युटिपार्लरमा तीजको अबसरमा सौन्दर्य सम्बन्धी कार्यमा विशेष छुट, नया बानेश्वर, ९८०३१६०९००

सबिनाज ब्युटि केयर एण्ड ट्रेनिङ्ग सेन्टरमा एडभान्स, बेसिक, स्पेसल ब्युटिसियन कोर्षहरुको तालिम संचालन भइरहेको छ, साथै हेयर Straighting, Perming, skin अनुसार हर्बल फेसियल ब्युटिकेयर सम्बन्धि कार्यहरु गरिन्छ, पकनाजोल, ९८४१५५४७५७, ०१६२२६९४२

श्रृङ्गार ब्युटिपार्लरमा हेयर कटिङ्ग, कलरिङ्ग स्ट्रेट, कर्लि रेन्बो, हाईलाइट, फेसियल गर्नुका साथै ट्रेनिङ्ग पनि दिइन्छ, तीजको अबशरमा बिशेष छुट, ९८४१५९२२९५, ९८४१७७८४२४

लम्बु हरि ऊं हेयर ड्रेसर शैलुनमा लेडिज एण्ड जेन्ट्सको कपाल स्ट्रेट, रातो, कालो साथै फेसियल, मसाज पनि गरिन्छ, नयाँबजार ९८०३६८९९४६

धरानज जुन ब्युटि होम जमलमा स्ट्रेटमा ग्यारेन्टी र पार्लर सम्बन्धि सम्पूर्ण कार्यहरु गरिनुका साथै जेन्ट्सहरुका साथै कपाल स्ट्रेट कलर गरिन्छ, ४२३२१९४, ९८०३२७०७७०

## ड्राईभिङ्ग सिकौं

ग्यारेण्टीका साथ ड्राईभिङ्ग सिकौं महाराजगञ्ज: ४३७५३३९, ९८४१२६४८५५

## भाडामा

घरफ्ल्याट तुरुन्तै भाडामा लिनदिन: ९८४१८१२०९५, २३६२७८०

बिज्ञापन दिन र बुझ्नका लागि आफ्नो नजिकैका **कान्तिपुर बर्गीकृत संकलन काउण्टर** तथा सिधा मोवाइल **९८४१-२०५९७७** मा सम्पर्क गर्न अनुरोध गरिन्छ।

**नया दररेट**

- रू. १० प्रति शब्द (साधारण)
- रू. २० प्रति शब्द (कलर हाईलाइट)

यो दररेट श्रावण ३१, २०६५ देखि लागु हुने जानकारी सम्पूर्ण विज्ञापनदाता हरुलाई गराइन्छ।




# ओलम्पियनमा ग्ल्यामरको चाहना



बेइजिङ- विश्व खेलकुद जगत्मा यौन अहिले विवादितभन्दा पनि पर्यायवाची बन्दै गएको छ, अहिले खेलाडीहरू यौनका विषयमा बढी खुल्न थालेका छन् । बेइजिङ ओलम्पिकमा अमेरिकाका तर्फबाट पौडीमा सहभागि भएकी आमन्दा बेयर्डले गत बर्ष प्ले ब्वाई म्यागजिनका लागि निर्वस्त्र फोटोसेसन गरिन् । उनको उक्त फोटोसेसनले त्यो समयमा निकै चर्चा पायो ।

बेइजिङ ओलम्पिकमा सहभागी भएका खेलाडीहरूमा विभिन्न कारणले निर्वस्त्र भएका खेलाडीहरूमा बेलायतका ट्रिपल जम्प खेलाडी फिलिप्स डोउ, साइकिलिस्ट रेबेका रोमेरो तथा पौडी खेलाडी ग्रेगोर टेट पनि छन् । उनीहरूले हालै स्पोर्ट्स ड्रिंकको एक विज्ञापनका लागि निर्वस्त्र तस्बिर खिचाएका थिए ।

महिला खेलाडीले बिचभलिबल बिकिनीमा खेल्न थालेपछि यो खेलले अन्य खेलको तुलनामा बढी लोकप्रियता पायो । महिला खेलाडीले पाएको लोकप्रियतापछि पुरुष खेलाडीले पनि माथिल्लो भाग निर्वस्त्रपारेपछि यो खेलमा पुरुष स्पर्धा पनि लोकप्रिय भयो । 'अहिले विश्व खेलकुद जगत्मा मैदानभित्र जति प्रतिस्पर्धा छ, त्योभन्दा बढी प्रतिस्पर्धा मैदानबाहिर ग्ल्यामरको क्षेत्रमा छ । यदि मैदानमा स्तरीय प्रदर्शन गरेका खेलाडी मोडलिङबाट वा प्ले ब्वाई म्यागजिनमा फोटो सेसन गरेर आफूलाई प्रस्तुत गर्न सफल भए भने उनीहरूप्रति आकर्षण बढ्नुका साथै उनीहरूले बढी दर्शकको ध्यान आफूतर्फ खिचिरहेका हुन्छन् ।' स्पोर्ट्स इलुस्ट्रेटेडका एसोसिएट एडिटर रिचर्ड डेट्स भन्छन् ।

रिचर्डका अनुसार आजभन्दा १०-१५ वर्षअघि आमन्दाले अहिले प्ले ब्वाई म्यागजिनमा गरेको जस्तो फोटोसेसन गरेको भए उनी पक्कै पनि अमेरिकी समाजमा आलोचित हुने थिइन्, तर अहिले उनको तस्बिरले उनलाई थप चर्चा दिलाएको छ ।




प्ले ब्वाई म्यागजिनले आफ्नो पछिल्लो संस्करणमा फोटोसेसन गरेका र बेइजिङ ओलम्पिकमा सहभागी भएका खेलाडीहरूको तस्बिरलाई विशेषांकका रूपमा पुनः प्रकाशित गरेर ओलम्पिकलाई ग्ल्यामरस बनाउने प्रयास गरेको छ । प्ले ब्वाईका प्रवक्ता लाउरेन मेलोनका अनुसार प्ले ब्वाईले एथेन्स ओलम्पिकमा पौडीको स्वर्ण पदक विजेता आमन्दा बेयर्ड, चार पटक ओलम्पिक हाइजम्पमा उत्रिएकी एमी कुफ तथा फिगर स्केटिङकी केटरिना विटलाई प्रस्तुत गरिसकेको छ । यसैगरी प्ले ब्वाईको मुख्य प्रतिस्पर्धी म्याक्सिम म्यागजिनले अमेरिकी टिममा रहेकी सर्वाधिक जेष्ठ पौडीवाज डारा ट्रोसलाई पनि ग्ल्यामरस रूपमा आफ्नो आवरण पृष्ठमा प्रस्तुत गरेको छ ।

प्ले ब्वाई म्यागजिनकै प्रतिस्पर्धी एफएचएमले पनि ओलम्पिकको पूर्वसन्ध्यामा अस्ट्रेलियाकी पौडीवाज स्टेफेनी राइसलाई आफ्नो अस्ट्रेलियन टिममा रहेका स्विमर ब्वाई फ्रेन्ड एमोन सुलिभानसँग टु पिस विकिनीमा प्रस्तुत गरेर ओलम्पिकलाई ग्ल्यामरस बनाउने प्रयास गरेको छ ।

परागवेको तर्फबाट दोस्रो पटक ओलम्पिक प्रतियोगितामा सहभागी भएकी २६ वर्षीया लेरिन फ्र्यान्को मैदानमा ज्याभलिङ थ्रोकी राष्ट्रिय खेलाडी हुन् भने मैदानबाहिर चर्चित मोडल पनि हुन् । लेरिन भन्छिन्- मोडलिङले मलाई खेलकुदमा लाग्न प्रेरित गरिरहेको हुन्छ । खेलअभ्यासले शरीरलाई फुर्तिलो तुल्याउँछ । यदि फोटोसेसन र क्याटवाट गरेर राम्रो आम्दानी गर्न सक्छु भने मोडलिङ किन नगर्ने ?

स्पोर्ट्स इलुस्ट्रेटेडका एसोसिएट एडिटर डेइचको विचारमा यदि खेलकुदमा पूर्ण रूपमा समर्पित भएर सफलता पाइरहेका खेलाडीले ग्ल्यमरको क्षेत्रलाई पनि पनि अँगाले भने उनीहरूप्रति दर्शकको ध्यान अझ बढी आकर्षित हुन्छ । अझ त्यस्ता खेलाडीले प्रतियोगितामा सफलता पाए उनीहरूको लोकप्रियता अझ बढ्छ । डेइचको भनाइमा अहिले खेलकुदमा ग्ल्यामर र खेलकुद दुवै छविमा सफल हुन इङ्ल्यान्डका फुटबलर डेभिड बेकह्याम तथा टेनिस खेलाडी मारिया सारापोभा मात्र सफल हुन सकेका छन् । किनकि उनीहरू पहिले सफल खेलाडी हुन् अनि मात्र ग्ल्यामरस व्यक्ति । यदि यी दुवै कुरा कुनै खेलाडीमा समान रूपमा पाइयो भने त्यो खेलाडी ग्लोबल एम्बेसडर नै भैहाल्छ ।



# खेलग्राममा कन्डमको चर्चा

विगत दुई-तीन संस्करणका ओलम्पिक प्रतियोगितादेखि खेलग्राममा कन्डमले सधैं चर्चा पाइरहेको छ । यो क्रममा बेइजिङ ओलम्पिकले कन्डमको चर्चामा अर्को अध्याय थपेको छ । सन् २००० को सिड्नी ओलम्पिकमा सहभागी हुन आएका खेलाडी एवं पदाधिकारीहरूलाई आयोजक समितिले खेलग्राममा प्रतिव्यक्ति ५१ वटा कन्डम वितरण गर्दा अपुग भएपछि थप २० हजार कन्डम वितरण गर्नुपरेको थियो । सिड्नी ओलम्पिकको समयमा खेलग्राममा बढेको कन्डमको खपत बुझेर सन् २००४ को एथेन्स ओलम्पिकमा आयोजक समितिले १ लाख ३० हजार कन्डम निःशुल्क वितरण गरेका थिए ।

बेइजिङ ओलम्पिक प्रतियोगिताका क्रममा खेलाडी बसेको ग्राममा राखिएको कन्डमको विज्ञापनले अहिले चर्चा पाइरहेको छ । स्थानीय कन्डम निर्माता इलासुनले कन्डमलाई ओलम्पिकको खेलसँग जोडेर प्रचार गरिरहेको छ । इलासुनले तयार पारेको विज्ञापनमा कन्डमलाई साइकिलिङ खेलको पाङ्ग्रा, बास्केटबलको नेट, आर्चरीको टार्गेट तथा जिम्न्यास्टिकको रिङ बनाएर प्रचारमा ल्याएको छ ।

आयोजक समितिले यसपटक ओलम्पिक भिलेजमा रहेका खेलाडीहरूलाई यौन मनोरञ्जन होस् भनेर इन्टरनेटको व्यवस्था त गरेको छ नै, त्यसबाहेक यौनसँग सम्बन्धित पुस्तकहरू, निर्वस्त्र तस्बिरहरूको 'ड्इङ बुक अफ द न्युड'जस्ता पुस्तकको बिक्री कक्षसमेत स्थापना गरेको छ । अहिले बेइजिङ ओलम्पिकको खेलग्राममा करिब १६ हजार खेलाडी तथा पदाधिकारी बसोबास गरिरहेका छन् ।

# अमेरिकी स्वीमर पेटा आन्दोलनमा

एथेन्स ओलम्पिकमा स्वर्ण पदक जितेकी अमेरिकी स्वीमर आमन्दा वियर्ड बेइजिङ ओलम्पिकमा पेटा आन्दोलनको सक्रिय कार्यकर्ता भएर प्रस्तुत भएकी छिन् । यसबाट ओलम्पिक आन्दोलनले पहिलो पटक ओलम्पिक प्रतियोगितामा खेलकुद र राजनीतिको घेरा तोडिने विश्वास गरिएको छ, किनकि आमन्दाले पेटा संस्थाका लागि ओलम्पिक प्रतियोगिताका दौरान पहिलो पटक जनावरको छाला प्रयोगविरुद्ध आफूलाई निर्वस्त्र पार्नेछिन् । यसको तयारीस्वरूप उनले पेटा संस्थाको प्रचार-प्रसारका लागि खिचाएको निर्वस्त्र तस्बिर पनि प्रदर्शित गरेकी छिन् । आफ्नो तस्बिर प्रदर्शन गर्ने क्रममा आमन्दाले पत्रकारहरूलाई भनिन्– कुनै जिउँदो जनावरको छाला झिकेर उसलाई छाडियो भने त्यसको पीडा कल्पनाभन्दा बाहिरको हुन्छ ।




आमन्दाले पेटाको समर्थनमा प्रदर्शन गर्ने भएपछि सुरक्षाकर्मीले उनको पत्रकार सम्मेलनलाई सानो बनाउने प्रयास गरेका थिए । 'वाटर क्यूब' पौडी प्रतियोगिता हुने स्थलमा गर्न लागिएको पत्रकार सम्मेलनमा हस्तक्षेप हुने कुरा थाहा पाएपछि उनले प्रतियोगितास्थल अगाडिको सडकमा गएर आफ्नो धारणा व्यक्त गरेकी थिइन् । यो अभियानमा प्रहरीले हस्तक्षेप गरेपछि पेटाको एसिया-प्यासिफिकका निर्देशकले त्यसको विरोध गरेका छन् ।

पेटाले ओलम्पिक प्रतियोगिताको समयमा पत्रकार सम्मेलन गर्ने जानकारी आयोजक समितिलाई अगावै दिए पनि यसरी हस्तक्षेप गर्न नहुने बताए । बेयर्डका अनुसार चीन अहिले जनावरको छालाबाट बनेका पोसाक निर्यात गर्ने राष्ट्रमध्ये अग्रणी स्थानमा छ, जसका कारण पनि चिनियाँ सरकारको ध्यान आकृष्ट गर्न यो अभियान गर्नुपरेको आमन्दाले बताइन् । ओलम्पिक प्रतियोगिता अवधिभर कुनै पनि खेलाडीले राजनैतिक वक्तव्य दिन नपाउने नियम भए पनि यो कुनै पनि देशको राजनीतिसँग सरोकार नराख्ने विषय भएको बताउँदै अमेरिकी पौडीसंघले आमन्दा ओलम्पिक प्रतियोगितामा छनौट हुनुभन्दा अघि नै पेटाको आन्दोलनको कार्यकर्ता रहेका कारण आफूले केही पनि गर्न नसक्ने जनाएको छ ।

# बेइजिङमा अस्वीकृत खेलहरू



**राजु घिसिङ**

विश्वका सर्वाधिक लोकप्रिय खेलहरू समावेश भएकाले ओलम्पिकलाई 'खेलकुदको महाकुम्भ' भनिन्छ । विश्वभरि विभिन्न किसिमका हजारौं खेल खेलिन्छ । त्यसमध्ये अधिकांश देशमा लोकप्रिय खेललाई ग्रीष्मकालीन ओलम्पिकले समेट्दै आएको छ । विश्वभर खेलकुदका खबर, टेलिभिजनका स्क्रिनमा छाइरहेका करोडौं मानिसमा लोकप्रिय यस्ता खेलहरू पनि छन्, जुन ओलम्पिकका अस्वीकृत खेल हुन् ।

करोडौं फ्यान बटुलेको क्रिकेट मात्र होइन, एकल प्रदर्शनीका निम्ति बुद्धिमतापूर्ण खेल गल्फ, रग्बी, कार रेसिङ, बाइक रेसिङ, बुद्धिचालजस्ता लोकप्रिय खेल पनि बेइजिङ ओलम्पिकमा समावेश छैनन् । प्राचीन ओलम्पिकमा एथलेटिक्सका विभिन्न स्पर्धा मात्र समावेश गरिए पनि सन् १८९६ को पहिलो आधुनिक ओलम्पिकमा नौवटा खेलका विभिन्न स्पर्धा खेलाइएको थियो । एथलेटिक्स, सुटिङ, स्वीमिङ, साइक्लिङ, फेन्सिङ, टेनिस, जिम्न्यास्टिक, रेस्लिङ र भारोत्तोलनले पहिलो आधुनिक ओलम्पिकमा अवसर पाएका थिए । चार वर्षअघिको एथेन्स र यसपालिको बेइजिङ ओलम्पिकमा समान २८ वटा खेल समावेश छन् ।

दक्षिण एसियाको सर्वाधिक लोकप्रिय खेल क्रिकेट आफ्नो जन्मस्थल बेलायतका साथै अस्ट्रेलिया र केही अफ्रिकी देशमा पनि लोकप्रिय छ । युरोप र अमेरिकामा बिस्तारै लोकप्रियता पाउँदै गएको क्रिकेटका निम्ति करोडौं फ्यान मरिहत्ते गर्छन् । एसियामै सञ्चालन भैरहेको बेइजिङ ओलम्पिकमा क्रिकेटले स्थान नपाएपछि क्रिकेट फ्यानहरू मात्र नभै खेलाडी, प्रशिक्षक एवं अधिकारीहरू पनि निराश छन् । दक्षिण अफ्रिकी कप्तान ग्रेम स्मिथले अबको ओलम्पिकमा क्रिकेटलाई समावेश गर्न अहिलेदेखि नै लबिङ सुरु गर्नुपर्ने बताएका छन् ।

क्रिकेटको नयाँ संस्करण 'ट्वान्टी-२०' प्रतियोगिता ओलम्पिकमा समावेश गर्न योग्य भएको स्मिथको धारणा छ । छोटो समयमै लोकप्रिय बनेको ट्वान्टी-२० क्रिकेट करिब ३ घण्टा अवधिमै म्याच सकिने भएकाले ओलम्पिकमा समावेश गर्न योग्य भएको विश्लेषकहरू बताउँछन् । नतिजाका निम्ति लामो समय कुर्नुपर्ने भएकाले नै विगतका ओलम्पिकमा क्रिकेट अस्वीकृत भएको हो । अहिलेसम्मको इतिहासमा फ्रान्समा सम्पन्न सन् १९०० को पेरिस ओलम्पिकमा क्रिकेट खेलाइएको थियो ।

युरोपमा फुटबलपछाडि गल्फ सर्वाधिक लोकप्रिय खेल मानिन्छ । सन् १९०० र १९०४ को ओलम्पिकमा गल्फ समावेश गरिए पनि त्यसयता यसले कहिल्यै अवसर पाएको छैन । गल्फलाई समावेश नगरिएकाले टाइगर उडजस्ता महान् खेलाडीको ओलम्पिक अनुभव गर्ने लक्ष्य कल्पनामै सीमित भएको छ । बेलायत, फिजी, अस्ट्रेलिया, न्युजिल्यान्ड तथा त्यसवरिपरिका देशहरूमा रग्बी लोकप्रिय खेल हो । चारपल्ट समावेश गरिएको रग्बीले सन् १९२४ यताको ओलम्पिकमा अवसर पाएको छैन । युरोप र अमेरिकालगायत अन्य महादेशका विकसित मुलुकहरूमा लोकप्रिय कार रेसिङ तथा मोटरसाइकल रेसिङले ओलम्पिकमा कहिल्यै प्रवेश पाएको छैन ।

बुद्धिचाल पनि अहिलेसम्म ओलम्पिकबाट टाढै छ । कुल ४३ वटा खेल मात्र ओलम्पिकमा समावेश गरिएको छ । ओलम्पिकमा कुन-कुन खेल समावेश गर्ने भन्ने निर्णय अन्तर्राष्ट्रिय ओलम्पिक कमिटीले गर्छ । एथलेटिक्स, जिम्न्यास्टिक, फेन्सिङ, साइक्लिङ र स्वीमिङले मात्र ओलम्पिकका सबै २९ वटै संस्करणमा अवसर पाएका छन् । विगतका ओलम्पिक संस्करणमा सामेल पोलो, ऱ्याकेट्स, रक, बस्क पेलोटा, रग्बी, क्रिकेट, क्रोक्वेट, टग अफ वार र गल्फको स्वाद बेइजिङ ओलम्पिकमा लिन पाइँदैन ।

टग अफ वार अर्थात् डोरी तान्ने खेल विगतका ६ वटा ओलम्पिकमा खेलाइएको थियो । सन् १९०० देखि १९२० सम्म निरन्तर सामेल डोरी तान्ने खेलले त्यसपछिका ओलम्पिकमा कहिल्यै अवसर पाएन । घोडामा चढेर खेलिने पोलो ५ वटा ओलम्पिकमा खेलाइए पनि सन् १९३६ यता समावेश गरिएको छैन । विगतका ओलम्पिकमा ऱ्याकेट्स, क्रिकेट, क्रोक्वेट र रकले समान एक-एकपल्ट अवसर पाएका थिए । विगतमा बस्क पेलोटा र रग्बी समान ४-४ पल्ट तथा गल्फ २ पल्टको ओलम्पिकमा सामेल भए । सबैभन्दा कान्छो खेलका रूपमा तेक्वान्दो र ट्रायथलनले ८ वर्षअघि ओलम्पिकमा प्रवेश पाएका हुन् ।





# नेपाली खेलाडीहरूको निराशाजनक प्रदर्शन

काठमाडौं- बेइजिङ ओलम्पिकमा नेपाली खेलाडीहरूले सोचेअनुसारको प्रदर्शन गर्न सकेका छैनन् । अधिकांश खेलाडी वाइल्ड कार्ड पाएर बेइजिङ ओलम्पिकमा छनौट भएका कारण उनीहरूको लक्ष्य भनेकै राष्ट्रिय कीर्तिमान भङ्ग गर्ने थियो । बुधबारसम्म नेपालका तीन जना खेलाडीले ओलम्पिकमा आ-आफ्नो खेलमा प्रतिस्पर्धा गरिसकेका छन् । सुटिङ खेलको १० मिटर एयर राइफलमा फूलमाया क्याप्छाकी, भारोत्तोलनको ६९ किलोग्राम तौल समूहमा कमलबहादुर अधिकारी र जुडोमा महिलाको ६३ किलोग्राम तौल समूहमा देवु थापाले प्रतिस्पर्धा गरेका छन् ।

बेइजिङ ओलम्पिकका लागि वाइल्ड कार्डमार्फत छनौट भएकी फूलमाया क्याप्छाकीले बन्द शिविरको प्रशिक्षणमा राष्ट्रिय कीर्तिमान भङ्ग गरेकी थिइन् । भगवती कार्कीले उक्त स्पर्धामा राखेको ३ सय ८८ स्कोरको राष्ट्रिय कीर्तिमानलाई भङ्ग गर्दै फूलमायाले ३ सय ९० स्कोर गरेकी थिइन् तर बेइजिङ ओलम्पिकको प्रतिस्पर्धामा भने उनले आफूले प्रशिक्षणको समयमा बनाएको स्कोरसमेत बनाउन सकिनन् । ४७ जना महिला प्रतिस्पर्धीले सहभागिता गरेको उक्त स्पर्धामा फूलमायाले ३ सय ८० स्कोर मात्र कायम गर्न सकेकी थिइन् । यो स्पर्धामा फूलमायाले तुर्कमेनिस्तानकी खेलाडीलाई ४ अंकले पछि पारी ४६ औं स्थानमा चित्त बुझाएकी थिइन् । दोहामा भएको एसियाली खेलकुद प्रतियोगितामा पनि ३ सय ८० स्कोर गर्न सफल फूलमायाले ओलम्पिकमा सुधार गर्ने बताएकी थिइन् । उनले आफू ओलम्पिकमा प्रतिस्पर्धा गर्दा बढी हतोत्साही भएर छनौट चरणबाट बाहिरिनुपरेको बताइन्, तर उनले आफूले ओलम्पिकजस्तो प्रतियोगितामा सुधार गर्न नसके पनि आफ्नो स्तरलाई खस्किन नदिएको बताइन् ।

बेइजिङ ओलम्पिकका लागि सबैभन्दा पछिल्लो पटक वाइल्ड कार्ड पाएका भारोत्तोलन खेलाडी कमलबहादुर अधिकारीले भने आफ्नो स्तरमा सुधार गर्न सफल भएका छन् । आफूले प्रतिस्पर्धा गर्ने ६९ किलोग्राम तौल समूहमा पटक-पटक गरी २२ पटक राष्ट्रिय कीर्तिमान भङ्ग गर्दै आएका कमलले बेइजिङ ओलम्पिकमा समेत आफ्नो पछिल्लो राष्ट्रिय कीर्तिमान् भङ्ग गरे । १० औं सागमा स्वर्ण पदक जित्दा कमलले स्न्याचतर्फ १ सय १३ किलोग्राम र क्लिन एन्ड जर्कतर्फ १ सय ५३ किलोग्रामसहित कुल २ सय ६६ किलोग्रामको राष्ट्रिय कीर्तिमान कायम गरेका थिए । कमलले बेइजिङ ओलम्पिकमा स्न्याचतर्फ १ सय १४ किलोग्राम र क्लिन एन्ड जर्कमा १ सय ५४ सहित कुल २ सय ६८ किलाग्राम उचाली नयाँ राष्ट्रिय कीर्तिमान कायम गरेका छन् । बेइजिङ ओलम्पिकका लागि छोटो समयको प्रशिक्षण गरे पनि आफूले राष्ट्रिय कीर्तिमान भङ्ग गर्ने आशा राखेको कमलले बताएका थिए ।

त्यसै गरी जुडोतर्फ महिलाहरूको ६३ किलोग्राम तौलसमूहमा वाइल्ड कार्डमार्फत बेइजिङ ओलम्पिकमा सहभागिता गरेकी देवु थापा पनि पराजित भएकी छिन् । स्पर्धाको दोस्रो चरणमा चाइनिज ताइपेईकी वाङ चिन फाङबाट २२ सेकेन्डमै पराजित भएकी देवु थापाले पहिलो चरणमा बाई पाएकी थिइन् ।

